## परिच्छेद - एक

# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक ***आगत* उपन्यासको परिवेशको अध्ययन** रहेको छ ।

### १.२. शोधप्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको परिपूर्ति गर्नु रहेको छ ।

### १.३. विषयपरिचय

आख्यानमा पात्र र कथानकको प्रस्तुतिका लागि आवश्यक आधारभूमि परिवेश हो (बराल, २०६३:५४) । परिवेशभित्र समय र स्थान पर्दछन् । यसबाहेक सामाजिक रीतिरिवाज, रहनसहन, संस्कृति आदि पनि परिवेशअन्तर्गत पर्दछन् । यथार्थ समय र स्थानको सिर्जनाले घटना र पात्रमा सजीवता आउँछ भने पाठकले घटनाप्रति विश्वास गर्छ ।

भवानी भिक्षुको **आगत** उपन्यास वि.सं. २०३२ सालको मदन पुरस्कार प्राप्त गर्न सफल विशालकाय उपन्यास हो । **आगत** उपन्यासमा मूल कार्यस्थलका रूपमा गोसाइँपुर, काठमाडौँ र बनारस आएका छन् । यसका अतिरिक्त लखनऊ, विराटनगर,

दाङ, नेपालगञ्ज, कलकत्ता आदि स्थानहरू पनि आएका छन् । यस उपन्यासले ९७ सालको उग्र दमनपछि जन्मिएको भय र अनिश्चितताभित्रको जीवनलाई प्रस्तुतिको केन्द्र बनाएको छ । यसमा गोसाइँपुरका शर्मा परिवारको पारिवारिक संस्कार, रहनसहन, धर्मप्रतिको विश्वास आदिका चर्चा प्रस्तुत छन् । समग्र तत्त्वका आधारमा कृतिको अध्ययन, विश्लेषण हुने गरे तापनि कुनै एक तत्त्वमा आधारित भई अध्ययन भएको छैन । त्यसैले उपन्यासको एक तत्त्व परिवेशमा आधारित भई **आगत**को अध्ययन गरिएको हो ।

## १.४. समस्याकथन

प्रस्तुत शोध **आगत** उपन्यासको परिवेशमा केन्द्रित भएको हुनाले यसका समस्याहरू यसप्रकार रहेका छन् :

क) **आगत** उपन्यासले कुन समयवृत्तको जीवनगाथालाई समेटेको छ ?

ख) **आगत** उपन्यासको परिवेश केकस्तो छ ?

ग) **आगत** उपन्यासका विभिन्न पक्षसित परिवेशको केकस्तो सम्बन्ध रहेको छ ?

## १.५. शोधका उद्देश्यहरू

प्रस्तुत शोधका लागि **आगत** उपन्यासको परिवेशसित सम्बन्धित उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) **आगत** उपन्यासले समेटेको समयवृत्तको जीवनगाथालाई विश्लेषण गर्ने,

ख) **आगत** उपन्यासको परिवेशको विश्लेषण गर्ने,

ग)  **आगत** उपन्यासका विभिन्न पक्षसित परिवेशको सम्बन्ध केलाउने ।

## १.६. पूर्वकार्यको समीक्षा

भवानी भिक्षुको **आगत** उपन्यासको अध्ययन, विश्लेषण र मूल्याङ्कनका साथै परिवेशको सामान्य चर्चा विभिन्न समयका विद्वान्हरूले गरेका छन् । तिनको सङ्क्षिप्त विवरण कालक्रमअनुसार तल प्रस्तुत गरिन्छ :

ईश्वर बराल (२०४२) ले ध.च.गोतामेको **यहाँदेखि त्यहाँसम्म** उपन्यासको "नेपाली आञ्चलिक उपन्यास औ 'यहाँदेखि त्यहाँसम्म' शीर्षकको भूमिकामा **आगत**लाई आञ्चलिक उपन्यासका क्रममा राखी सामान्य चर्चा गरेका छन् ।

तेजप्रसाद पौडेल (२०४७) ले 'उपन्यासकार भवानी भिक्षुका औपन्यासिक कृतिहरूको विश्लेषण' शीर्षकको शोधमा **आगत**को परिवेशको सामान्य विश्लेषण गरेका छन् ।

रमेश भट्टराई (२०४९) ले **उन्नयन** पत्रिकाको भिक्षु विशेषाङ्कको 'उपन्यासकार भवानी भिक्षु र उनको **आगत** उपन्यास' शीर्षकको अनुसन्धानात्मक लेखमा **आगत** उपन्यासको आञ्चलिक पक्षका बारेमा विश्लेषण गरेका छन् ।

गङ्गाप्रसाद उप्रेती (२०४९) ले **उन्नयन** पत्रिकाको भिक्षु विशेषाङ्कमा प्रकाशित '**आगत**को परिवेश र भिक्षुको औपन्यासिकता' शीर्षक समालोचनात्मक लेखमा विस्तृत रूपमा **आगत**को परिवेशको विश्लेषण गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटम (२०५६) ले **उपन्यास–सिद्धान्त र नेपाली उपन्यास** नामक समालोचनाग्रन्थमा आगत उपन्यासको सङ्क्षिप्त चर्चा गर्दै यसको परिवेश तराईको जनजीवनमा आधारित भएकाले यसलाई आंशिक रूपको आञ्चलिक उपन्यास मानेका छन् ।

धनप्रसाद सुवेदी (२०५६) ले **नेपाली उपन्यासमा आञ्चलिकता** नामक पुस्तकमा **आगत**मा आञ्चलिक पृष्ठभूमि भए पनि यो पूर्ण आञ्चलिक उपन्यास हुन सकेको छैन भनी **आगत** उपन्यासको चर्चा गरेका छन् ।

दीपकप्रसाद गौतम (२०५८) ले '**आगत** उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको शोधमा **आगत** उपन्यास विशेषतः ग्रामीण वातावरण र अंशतः सहरिया वातावरणमा केन्द्रित छ भन्ने कुरा उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदी (२०६४) ले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** नामक पुस्तकमा **आगत**मा प्रयुक्त परिवेशबारे समीक्षा गरेका छन् । उनले यसको आदर्शवादी प्रवृत्ति देखाउँदै विषय, पात्र, भाषा र परिवेशमा आञ्चलितकता पाइने कुरा बताएका छन् ।

ऋषिराज बराल (२०६४) ले **साहित्य र समाज** पुस्तकको 'आञ्चलिकता, स्थानीय रङ्ग र नेपाली उपन्यास' शीर्षकको समालोचनामा **आगत**लाई आञ्चलिक उपन्यासका रूपमा चर्चा गरेका छन् ।

यसरी उल्लिखित सामान्य प्रयासहरू भए पनि **आगत** उपन्यासको परिवेशको विस्तृत चर्चा र अध्ययन भएको छैन । यही अभावपूर्ति गर्ने उद्देश्यले यस शोधमा **आगत** उपन्यासको परिवेशको विस्तृत अध्ययन र सूक्ष्म विश्लेषण गरिएको छ ।

## १.७. अध्ययनको औचित्य र महत्त्व

वि.सं. २०३२ सालमा प्रकाशित **आगत** उपन्यासमा २००७ साल पूर्वको राणाकालीन जमिनदारी समाजको परिवेश र क्रान्तिको सम्भावनालाई देखाइएको छ । **आगत** उपन्यासको सम्बन्धमा जे जति अध्ययन, विश्लेषण र मूल्याङ्कन भए पनि परिवेशमा केन्द्रित भई विश्लेषण गरिएको पाइँदैन । त्यसैले **आगत** उपन्यासको परिवेशको विश्लेषण गर्नु यस अध्ययनको औचित्य रहेको छ । यस शोधमा परिवेशको

विस्तृत अध्ययन गरिएकाले यस विषयमा अध्ययन गर्न चाहने अध्येताहरूले थप ज्ञान प्राप्त गर्न सक्छन् । यसै गरी कुनै पनि कृतिको परिवेशको अध्ययन गर्न चाहने शोधार्थीले सामान्य मार्गनिर्देश प्राप्त गर्छन् । नेपालीमा उपन्यासलाई समग्र तत्त्वका आधारमा विश्लेषण गर्ने परम्परा रहेको छ र कुनै एक तत्त्वमा केन्द्रित भई अध्ययन गर्ने प्रवृत्ति खासै नभएकाले **आगत**लाई परिवेश तत्त्वका आधारमा मात्रै अध्ययन गर्नु यस शोधको औचित्य र महत्त्व रहेको छ ।

## १.८. शोधको सीमाङ्कन

भवानी भिक्षुका **आगत** उपन्याससहित **सुभद्रा बज्यै, पाइप नं**. २ र **सुन्तली** गरी चारओटा उपन्यासहरू रहेका छन् । यिनीहरूको सामान्य चर्चा गर्नुका साथै उपन्यासका प्रमुख तत्त्वको आधारमा **आगत**को विश्लेषण गरी मुख्यतः परिवेशमा केन्द्रित रहेको छ ।

## १.९. सामग्रीसङ्कलन र शोधविधि

यस शोध लेखनमा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त विभिन्न विद्वान्हरूका लेख, पुस्तक आदिलाई सामग्रीका रूपमा उपयोग गरिएको छ । औपन्यासिक तत्त्वका आधारमा **आगत** उपन्यासको परिवेशको विश्लेषणात्मक र वर्णनात्मक पद्धतिद्वारा अध्ययन गरिएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

'**आगत** उपन्यासको परिवेशको अध्ययन' शीर्षक शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : भवानी भिक्षुको औपन्यासिक यात्रा र **आगत** उपन्यासको परिचय

परिच्छेद तीन : **आगत** उपन्यासको परिवेशको विश्लेषण

परिच्छेद चार : **आगत** उपन्यासको परिवेशसँग विभिन्न पक्षको संयोजनको मूल्याङ्कन

परिच्छेद पाँच : शोधनिष्कर्ष

सन्दर्भसामग्री

## परिच्छेद – दुई

# भवानी भिक्षुको औपन्यासिक यात्रा र *आगत* उपन्यासको परिचय

### २.१. आख्यानकार भवानी भिक्षुको परिचय

### २.१.१ जन्म

भवानी भिक्षुको जन्म वि.सं. १९६६ साल जेठ २१ गते वृहस्पतिवारका दिन वर्तमान लुम्बिनी अञ्चलमा पर्ने कपिलवस्तु जिल्लाको तौलिहवा नगरमा भएको हो । यिनको जन्ममितिको बारेमा विद्वान्हरूबीच मतभेद रहेको छ । अच्युतरमण अधिकारीले भिक्षुको जम्मपत्रिकासमेत समावेश गरी जन्ममिति १९६६ जेठ २१ गते वृहस्पतिवार, तिथिअनुसार जेष्ठ शुक्ल चतुर्दशी तिथि समाप्त भएर पूर्णिमा लागेका दिन हो भनी प्रमाणित गरेकाले यही मतलाई आधिकारिक मान्नुपर्ने हुन्छ (२०४९ : ४५४) ।

भवानी भिक्षुका पिताको नाम इन्द्रप्रसाद गुप्ता र माताको नाम यशोदादेवी हो । इन्द्रप्रसाद र यशोदादेवीबाट भिक्षु जन्मिनु अघि उनका दाजु त्रिवेणी जन्मिसकेका थिए । त्रिवेणीको जन्मिएको तीन वर्षभित्रै मृत्यु भएकाले भिक्षु जन्मले माहिला भए पनि कर्मले चाहिँ जेठा हुन पुगे । भिक्षुपछि लालमोहन, मखनलाल र मदन नाम गरेका तीन भाइ तथा गिरिधर नाम गरेकी एक बहिनीले जन्म लिएका थिए (भण्डारी, २०५१:क) । भवानी भिक्षुको न्वारनको नाम नोहरराम गुप्ता  थियो । उनी जन्मिएको केही वर्षपछि बिफर रोगबाट आक्रान्त भएर मरणासन्न अवस्थामा पुगेका थिए । उनकी आमा यशोदादेवीले माता भवानी शीतलादेवीसँग भिक्षा मागेर उनलाई बचाएकी

हुन् । त्यसपछि उनी भिक्षा, भिख आदि नामबाट सम्बोधित हुँदै जाँदा आफैँले भवानी भिक्षु लेख्न थाले (पौडेल, २०४७:३५) । उनी औपचारिक रूपले भवानीप्रसाद गुप्ताका नामले परिचित छन् ।

### २.१.२ शिक्षा

भवानी भिक्षुको बाल्यकाल सामान्य सुखदुःखको अवस्थामा नै बित्यो । त्यतिबेलाको चलनअनुसार पढ्ने उमेर भएपछि घरमै शिक्षक राखेर पढाइन्थ्यो । भिक्षुलाई पढाउन पनि भारतीय शिक्षक मुक्तनाथ कान्दुलाई नियुक्त गरियो । यिनै शिक्षकको सहयोगमा भिक्षुले घरमै प्रारम्भिक शिक्षा हासिल गरे । त्यसपछि भारतको बस्ती भन्ने ठाउँमा गई नौ कक्षासम्मको शिक्षा हासिल गरे । नौ कक्षासम्मको अध्ययन पूरा गरी फर्केपछि घरमै स्वाध्ययनमा लागे । बाह्रै वर्षको उमेरमा भिक्षुले हिन्दीमा 'कुलभूषण' परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरे (भण्डारी, २०५१:ख) । भिक्षुको औपचारिक शिक्षा यतिमै सीमित रह्यो तर उनले आफ्नो अध्ययनप्रतिको रुचिले गर्दा विभिन्न भाषाका साहित्यको अध्ययन गरी आफ्नो ज्ञान भण्डारको वृद्धि गरे ।

### २.१.३ प्रेरणा र प्रभाव

अध्ययनशील स्वभाव भएका पशुपतिप्रताप पुरीले भिक्षुलाई साहित्यतिर लाग्न प्रेरित गरेका थिए । पुरी सम्पन्न परिवारका सदस्य भएकाले आफूलाई पढ्न मन लागेका पुस्तकहरू किनेर ल्याउँथे । ती पुस्तकहरू भिक्षु रुचिका साथ पढ्थे । ती पुस्तकहरूको अध्ययन गर्दै जाने क्रममा भिक्षुमा पुस्तक पढ्ने भोक झन् तीव्र हुँदै गयो । पशुपतिप्रताप पुरीले सङ्कलन गरेका हिन्दी, अङ्ग्रेजी, बङ्गला, उर्दू आदि भाषाका अनमोल ग्रन्थहरू भिक्षुले अध्ययन गर्दै गए । वि.सं. १९९३ आश्विन शुक्ल द्वादशीका दिन पशुपतिप्रताप पुरीले तौलिहवामा पुस्तकालय स्थापना गरिदिए । यसबाट अध्ययनप्रेमी भिक्षु अझ लाभान्वित भए । यसक्रममा भिक्षुले प्रेमचन्द,

शरद्चन्द्र, बङ्किमचन्द्र, चेखव, गोर्की, गाल्सवर्दी, एडगर एलेन पो, दोस्तोएभ्स्की, मोपासाँ, देवकोटा, बाल्जाक, सार्त्र, जोला, कोइराला, सम आदिका कृतिहरूको रसास्वादन गर्ने अवसर पाए । यी कृतिहरूको अध्ययनले उनमा साहित्य लेखनका शैली, चेतना, स्तर र कलाप्रस्तुतिको सीप विकसित हुन थालेको थियो (भण्डारी, २०५१:ग) । विविध भाषाका साहित्य, विषयवस्तु, कला र ज्ञानको आधिक्यले भिक्षुमा पनि लेखकीय महत्त्वाकाङ्क्षा जागृत हुन पुग्यो ।

भवानी भिक्षु सानै उमेरदेखि संवेदनशील, एकान्तप्रिय, भावुक तथा सूक्ष्मदर्शी स्वभावका थिए । हिन्दी भाषाका कथा, कविता पढी साहित्यतर्फ झुकाव राखेका भिक्षुले दस वर्षको उमेरदेखि कविता लेख्न थाले (पौडेल, २०४७:३६) । मुद्दा मामिलाका क्रममा भवानी भिक्षु सर्वप्रथम वि.सं. १९८७ मा काठमाडौँ आएका थिए । त्यसपछि बराबर काठमाडौँ आउने क्रममा **गोरखापत्र**का तत्कालीन सम्पादक प्रेमराज शर्मा, सिद्धिचरण श्रेष्ठ र **शारदा**का सम्पादक सुब्बा ऋद्धिबहादुर मल्लसँग सम्पर्क भयो । साहित्यप्रति रुचि राख्ने र हिन्दी भाषामा लेख्न मन पराउने भिक्षुलाई ऋद्धिबहादुर मल्लले नेपाली भाषामा लेख्न अभिप्रेरित गरे  (भण्डारी, २०५१:घ) ।

## २.१.४ साहित्यमा प्रवेश

विभिन्न किसिमका पुस्तकहरूको अध्ययन गर्ने क्रममा भवानी भिक्षुमा साहित्यप्रति रुचि जागृत हुँदै गयो । यिनले सानै उमेरदेखि हिन्दी भाषामा कविता लेख्न थाले । काठमाडौँ आउनेजाने क्रममा ऋद्धिबहादुर मल्लसँग परिचित भएपछि अवधि भाषी भिक्षुले नेपाली भाषामा लेख्न थाले । भिक्षुले वि.सं. १९९३ मा हिन्दीमा लेखेको 'आलोचक र आलोचना' शीर्षकको लेख ऋद्धिबहादुर मल्लले नेपालीमा अनुवाद गरी **शारदा** (२/९, १९९३) मा प्रकाशित गराए । यही लेख नै भिक्षुको नेपालीमा छापिएको पहिलो रचना हो । यसपछि **शारदा** (२/१०, १९९३) मा 'वियोगरात्रि' शीर्षकको गद्य कविता प्रकाशित भयो (भण्डारी, २०५१:ङ) । यसरी

भिक्षुलाई नेपाली भाषामा सिर्जना गर्ने जाँगर चल्दै गयो । यिनले वि.सं. १९९३ मा पहिलो कथा 'मानव' शीर्षकमा रचे । यो कथा वि.सं. १९९५ को **शारदा** (४/६) मा प्रकाशित भयो (भण्डारी, २०५१:ङ) । यसरी लेख, कविता र कथा सिर्जनामा ख्याति कमाएको निकै समयपछि मात्र भिक्षु उपन्यास लेखनतिर लागेको  पाइन्छ ।

### २.१.५ साहित्यिक कृतिहरू

भवानी भिक्षुले कविता, कथा, निबन्ध, एकाङ्की एवम् उपन्यास विधामा आफ्नो कलम चलाएका छन् । यी विविध साहित्यिक विधामध्ये आख्यानका क्षेत्रमा उनको महत्त्वपूर्ण योगदान रहेको छ । त्यसपछिको उल्लेख्य क्षेत्र कविता हो भने निबन्ध र एकाङ्कीमा नगण्य योगदान रहेको छ । भिक्षुका कविता, कथा र उपन्यासका कृति प्रकाशित छन् । उनको निबन्ध सङ्ग्रह प्रकाशित छैन । ती विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित छन् । एकाङ्कीको क्षेत्रमा भिक्षुको एक मात्र रचना 'पर्दापछाडि' शीर्षकमा प्रकाशित छ । यिनले 'भिक्टर ह्युगोको प्रेमकथा' नेपालीमा अनुवाद गरेका छन् (अधिकारी, २०४९: ४५९) । भिक्षुका प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित छन् :

**कवितासङ्ग्रह**

**छाया** (२०१७)

**प्रकाश** (२०१७)

**परिष्कार** (२०१७)

**कथासङ्ग्रह**

**गुनकेशरी** (२०१७)

**मैयाँसाहेब** (२०१७)

**आवर्त** (२०२४)

**अवान्तर** (२०३४)

**उपन्यास**

**सुभद्रा बज्यै** (२०१९)

**आगत** (२०३२)

**पाइप नं. २** (२०३४)

**सुन्तली** (२०४०)

यी कृतिहरूमार्फत् भवानी भिक्षु नेपाली साहित्य परम्परामा आफ्नो स्थान बनाउन सफल भएका हुन् ।

## २.१.६ साहित्यिक योगदान तथा पुरस्कार

साहित्यका विविध विधामा कलम चलाएका भवानी भिक्षुले नेपाली भाषा-साहित्यका लागि महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनले विभिन्न साहित्यिक पत्रिकाको सम्पादन कार्य गरेका छन् । वि.सं. १९९७ देखि वि.सं. २००२ सम्म उनले **शारदा** पत्रिकाको केही अङ्कमा सम्पादक भएर काम गरे फेरि २००६ सालमा २/३ अङ्कसम्म सम्पादन गरे (अधिकारी, २०४९:४५७) । यस अवधिमा उनले साहित्यमा नदेखिएका विभिन्न विधा, उपविधाको थालनी गराए । कविता विधामा छायावादी शैलीको अवलम्बन भयो । यसरी स्वदेश तथा विदेशमा समेत **शारदा**लाई लोकप्रिय बनाउने कार्यमा भिक्षुको योगदान सहायक सिद्ध भयो । भिक्षुले वि.सं. २००८ देखि २०१३ सम्म प्रचार विभागका अतिरिक्त निर्देशक भई कार्य गरे (अधिकारी, २०४९:४५७) । उनले २०१३-१४ सालका बीच तत्कालीन **धरती** पत्रिकाका सह-सम्पादक भएर कार्य गरे (त्रिपाठी, २०४९:३५३) । वि.सं. २०१४ मा ने.रा.प्र.प्र.को स्थापना भएदेखि उनी सदस्यमा नियुक्त भए । एकेडेमीमा भिक्षुलाई साहित्य विभागको संयोजक बनाइएकाले उनले देश विदेशमा साहित्य सम्पर्क समितिहरू गठन गरे । वि.सं. २०१४ देखि २०२७ सम्म ने.रा.प्र.प्र.का सक्रिय सदस्य पदमा

रहेका भिक्षु त्यसपछि आजीवन सदस्य बन्न पुगे (भण्डारी, २०५१:झ) भिक्षुले 'सम्पर्क समिति परियोजना : एक परिचय' र **बिहान** पत्रिकाको पनि सम्पादक भएर कार्य गरे (भण्डारी, २०५१:झ) ।

नेपाली भाषासाहित्यको उत्थान र विकासमा निरन्तर रूपमा आफ्नो जीवनभर लागेका भवानी भिक्षु समयसमयमा पुरस्कृत र सम्मानित भएका छन् । भिक्षुको **आगत** उपन्यासका लागि वि.सं. २०३२ को मदन पुरस्कार र साझा पुरस्कार दिइएको थियो । भिक्षुलाई तत्कालीन समयमा विभिन्न साहित्यिक गतिविधिमा संलग्न रहेकाले उनको समग्र साहित्यिक योगदानको मूल्याङ्कन गर्दै ने.रा.प्र.प्र.ले वि.सं. २०३६ मा त्रिभुवन प्रज्ञा पुरस्कार प्रदान गरी सम्मान गऱ्यो । दार्जिलिङमा भएको साहित्यिक भेलाले भिक्षुलाई अभिनन्दन पत्र, मानपत्र तथा आदर पत्र प्रदान गरेको थियो ( भण्डारी, २०५१:झ) ।

### २.१.७ पारिवारिक जीवन

भवानी भिक्षुको पारिवारिक जीवन असफल र कारूणिक रहेको देखिन्छ । यिनको सानै उमेरमा बालविवाह भएको थियो, तर उक्त विवाह स्थायी हुन नसकी बीचैमा भङ्ग भएको थियो । त्यसपछि दोस्रो विवाह वि.सं. २००५ मा गरे । यो सम्बन्ध पनि वि.सं. २००९ भन्दा अघि बढ्न सकेन अर्थात् दोस्री पत्नीको निधन भएकाले भिक्षु विधुर भएका थिए (त्रिपाठी, २०४९:३४७) । यसरी भिक्षुले मानवीय प्रबल जीवनरागका विसङ्गति र व्यथा-वेदनालाई भोग्नु पऱ्यो । दुबै पत्नीले छोडेर गएपछि भिक्षु काठमाडौँ आएर बस्न थाले । यही क्रममा यिनका घरमा काम गर्न बसेकी सावित्री नाम गरेकी युवतीसँगको सम्पर्कबाट एउटा पुत्रको जन्म भयो भन्ने एक थरी मत छ । भिक्षुबाट नभई उनका भतिजो स्वतन्त्रकुमारबाट सावित्रीको पुत्र भएको हो भन्ने अभिमत अर्को थरीको छ (भण्डारी, २०५१:ञ) । भिक्षुले सावित्रीबाट जन्मिएको पुत्रलाई नाति भन्ने गरेकोबाट भिक्षु निःसन्तान नै थिए कि भन्ने शङ्का

पनि प्रबल देखिन्छ (भण्डारी, २०५१:ट) । भिक्षुले आफू स्वस्थ हुँदा नै आफ्ना सम्पूर्ण सम्पत्ति, लेखकीय आम्दानी, पुस्तकालय आदि सबैको उत्तराधिकार सावित्री र उनका छोरामा जाने प्रबन्ध मिलाइदिएकोबाट सावित्रीको छोरो नै भिक्षुको पनि छोरो भएको जानकारी पाइन्छ । यसरी भिक्षुको साहित्यिक जीवन उत्कृष्ट भए तापनि पारिवारिक जीवन भनेसन्तान हुँदाहुँदै पनि आशङ्काले भरिएको हुनाले असन्तुष्ट भएर नै बितेको देखिन्छ ।

### २.१.८ देहावसान

भवानी भिक्षु जन्मेका केही वर्षमै बिफर रोगबाट ग्रसित भएका थिए । यसरी बाल्यकालमा बिफर रोगबाट ग्रसित भएर छुटकारा पाई जीवन निर्वाह गर्ने क्रममा उनको व्यक्तिगत जीवन भने कारुणिक रह्यो । उनी वि.सं. २०३१ देखि रोगग्रस्त हुन पुगे । त्यसैले वि.सं. २०३२ को मदन पुरस्कार वि.सं. २०३३ कात्तिक ४ गते प्रदान गरिएको थियो (भण्डारी, २०५१:ञ) । त्यतिबेला उनको गलाको शल्यक्रिया गरिएकाले विजेताको प्रत्युत्तर भाषण समेत गर्न सकेनन् । त्यसपछि भिक्षुलाई फोक्साको क्यान्सर भयो । यही रोगका कारण भिक्षुको वि.सं. २०३८ वैशाख ४ गते शनिवार अपरान्हका समयमा हिन्दूहरूको पवित्र तीर्थस्थल पशुपति आर्यघाटमा देहावसान भयो (भण्डारी, २०५१:ञ) । मृत्यु हुँदा भिक्षु ७१ वर्ष १० महिना १३ दिनका थिए ।

## २.२ भिक्षुको औपन्यासिक यात्रा

वि.सं. १९९३ देखि नेपाली साहित्यमा आफ्नो कला प्रदर्शन गर्न थालेका भिक्षु कथा सिर्जना गरी सफलता हासिल गरेपछि औपन्यासिक क्षेत्रमा प्रवेश गरेका हुन् । कथाले जीवनको कुनै एक पक्षको मात्र चित्रण गरेको हुन्छ भने उपन्यास जीवनको समग्र पक्षको चित्रण गर्न सक्षम हुन्छ । यही उद्देश्यले भिक्षु उपन्यास क्षेत्रमा लागेका

हुन् । कथा सिर्जनाको लामो अभ्यास र परिष्कृतता हासिल गरिसकेपछि उपन्यास सिर्जनामा प्रवेश गर्दा नेपाली उपन्यासमा विभिन्न धारा र प्रवृत्तिहरू जन्मिसकेका थिए । त्यसैले यिनले उपन्यासका माध्यमबाट नयाँ धारा र प्रवृत्तिको जन्म नदिई बरु स्थापित मान्यतालाई नै उचाइ प्रदान गरेका छन् ।

कथा, निबन्ध, कविता आदि विधामा कलम चलाएर पर्याप्त अनुभव र वैशिष्ट्य हासिल गरिसकेपछि भिक्षु अन्ततः उपन्यास विधामा हात हाल्न पुगे । वि.सं. २०१९ मा भिक्षुको **सुभद्रा बज्यै** लघु उपन्यास प्रकाशित भयो । यो भिक्षुको पहिलो उपन्यास हो । यसैक्रममा लामो अनुभव र कठिन परिश्रमपछि भिक्षुले वि.सं. २०३२ मा **आगत** जस्तो बृहत् आयामको कृति प्रकाशित गरे । यस उपन्यासले भिक्षुलाई नेपाली उपन्यास परम्परामा सफल उपन्यासकारका रूपमा स्थापित गरायो । वि.सं. २०३४ सालमा भिक्षुको अर्को लघुउपन्यास **पाइप नं**. २ प्रकाशित भयो । यसै गरी भिक्षुको मृत्युपश्चात् २०४० मा **गरिमा**ले यिनको अप्रकाशित उपन्यास **सुन्तली**को धारावाहिक प्रकाशन गऱ्यो ।

भिक्षुको औपन्यासिक यात्रालाई पूर्वाद्ध (२०१९-२०३२) र उत्तरार्द्ध (२०३३-२०४०) गरी दुई चरणमा विभाजन गरिन्छ । पूर्वाद्ध चरणमा **सुभद्रा बज्यै** र **आगत** उपन्यासलाई राखिन्छ (गौतम, २०५८:१४) । पूर्वाद्ध चरणका उपन्यासहरू आदर्शोन्मुख यथार्थवादी धारामा प्रवाहित भएका छन् । यी दुबै उपन्यास यथार्थ घटनामा आधारित भए पनि आदर्शतिर उन्मुख छन् । यी दुबै उपन्यास सरल र रैखिक ढाँचामा लेखिएका छन् । परिष्कृत भाषाशैली, सम्भ्रान्त परिवारका व्यक्तिलाई प्रमुख पात्रका रूपमा चयन, अनमेल विवाह र यसको परिणाम, परिवारमा नन्द र भाउजूबीचको द्वन्द्व, धर्मप्रतिको अनुराग, सुभद्रा र कान्छी मालिक्नीको उच्च भावना तथा सच्चरित्रता, कारुणिकता आदिका आधारमा यी दुई उपन्यासमा समानता पाइन्छ (गौतम, २०५८:१४) । यसका अतिरिक्त यी उपन्यासमा नारी चरित्रको केन्द्रीयता, विषयवस्तुत साम्यता, शैली शिल्पको नवीन प्रयोग पाइन्छ । यस चरणले भिक्षुको बढी समयलाई ओगट्नुका साथै गुणात्मक दृष्टिले पनि यो सफल रहेको छ ।

उत्तरार्द्ध चरणमा लेखिएका भिक्षुका दुई उपन्यासहरू **पाइप नं**. २ र **सुन्तली** आकारका दृष्टिले लघु रहेका छन् । यी दुई उपन्यास भने फ्रायडीय मनोविश्लेषणवादी धारामा आधारित रहेका छन् । यी दुबै नायिकाप्रधान उपन्यास हुन् । कतिपय सन्दर्भमा शैली-शिल्पगत वैषम्य भए पनि कारुणिकता र नारी चरित्रप्रति सहानुभूति प्रकट गरिएको दृष्टिले यी दुई उपन्यासमा समता देखिन्छ । लेखन समयमा पनि खासै अन्तर नभएकाले यी दुई उपन्यासलाई उत्तरार्द्ध चरणमा राखिएको हो । भिक्षुको उत्तरार्द्ध चरण पूर्वार्द्ध चरणभन्दा कम सशक्त रहेको छ ।

## २.३ 'आगत' उपन्यासको सङ्क्षिप्त परिचय

### २.३.१ 'आगत' उपन्यासको आयाम

भिक्षुले आफ्नो सिर्जना अवधिमा चार उपन्यासहरू लेखेका छन् । तीमध्ये **आगत** बाहेक तीन उपन्यास लघु आकारका रहेका छन् । **आगत** भने बृहत् आकारको महागाथात्मक उपन्यास बन्न पुगेको छ (बराल, २०५८:४५) । यस उपन्यासले १९९३-२००२ का कालावधिमा नेपालमा घटेका युगान्तकारी घटनाका साथै ऐतिहासिक तथ्यको यथार्थ उल्लेख गरेको छ । भिक्षुकै आत्मस्वीकृति अनुसार पनि **आगत** उपन्यासले जति व्यापक विषयवस्तुलाई समेटेको छ, त्यसरी नै लेखन र प्रकाशनमा १८ वर्षको लामो समयावधि लागेको छ (भिक्षु, २०५०:क) । यसैगरी कृष्णचन्द्रसिंह प्रधानले **आगत**लाई विक्रम संवत्को एक्काइसौँ शताब्दीको पहिलो दशकमै जन्मिसक्नुपर्ने उपन्यास भनेका छन् (२०६१:३८२) । लगभग दुई दशकको समय लागेको यस **आगत** उपन्यासमा प्रस्तुत आदर्शोन्मुख यथार्थवादी परम्परा निकै उत्कृष्ट र महीयसी प्रतिष्ठानको विषय बन्न गएको छ (सुवेदी, २०६४:१४८) ।

**आगत** एकसट्ठी परिच्छेद र शेष कथाको एक परिच्छेदसमेत गरी जम्मा बयसट्ठी परिच्छेदमा विभाजित विशालकाय उपन्यास हो । मूल परिच्छेदभित्र बीचमा केही खाली ठाउँ छोडी उपपरिच्छेदमा पनि विभाजित गरिएका छन् ।

आगत शब्दको व्याकरणिक अर्थ 'आइपुगेको' भन्ने हुन्छ । **आगत** उपन्यासको सन्दर्भमा भने यसको अर्थ नवीन युगको सङ्केत हो र वर्तमानको अन्त्यको स्थिति हो । २००७ साल अघिको राणाकालीन युग र त्यस युगले सिर्जेको विसङ्गति र विकृतिको अन्त्य, मुक्तिको कामना र प्रजातान्त्रिक सुनौलो भविष्यको आगमनको सङ्केत नै **आगत** को सार्थकता हो (भट्टराई, २०४९:१५३) । उपन्यासकार भिक्षुले शर्मा परिवारको जिमिनदारीको अन्त्यसँगै आएको **आगत** र राजनीतिक **आगत**लाई सँगै अघि बढाएका छन् । विनय, गोपाल, अम्बिका र रामेश्वरले राजनीतिक आगतको प्रतिनिधित्व गरेका छन् । राजनीतिक आगतले यस उपन्यासमा पृष्ठभूमिको मात्र काम गरेको छ । शर्मा र रैतीहरूको जीवनमा आएको आगतले भने चरमोत्कर्ष प्राप्त गरेको छ (पौडेल, २०४७:११७) । राणाहरूको विलासी मनोमानी जीवन, सम्पत्ति थुपार्ने प्रवृत्ति तथा तिनीहरूको पतनको राजनैतिक इतिहासलाई भिक्षुले यस उपन्यासमा समेटेका छन् । यस उपन्यासमा पश्चिम नेपालको तराईमा पर्ने जिमिनदारको जिमिदारी प्रथाको अन्त्यको कथासँगै अनेकौँ उपकथाहरू पनि आएका छन् । त्यसैले **आगत** उपन्यासको आयाम विस्तृत बन्न पुगेको हो ।

### २.३.२ 'आगत' उपन्यासको कथासार

**आगत** उपन्यासको केन्द्रविन्दु शर्मा परिवार र उनीहरूको जिमिदारी भएकाले पश्चिम नेपालको गोसाइँपुर औपन्यासिक कार्यव्यापारको केन्द्रस्थलका रूपमा देखिन्छ । यस उपन्यासको सम्पूर्ण घटना शर्मा परिवारको केन्द्रीयतामा घटेको छ । शर्मा परिवारको जिमिदारीको अन्त्यसँगै उपन्यास टुङ्गिएको छ । बडे सरकार, छोटे सरकार र तिनीहरूका उत्तराधिकारी उमेशहरि, विस्नुहरि एवम् तिनीहरूको पूर्वपुस्ता र समपुस्ताको सीमामा कथावस्तु सजीव भएर अघि बढेको छ । ठूलो हिस्सामा फिँजिएको गाउँको जिमिदारी यही शर्मा परिवारको नियन्त्रणमा रहेको छ । पूर्व पुस्ताको इतिहासको यही महत्तालाई सम्हाल्ने यो परिवार नेपाल अधिराज्यभित्रकै

एउटा सानो राज्यको राजाभैँ रहेको छ । जिमिदारी अनुरूपको सम्पत्ति, अधिकार, भवन, बगैँचा, मन्दिर, पुस्तकालय आदि यिनीहरूसँग रहेको छ ।

शर्मा परिवारका बडे तथा छोटे सरकारमध्ये बडे सरकार वीतरागी भएर तीर्थाटन गर्न धेरैजसो बनारसमा बस्छन् । यद्यपि उनी पारिवारिक सङ्कटका बेलामा बढी संवेदनशील देखिन्छन् । छोटे सरकार, कान्छी मालिक्नी र उमेशहरिका सञ्चालनबाट इलाकाको व्यवहार परिचालित भएको छ । छोटे सरकारका जेठी पत्नीबाट उमेशहरि र गुह्येश्वरी रहेका छन् भने कान्छी पत्नीबाट एक मात्र छोरा विस्नुहरि रहेका छन् तर कान्छी पत्नी विस्नुलाई भन्दा उमेशहरि र गुह्येश्वरीलाई असाध्यै माया गर्छिन् । यसरी कान्छी मालिक्नीको माया ममतामा सारा परिवार इष्टमित्र चलिरहेको कुरा उपन्यासमा देखापरेको छ । उमेशहरिको विवाह लखनऊका जमिनदार रत्नदेव शर्माकी एकमात्र छोरी कनकलतासँग र गुह्येश्वरीको विवाह बनारसमा बसोवास गर्दै आएका रामानन्दसँग भएको छ । विस्नुहरिको विवाह भएको छैन । ऊ बनारसको काशी हिन्दू विश्वविद्यालयमा अध्ययनरत छ । काठमाडौँका व्यापारी लेखनाथ र उनकी एकमात्र छोरी लक्ष्मीको सम्पर्क शर्मा परिवारसँग बढ्दै जान्छ । यही क्रममा विस्नुहरि लक्ष्मीप्रति आकृष्ट हुन पुग्दछ । विराटनगरवासी रामेश्वर र सरलाको पनि शर्मा परिवारसँग घनिष्ठता बढ्दै जान्छ । यसरी शर्मा परिवारको केन्द्रीयतामा उपन्यासले गति लिएको छ ।

आफ्नो पुर्ख्यौली प्रतिष्ठा, इज्जत र मर्यादामा रहेका शर्मा परिवारमाथि सरकारलाई मालपोतको रकम बुझाउने अवस्थामा सङ्कट पर्दछ । शर्माहरूले सरकारलाई बुझाउनु पर्ने मालपोतको ठूलो रकम बाँकी रहेको छ । उनीहरूको अत्यधिक आदर्श भावना, उदारता र मानवतावादी चिन्तनले गर्दा उनीहरू रैतीहरूसँग मालपोत उठाउन असमर्थ हुन्छन् । आर्थिक मन्दीले अन्नको भाउ घटेको र अनावृष्टिले गर्दा उत्पादनमा ह्रास आई रैतीहरू पनि दीन-हीन बन्न पुगेका थिए । यस्ता रैतीहरूमाथि अन्यायी बन्नुभन्दा अरू नै उपाय लगाई समस्या समाधान गर्न तर्फ बडे सरकार र छोटे सरकार प्रयत्नरत रहे तर यस समयसम्म गोसाइँपुर

इलाकाका केही गाउँ श्री ३ महाराजका निगाहले विदेशको एउटा बानियाँले पाइसकेको थियो । यसैबेला काठमाडौँका व्यापारी लेखनाथका सल्लाहअनुसार बडे सरकारले काठमाडौँ गई राणाहरूको चाकरी गर्न थाले । यसबाट केही सफलता हासिल भए पनि जिमिदारी जोगाउनका लागि एक वर्षभित्र दुई किस्तामा पच्चीस पच्चीस हजार गरी बुझाउनुपर्ने भयो । यो तिर्न समेत यिनीहरू असमर्थ रहे । शर्मा परिवारको नेपालगञ्जतिर केही मौजा थियो तर त्यति जमिन गोसाइँपुरको मौजाको आगाडि ज्यादै सीमित थियो । त्यहाँ गई बस्न पनि उनीहरूको पुर्ख्यौली वैभव, सम्पन्नता, आडम्बर, इज्जत र स्वाभिमानले दिएन । त्यसैले विदेशिने सोचले उनीहरू आफूसँग भएका बहुमूल्य सामानहरू आफ्नो भारतीय इलाकाको जिमिदारीमा पठाउँछन् ।

गुह्येश्वरीले भाइ विस्नुहरिको विवाहका लागि गार्गी नामकी केटी खोजेकी छन् तर आफ्नो माइतीतर्फ आइपरेको सङ्कटका कारण यो कुराको निर्णय माइतीसँग माग्न सकेकी छैन । विस्नु र लक्ष्मी एक अर्काप्रति आकर्षित भए पनि पारिवारिक मर्यादाले गर्दा मौन रहन्छन् । शर्मा परिवारको त्यति ठूलो जिमिदारी अब नरहने देखेर लेखनाथ बाजे आफ्नी छोरी लक्ष्मीको विवाह दरबारसँग नजिकको सम्बन्ध राख्ने परिवारसँग गराउन चाहन्छन् तर देशको राजनीतिक घटनाले गर्दा यसको निर्णय लिन सकेका छैनन् । आफ्नो पढाइ सकेर बनारसमै बसिरहेको बिस्नुहरिको सम्बन्ध विधवा सम्झनासँग बढ्दै गएको सङ्केत गरी गुह्येश्वरीले आमालाई चिठी पठाई भाइलाई घर फर्काउने उपाय लगाउँछे । बिस्नु घर फर्कनुअघि रामेश्वर, विनयप्रसाद, अम्बिकाप्रसाद, गोपाल, सम्झना आदिले राणाहरूको विरुद्धमा आवाज उठाउनका लागि गरेका सरसल्लाहमा सरिक हुन्छ तर अभिभावकको आज्ञा नपाई ऊ त्यसप्रति समर्पित हुन सक्दैन ।

राणाहरूलाई आफ्नो पतन हुने स्थिति आएको आशङ्काले गाँजेको थियो । उनीहरू जतिसक्दो छिटो देशबाट प्राप्त हुने धन-सम्पत्ति बटुली आफ्नो ढुकुटी भर्न चाहन्थे । त्यसैले उनीहरूले शर्मा परिवारको उदारतालाई बुझ्न चाहेनन् र भारतीय

काठव्यापारी तथा ठेकेदारलाई चार वर्षको किस्तामा रुपियाँ तिर्ने गरी गोसाइँपुरको इलाका दिए । यस घटनाले शर्माहरूको दुर्दिनले चरमोत्कर्ष प्राप्त गरेको छ । पूर्व माझ खण्ड पनि कुनै राणालाई थोरै मूल्य लिई श्री ३ महाराजले सुम्पिदिन्छन् । रैतीहरूबाट मालपोत असुल गर्ने अधिकार पनि तिनीहरूले पाउँछन् । इलाका गुमेपछि शर्मा परिवारका सदस्यहरू त्यहाँका बहुमूल्य सरसामान लिई भारतीय जिमिदारीमा जान्छन् तर कान्छी मालिक्नी माटोको मायाले गोसाइँपुरमै बस्छिन् । उमेश पनि कान्छी आमाको हेरविचार गर्न गोसाइँपुरमै बस्दछ । कान्छी मालिक्नी हृदय रोगबाट पीडित बन्न पुग्छिन् । उनको स्वास्थ्यमा केही सुधार नआएकाले शर्मा परिवारका सदस्यका साथै लेखनाथ र लक्ष्मी पनि गोसाइँपुरमा भेला हुन्छन् । यहीँ लक्ष्मी र बिस्नुको स्वयंवर हुन्छ । यसरी सबैको उपस्थितिमा कान्छी मालिक्नीले देह त्याग गर्छिन् । कान्छी मालिक्नीको देहान्त पछि शर्मा परिवार आफ्नो देश छाडी भारततर्फ लाग्छन् । यसरी **आगत** उपन्यासको कथानक टुङ्गिन्छ ।

## २.३.३ पात्रविधान

भवानी भिक्षुको **आगत** बृहत् आकारको उपन्यास भएकाले यसमा पात्र सङ्ख्या पनि अत्यधिक रहेको छ । सम्पन्न, खानदानी र कुलीन वर्गका शर्माहरूको वरिपरि नै कथानक घुमेको छ । त्यसैले शर्माहरू नै मुख्य पात्रका रूपमा आएका छन् । यसका साथै उपन्यासमा मध्यम र निम्न वर्गका पात्रहरूको पनि चित्रण गरिएको छ । उपन्यासकारले उपन्यासमा प्रमुख, सहायक र गौण पात्रहरूको प्रयोग गरेका छन् । उमेशहरि र कनकलता यस उपन्यासका प्रमुख पात्र एवम् नायकनायिका हुन् । यिनीहरूकै केन्द्रीयतामा उपन्यास अडेको छ ।

उमेशहरि यस उपन्यासको नायक हो । ऊ सम्पन्न र कुलीन शर्मा परिवारको उत्तराधिकारी हो । सिङ्गो उपन्यासमा उमेशहरिले मानवीय उदात्तता, गरिमा र आदर्शलाई प्रस्तुत गरेका छन् (भट्टराई, २०४९:१५७) । उमेशको क्रियाकलापलाई हेर्दा

उसले सदैव आफूलाई आदर्शको बाटोमा हिँडाएको छ । यिनले पारिवारिक मर्यादा र अनुशासनको पूर्ण पालना गरेका छन् । हरेक सामान्य, असामान्य अवस्था र अप्ठेरो परिस्थितिमा पनि उसमा धैर्यशीलता र सहने शक्ति रहेको छ । यस पात्रले आफ्नो परिवारको जिम्मेवारी पूरा गरेको छ । उनी पुत्र, पति, दाजु, साथी, अभिभावकका रूपमा आफ्नो भूमिका निर्वाह गर्न सफल छन् । यिनकी पत्नी कलकलता यस उपन्यासकी प्रमुख पात्र एवम् नायिका हुन् । यिनी कुलीन परिवारकी छोरी तथा सम्पन्न परिवारकी जेठी बुहारी हुन् । यिनी औपचारिक शिक्षा नलिए पनि अति तर्कशील र सहनशील रहेकी छन् । आफू नारी हुनुको मर्म बुझेकी कनक तत्कालीन समयकी सचेत नारी पात्र हुन् । शर्मा परिवारको कुलीनताको रक्षा गर्ने आदर्श नारीका रूपमा उपन्यासकारले कनकलाई यस उपन्यासमा उभ्याएका छन् ।

यस उपन्यासका अर्का प्रमुख पात्र बिस्नुहरि हुन् । उनी यस उपन्यासमा सहनायकको रूपमा देखिन्छन् । उनी शिक्षित र राजनीतिक सचेतता भएका व्यक्ति हुन् । उसलाई शर्मा परिवारको पारिवारिक मर्यादा र कुलीनताले किचेको छ । ऊ पहिलो भेटमै लक्ष्मीप्रति आकर्षित हुन्छ । लक्ष्मी यस उपन्यासमा सह-नायिकाका रूपमा देखिएकी छ । ऊ धनी पुरातनपन्थी बाबुकी शिक्षित छोरी हो । ऊ आधुनिक विचार धाराकी छे तापनि ऊ परम्परागत संस्कार र विचार धाराको प्रत्यक्ष रूपमा विरोध गर्न सक्दिन । शर्मा परिवारको स्तम्भका रूपमा बडे सरकार र छोटे सरकार रहेका छन् । यिनीहरूमा युगीन चेत रहेको छ र उपन्यासमा सहायक चारित्रको भूमिकामा देखिएका छन् । कान्छी मालिक्नी यसमा ममताकी प्रतीकका रूप प्रस्तुत भएकी छन् । सम्झना यस उपन्यासका नारी पात्रहरूमध्ये आफ्नो छुट्टै पहिचान भएकी नारी चरित्र हो । ईश्वर बरालले सम्झनाको आचरणलाई खलनायिकाको आचरण भनेका छन् (२०४०:२८) । उपन्यासमा अन्य सहायक पात्रका रूपमा लेखनाथ, गुह्येश्वरी, गोपाल, रामेश्वर, सरला, रामचन्द्र आएका छन् । लक्ष्मीकी आमा, विनय, अम्बिका, उपाध्याय बाबा, सम्झनाको लोग्ने, रामु आदि गौण पात्रका रूपमा उपन्यासमा देखा परेका छन् ।

### २.३.४ परिवेश

**आगत** उपन्यासमा परिवेशगत विविधता पाइन्छ । मूलरूपमा ग्रामीण परिवेशमा उपन्यासका घटनाहरू घटे तापनि सहरी परिवेशलाई पनि उपन्यासले समेट्न सफल भएको छ । यस उपन्यासको घटनाहरूको केन्द्रीय थलो गोसाइँपुर हो । गोसाइँपुरका साथै काठमाडौँ, बनारस, लखनऊ आदि मञ्चीय परिवेशका रूपमा आएका छन् । विराटनगर, भारतीय रियासतको जमिनदारी, नेपालगञ्जको भूमि, वीरगञ्ज आदिको परिवेश उपन्यासको नेपथ्यमा आएको छ । यस उपन्यासमा राणाकालीन नेपाली जनताको दयनीय अवस्था र सम्भ्रान्त जमिनदार शर्मा परिवारको कारुणिक अवस्थाको चित्रण गरिएको छ । यसमा भारतीय स्वतन्त्रता सङ्ग्रामले चेतनशील नेपालीहरूलाई पारेको प्रभाव, नेपालमा राणाशासनको विरोधमा सशक्त क्रान्तिको पूर्व तयारीको चर्चा गरिएको छ । यस उपन्यासमा शर्माहरूले आफ्नो धार्मिक चाडपर्व, आचार-विचार, तीर्थव्रत, अतिथिप्रति सम्मान, असहाय र गरिबप्रति देखाएको सहयोगको चर्चा छ । यसका साथै नारी समाजले व्यहोर्नुपर्ने अप्ठ्यारो र पालना गर्नुपर्ने नियमसँगको विद्रोहजन्य स्वर पनि प्रकट भएको छ । **आगत** उपन्यास व्यापक परिवेशमा फैलिए पनि मूलतः ग्रामीण परिवेशमै केन्द्रित रहेको छ ।

## परिच्छेद - तीन

# आगत उपन्यासको परिवेशको विश्लेषण

### ३.१. परिवेशको परिचय

हाम्रो वरिपरि जे छ त्यसलाई नै सामान्य अर्थमा परिवेश भनिन्छ । 'वेश' शब्दमा 'परि' उपसर्ग लागी 'परिवेश' शब्द बन्दछ । 'वेश' शब्दले 'मानिसको पहिरन', 'पोसाक' वा 'भेष' भन्ने अर्थ बुझाउँछ भने 'परिवेश' शब्दले 'खास कार्य वा घटना हुँदा आसपासको क्षेत्र' भन्ने बुझाउँछ । 'परिवेश' शब्द मूलतः तत्सम शब्द हो । नेपालीमा देशकाल भनेर बुझिन्छ । यसलाई बुझाउने अङ्ग्रेजी शब्द 'सेटिङ' रहेको छ । साहित्यका सन्दर्भमा विभिन्न विद्वान्‌हरूले दिएका परिवेशसम्बन्धी परिभाषामार्फत् परिवेशको अर्थ र विशेषता यसप्रकार पहिल्याउन सकिन्छ :

देशकालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो, यसमा जीवनका कथा, रीतिरिवाज, रहनसहन र परिवेशजस्ता तत्त्वहरू पर्ने कुरा बताइएको छ (बराल र एटम, २०५८:३६) ।

परिवेश उपन्यास संरचनाको क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण हो (बराल, २०६३:५४) ।

वर्णित वस्तु वा चरित्र देशकालको वातावरणमा आबद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति दिन्छ, विश्वसनीयता दिन्छ (प्रधान, २०६१:१०) ।

कुनै काम हुनका लागि उपयुक्त मानिएको स्थल उपन्यासको परिवेश हो ( सुवेदी, २०६४:२५) ।

औपन्यासिक संरचना प्रक्रियामा 'वातावरण' भन्नाले उपन्यासका आन्तरिक तथा बाह्य समयावधिमा प्रवाहित औपन्यासिक कार्यव्यापारसँग सम्बन्धित विशेष देश, काल र परिस्थिति अथवा कुनै समाज, जाति वा वर्गको आचार-विचार, सभ्यता एवम् संस्कृतिका साथै सामाजिक, सांस्कृतिक, राजनीतिक आदि परिवेशको चित्रणलाई बुझिन्छ (प्रधान, २०४०:८३, ८४) ।

वस्तुको भविता र समय, स्थिति एवम् घटनाको विघटनका निम्ति चाहिने भाँडो परिवेश वा पर्यावरण हो । परिवेशले प्रासङ्गिक वस्तु वा घटनालाई घेरेर बस्ने प्रत्येक तत्त्वलाई समेट्दछ (नेपाल, १९८७:५४) ।

यसरी हेर्दा परिवेश भनेको देशकाल हो । देशकालले उपन्यासमा हुने कार्यव्यापार, समय र स्थानलाई बुझाउँछ । परिवेश कथानकका लागि आधारभूमि हो भने यस अन्तर्गत जीवनका कथा, रहनसहन, रीतिरिवाज, सांस्कृतिक पक्ष, धार्मिक पक्ष, भूगोल, इतिहास र समयको सम्बन्ध पर्दछन् । परिवेशले उपन्यासको यात्रालाई गतिमान बनाउँछ र कथानकलाई विश्वसनीयता, पात्रहरूलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्दछ । उपन्यासलाई प्रभावशाली बनाउन परिवेशको भूमिका रहन्छ । पात्रको कार्यव्यापारको निर्माणमा परिवेशले महत्त्वपूर्ण जिम्मेवारी वहन गर्दछ (सुवेदी, २०६४:२५) । समयानुकूल घटना वा विषयका आधारमा औपन्यासिक वातावरणको प्रयोग गरिनुपर्छ । पाठकलाई यथार्थता बोध गराउनमा वा यथार्थको भ्रम उत्पन्न गराउनमा स्थानीय परिवेशको चित्रणको विशेष महत्त्व हुन्छ (नेपाल, १९८७:५६) । औपन्यासिक वातावरण सापेक्ष नै पात्र चित्रित हुनुपर्छ । यसकारण औपन्यासिक वातावरणको यथातथ्य निरूपणद्वारा औपन्यासिक घटना र पात्रको वास्तविक रूप थाहा पाउन सकिन्छ । देशकाललाई स्थूल र सूक्ष्म गरी दुई भागमा विभाजन गरिन्छ । स्थूल देशकालभित्र चरित्रले कार्य गरेको स्थल सम्बद्ध प्राकृतिक स्थिति एवम् समयवृत्त पर्दछ भने सूक्ष्म देशकालमा पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहनसहन आदिको समष्टि रूप पर्दछ (बराल र एटम, २०५८:३६) । अतः उपन्यासमा परिवेश अपरिहार्य तत्त्वका रूपमा रहेको हुन्छ ।

## ३.२. आगत उपन्यासमा प्रयुक्त परिवेशको वर्गीकरण र विश्लेषण

परिवेशलाई स्थूल र सूक्ष्म गरी दुई भागमा विभाजन गरेर **आगत** उपन्यासको परिवेशको विश्लेषण गरिएको छ ।

### ३.२.१ स्थूल परिवेश

#### ३.२.१.१ स्थान

##### ३.२.१.१.१ गाउँ

कार्यव्यापारका दृष्टिले **आगत**को कार्यस्थल मुख्यतः पश्चिम नेपालको वर्तमान कपिलवस्तु जिल्ला अन्तर्गतको गोसाइँपुर इलाका (तत्कालीन बुटौल जिल्ला, खजहनी इलाका पृ. १३९) हो । त्यसैले तराईको ग्रामीण सामाजिक परिवेश यस उपन्यासको वातावरण हो । तराईको वातावरणमा हुर्केका भिक्षुले आगत उपन्यासमा तराईको ग्रामीण इलाकालाई सजीव रूपमा चित्रण गरेका छन् । उपन्यासका प्रमुख चरित्र बडे सरकार, छोटे सरकार, उनका उत्तराधिकारी उमेशहरि शर्मा र बिस्नुहरि शर्मा, यिनीहरूका आफन्त, शुभचिन्तक र यिनीहरूको सम्पर्कमा आएर परिचित भएका तथा विभिन्न प्रवृत्तिका व्यक्तिहरूले टेकेको विस्तृत भौगोलिक परिवेशको वर्णन उपन्यासमा गरिएको छ ।

उपन्यासको सुरुवात गोसाइँपुर गाउँको एउटा सम्पन्न र विशाल घरको पुस्तकालय कोठामा बसेका कनक र बिस्नुले नारीका पत्नी र प्रेयसी दुई रूपको सम्बन्धमा गरेका वार्तालापबाट भएको छ । यी दुई बीचको वार्तालापमा स्कुल, सिने-क्षेत्र, अफिस, हिन्दूस्तानका सहर, लखनऊ, पवित्र काशी पुरीको हिन्दू विश्वविद्यालय आदि ठाउँको चर्चा भएको छ । वर्तमान नेपालको पश्चिम तराईको भाग शर्मा परिवारको पूर्ख्यौली पूर्व इतिहास हो । गोसाइँपुरमा कैयौँ लङ् भएको विशाल भवन, बगैँचा, मन्दिर र अरु विभिन्न इलाकाहरू शर्मा परिवारको नियन्त्रणमा रहेको छ । यी सम्पत्तिको हेरचाहका लागि आवश्यक पर्ने म्यानेजर, सिपाही, कारिन्दा,

सेवकसेविकाको फौज पनि गोसाइँपुरमै रहेको छ । माइत आएकी गुह्येश्वरी र कनकबीचमा कुराकानीको क्रममा पारस्परिक विवाद, ईर्ष्या पनि यहीँ देखिएको छ । यी दुईजनाको विवादमा चेलीबेटी आफ्नो घरमा जानका लागि अर्काको घरमा जन्मिने र आफ्नो घर गइसकेपछि माइती पराइ हुने कुरो कनकले बताएपछि गुह्येश्वरी उत्तरविहीन हुन्छे, ऊ दाजुको साथ खोज्छे तर उमेशहरि केही बोल्दैन । यसरी उपन्यासको सुरुवातमा नै नन्दभाउजूको मौखिक द्वन्द्व भएको देखाइएको छ । यसबाट गाउँमा नन्दले भाउजूलाई गर्ने व्यवहारको झल्को पाइन्छ । गोसाइँपुरको परिवेशलाई उपन्यासमा यसरी वर्णन गरिएको छ -

*गोसाइँपुरको उत्तरतर्फबाट घुमाउरो बग्दै पूर्वतिर आएको 'बेल' नदी अझ बढेर वाणगंगा खोलामा मिसिएको छ । उत्तर र पूर्वतर्फको पनि नदी-तट गाउँभन्दा झन्नै एक पाउ टाढा छ । उत्तरबाटै केही पूर्वसम्म घेरिएको जङ्गल पनि छ (पृ. ७) ।*

गोसाइँपुरको यही जङ्गलमा शर्मा परिवारका सदस्यहरू सिकार खेल्छन् । कहिलेकाहीँ घुम्ने, दान, पूजा तथा वनभोजजस्ता कार्य यहीँ छेउको जङ्गलभित्र भई बग्दै गएको 'बेल' नदीको तटमा हुने गरेको छ । वर्षाको समयमा भयङ्कर रूप बनाउने बेल नदीमा स्वच्छ पानी बगिरहेको वर्णन उपन्यासमा गरिएको छ ।

गोसाइँपुर नजिकैको प्रमुख बजार तौलिहवामा बस्ने उपाध्याय सुब्बाका छोरासित गोसाइँपुरका छोटे सरकारले मीत लगाएका थिए । कालान्तरमा मुद्दा लागेको बेलामा गोसाइँपुर रियासतको सहयोगले उपाध्याय सुब्बालाई झ्यालखाना जानु परेको थिएन । त्यसपछि उनका सपरिवार आफ्नो पुर्ख्यौली घर दाङमा गई बसेका थिए । उपाध्याय सुब्बाका छोरा शर्मा परिवारमा 'उपाध्याय बाबा' भनेर परिचित थिए । उनी माथि रैती दुनियाँ भड्काउने, राज्यको रीतिथिति पल्टाउने जस्ता आरोप लागेको थियो । यिनै उपाध्याय बाबाका छोराबुहारी रामेश्वर र सरला भेटघाटका लागि गोसाइँपुर इलाका पुगेका छन् ।

गोसाइँपुरमा उमेशहरिको बस्ने बङ्गला मूल पारिवारिक ठूलो घरसँगै भए पनि त्यो बेग्लै लङ्मा पर्दथ्यो । उनका लागि आवश्यक पर्ने नोकरचाकर, मालसामान लाइब्रेरी, अफिस आदि उसकै बङ्गलामा थियो । सारा परिवारसँगै बसी भोजन गर्ने चलनअनुसार ऊ भोजनका लागि ठूलै घरमा भान्छा गर्न जान्थ्यो । शर्मा परिवारमा वर्जित खानेकुरा तथा बिहान र दिउँसोको खाजा भने आफ्नै बङ्गलामा खाने गर्थे । उमेशहरिका कोही साथी आएमा तिनीहरूसँगै टेबुलमा बसी खाजा खाने, गफ गर्ने, वादविवादको रमिता पनि सम्पन्न हुन्छ । भेटघाटका लागि आएका रामेश्वर र सरला, बिस्नु, उमेशका साथै कनक बिहानको खाजाका लागि उमेशको कोठामा जम्मा भएका बेला नारीले पारिवारिक परम्परित मान्यतामा रहनुपर्ने बाध्यताको विद्रोहको स्वर कनकबाट उठ्छ । यही विषयमा उमेश र कनकबीच वादविवाद चल्छ । दुबै आ-आफ्ना तर्कमा अडिग रहन्छन् । गह्येश्वरीको प्रवेशपछि उनीहरूको विवाद टुङ्गिन्छ र सबै आ-आफ्ना कामतिर लाग्छन् ।

बिहानको नित्य पूजा सकी छोटे सरकार बाहिरी खण्डमा बसेर तमाखु खाँदै गर्दा कान्छी मालिक्नी घरको समस्या बताई माइत जाने अनुमति माग्छिन् । कान्छी मालिक्नीको माइत जाने रहरलाई छोटे सरकार हाँसोमा उडाइदिन्छन् । कान्छी मालिक्नी र उमेशको कोठाबाहिर भेट हुन्छ । त्यहाँ पनि घरकै छोरीबुहारीको द्वन्द्वको चर्चा हुन्छ । गोसाइँपुरमा रहेको लाइब्रेरीको भिक्षुले उपन्यासमा यसरी वर्णन गरेका छन्-

*गोसाइँपुरको लाइब्रेरी धेरै ठूलो नभए पनि सानो पनि होइन । विभिन्न फर्निचर र भुँइमा ओछ्याएको दामी गलैँचाका साथै अनेकन् दराजहरूमा टल्किँदै उभिरहेका किताबहरूको संख्या, जाति, नाउँ, थर हेरेर तिनको उपयोग प्रयोग गर्ने, उल्टाउने पल्टाउनेको उठ बस, रुचि र सुसंस्कृति उच्चस्तरीय होइन होला, अथवा कोरा गाउँले पाखे किसिमकै होला भन्ने कुराको कल्पनासम्म गर्नु अस्वाभाविक हुनेछ (पृ. २५) ।*

यहीँ लाइब्रेरीमा बिस्नु र रामेश्वर बसी घरका विषयमा र चिठी पोष्टबक्समा खसाल्न शोहरतगढ पठाउने बारेमा कुराकानी गर्छन् । यति बेला नै उमेशको पनि लाइब्रेरीमा प्रवेश हुन्छ । उनीहरू देशको राजनीतिक अवस्था, जिमिदारी व्यवस्थाका बारेमा तर्क-वितर्क गर्छन् । साँझ परिसकेर कोठा अँध्यारो भइसकेको हुन्छ । रामुले टेबुल ल्याम्प ल्याएर राखिदिन्छ ।

बिस्नु, रामेश्वर र सरलाले गोसाइँपुर छोड्ने समयमा उमेशको खाजा खाने कोठामा गुह्येश्वरी, उमेश र कनकको उपस्थितिमा पुनः प्रभात पार्टी जम्छ । यस अघि कनक र सरलाबीच भान्साभन्दा अलि पर भएको चुह्लोमा कुनै विशेष तरकारी बनाउन लाग्दा नारीका बाध्यात्मक स्थितिको बारेमा चर्चा हुन्छ । बिस्नुले काशीमा भिनाजु रामानन्दसँगको भेटघाटको वर्णन गर्दा गुह्येशवरी आफ्नो पतिगृह सम्झिन्छे । उनीहरू राजनीतिको कुरा गर्छन् । उमेश सरकारी मालपोत तिर्न बाँकी रहेको कुरा बताउँछ । त्यो रकम उनीहरूले मोजमस्तीमा उडाएका होइनन् । उनीहरू इलाकाका रैतीहरूसित मालपोत असुल गर्न सक्दैनन् । दैनिक बस्ने कचहरीमा रामनाथ तेवारीको कटु वाक्यले रैतीहरूमा रुवाबासी चल्ने कुराको चर्चा गर्छन् । यिनीहरूको कुराकानीका क्रममा कहिलेकाहीँ मौनताको वातावरणले पनि स्थान पाउँछ ।

गोसाइँपुर इलाकाको आठदस गाउँको पूर्वी इलाका श्री ३ महाराजको निगाहले मुग्लानको एउटा बानियाँलाई दिइयो । त्यहाँको जम्मा पाँचहजार मात्र मालपोत तिर्न बाँकी रहेको थियो । त्यहाँका रैतीहरूबाट असुलउपर गर्ने जिम्मा पनि उसैलाई दिइएको हुन्छ । श्री ३ महाराज आफ्नो ढुकुटी भर्नमा नै दत्तचित्त भएर लागेकाले थोरै मालपोत बाँकीमै जिमिदार लिलाम गराउन थालेका थिए । नयाँ बनाइएका जिमिदारले आफ्नो जग्गाको तिर्ने मालपोतको रकमसमेत रैतीहरूबाट उठाए । उनीहरू त्यस गाउँमा भएका बगैँचा, गौचर आदिलाई रुपियाँको दृष्टिले हेर्छन् । गाउँका ठूलाठूला आँपबारी कटाई बिक्री गरी रुपियाँ उठाउँछन् । श्री ३ महाराजका नजिकका व्यक्तिहरू, सामन्त र व्यवसायी वर्ग जिमिदारी लिलाम हुने समय पर्खिरहन्थे । थोरै मालपोत बाँकीमा गाउँका गाउँ हात पार्थे । राम्राराम्रा इलाका छानी

काठमाडौँमै श्री ३ मा बिन्ती चढाई आफ्नो बनाउँथे । पुराना बासिन्दा रैती, जिमिदारहरू घरबारविहीन, जीविकारहित, निस्सहाय भई रुँदै देश छोडेको स्थिति अत्यन्त कारुणिक देखिन्थ्यो । यस्तो अवस्था देखी छोटे सरकार र उमेश जिमिदारी नभए पनि बाँच्न सकिने र सम्पत्ति केवल उपयोग मात्र हो भनी चित्त बुझाउँछन् । जिमिदारी जोगाउनका लागि गोसाइँपुरबाट बडे सरकारलाई चिठी पठाइन्छ । लक्ष्मीलाई फोटोमा हेरी उसैलाई बुहारी बनाउने सपना कनकले बुन्छिन् तर यसको निर्णय उमेशले गर्न सक्दैन । यसरी गोसाइँपुरमा लक्ष्मीको रूपबाट कनक आकर्षित हुन्छे ।

रामअधीन महतो र रमेसर पाँडेले एउटा बानियाँलाई सकार गरिएको पूर्वी इलाकाका रैतीहरूको दयनीय अवस्थाको वर्णन छोटे सरकार र उमेशका अगाडि गर्छन् । थोरै मालपोत बाँकीमै घर जग्गा लिलाम गर्ने र गाउँमा केही नभए पछि उनीहरू भारतीय इलाकामा गई काम गर्ने बताए । उनीहरू भारतीय इलाकाको रेल्वे स्टेसनमा कुल्लीको काम गर्न थालेको बताए । शर्मा परिवारले यस अघि ती रैतीहरूमाथि गरेका दयामायाका पनि उनीहरू चर्चा गर्छन् । शर्माहरू धरतीलाई माता मान्छन् । यसको बेचबिखनलाई पाप सम्झन्छन् । पृथ्वी माताको इज्जत गएको ठान्छन् । छोटे सरकार उमेशलाई धरतीको मोह छोड्न र उसको इज्जत बचाउन आग्रह गर्छन् । उनीहरूमा आफ्नो जिमिदारी जाने भन्दा धरती माताको इज्जत जाने कुरामा बढी चिन्ता छ । कनकले पैसाका लागि कुरा गर्दा हिन्दूस्तानी व्याङ्कको चर्चा भएको छ । कनक र उमेशका बीचमा पनि जिमिदारीसम्बन्धी अनेक कुराकानी हुन्छन् । माघ महिनाको बिहानको गोसाइँपुरको वातावरणलाई भिक्षुले उपन्यासमा यसरी प्रस्तुत गरेका छन्-

*शीत-प्रभावको तुस अझै भए पनि माघ महिनाको वसन्तागमनको सूचनामा नजिकैको वनबाट बिहान बिहानै विभिन्न जंगली फूल फलहरूका सुवास उड्दै आई गोसाइँपुरका ठुलठूला, फराकिला, फराकिला, भव्य कोठाहरूलाई पनि आफ्नो सुबास-प्रफुल्लताले भरिभराउ नपारी छोडेको थिएन । गृष्म ऋतुमा कौसी वा मैदानमा*

*(घरभित्रै हुने चउरमा) सुत्ने समय अझै नआइसकेको भए पनि कोठामा सुतेकाहरूलाई झ्याल झ्यालबाट हरेक उषामा सौरभ स्फुरणको प्रभात सन्देश पुग्दा त्यस बखतको आलस्यको-जागरण र निद्रा मिसिएको सुखमा चल्मलाएरमात्र लडिरहनुपर्दथ्यो । पुजारी, कर्मकाण्डीबाहेक अरुहरू ओछ्यान छोड्न सक्तैनथे (पृ. २१९/२२०) ।*

उमेशहरि र कनकको दाम्पत्य जीवनको सुरुआत र केही वर्ष यहीँ गोसाइँपुरमा बितेको छ । कनकका पिता गर्मी छल्न मस्सूरी जाने चर्चा भएको छ । कनक विवाह अघि बाबुप्रति निर्भर थिइन् भने पछि उमेशप्रति निर्भर हुन्छे । उसले चाहेको, रुचाएको कुरा जम्मै पूरा हुनु पर्ने नभए जे पनि गर्ने उसको प्रवृत्ति थियो । गोसाइँपुरमै उमेशले कान्छी मालिक्नीसित लक्ष्मीको बिस्नुसित विवाह गर्ने प्रस्ताव राख्छ तर कान्छी मालिक्नी गुह्येश्वरीले खोजेकी केटीसित विवाह गरिदिने निर्णय सुनाउँछिन् । शर्मा परिवारमा भिज्न सक्ने स्वभाव भएकी, गुह्येश्वरी र रामानन्दबाबुले पनि मन पराए लक्ष्मीसित विवाह हुन सक्ने विचार कान्छी मालिक्नी राख्छिन् ।

यसरी उपन्यासको कार्यव्यापारको मुख्य कार्यस्थल रहेको गोसाइँपुर गाउँ हो भन्ने कुरा रामेश्वरको यस भनाइबाट पनि पुष्टि हुन्छ- 'तराईका साधारण गाउँहरूभन्दा धेरै ठूलो बस्ती भए पनि गाउँ भन्ने त नाउँ नै हो' (पृ. २८४) । बगैँचा, पार्क, इनार, पोखरी, घोडा, हात्ती र गाई, भैँसी, बस्ने गोठहरू, शर्मा परिवारका सदस्यहरू बस्ने बङ्गला, त्यहाँ भएका लाइब्रेरी, ड्राइंगरुम, कचहरी, कारिन्दाहरू बस्ने घर, अतिथिशालाहरू र सधैँभरि आइरहने विभिन्न किसिमका मानिसहरूले गोसाइँपुर इलाकामा एउटा बेग्लै खालको वातावरण उपस्थित गराएको छ ।

उमेश र छोटे सरकार बनारसबाट गोसाइँपुरको घरमा पुग्दा रामनाथले घरमा भएका बहुमूल्य सामानहरू प्याक गराएको हुन्छ । अन्न, कृषिसम्बन्धी मालताल,

ठूलाठूला गलैंचा, सतरंजा, दामी फर्निचर, पुस्तक, सजावटका सामान भारतीय इलाकाको जिमिदारीमा पठाइसकेको हुन्छ । यो सबै कार्य उसले आषाढको पहिलो सातासम्म सरकारी कारबाही हुने सूचना पाएर गरेको थियो । उमेश र कनकबीच सम्झना र लक्ष्मीका विषयमा कुरा हुन्छ ।

गोसाइँपुरका शर्मा परिवारमाथि आइपरेको सङ्कटको समयमा सरला कनकलाई साथ दिन त्यहाँ जान चाहन्छे । बिस्नुलाई गोसाइँपुर पुऱ्याउने आग्रह गरे तापनि ऊ जान नभ्याएकाले भरपर्दो मानिसको साथमा सरला त्यहाँ पुग्छे । गोसाइँपुरको वातावरणले सरला विह्व बन्न पुग्छे । त्यहीँ सरलाले लक्ष्मीका सम्पूर्ण कुरा कनकलाई बताउँछे । कनक र उमेश गोसाइँपुरमाथि आइलागेको सङ्कटका बारेमा कहिल्यै कुराकानी गर्दैनथे । अन्य कुरा गरेर एकअर्काको मन बहलाउँथे । गुह्येश्वरीले गार्गीसँगको विवाहको निर्णय लिन गोसाइँपुरमा चिठी पठाउँछे । विवाहका लागि हुने खर्च आदि विषयमा उमेश र कान्छी मालिक्नी चर्चा गर्छन् ।

गोसाइँपुरको इलाका सरकारले छिटै लिलाम गर्ने सम्भावना भएकाले उमेश छोटे सरकारलाई हिन्दूस्तानको इलाकामा गई त्यहाँको मालसामानको उचित प्रबन्ध मिलाउन आग्रह गर्छ । नेपालको वर्तमान अवस्थालाई छोटे सरकार यसरी अभिव्यक्त गर्छन्- 'हाम्रो देशमा 'घूस' 'अपराध' होइन, बरु त्यही र त्यत्ति नै यस वर्तमान शासनको 'व्यवस्था' हो' (पृ. ४३७) । छोटे सरकार र बडे सरकारलाई पहिले सम्पत्ति हुँदा पनि त्यसमा विश्वास थिएन भने अहिले जान लाग्दा पनि उनीहरूले कुनै अचम्म मानेका छैनन् । सरकारतर्फबाट शर्माहरूको बालीको लगत राख्ने काम हुन्छ । बाली पनि सप्रेकाले केही वर्षभित्र मालपोत तिर्न सक्ने आशा शर्माहरूमा पलाउँछ । दुष्ट आचरणले विनाशतिर धकेल्छ भन्ने भनाइ राणाहरूमा चरितार्थ हुन लागेको विचार छोटे सरकारको रहेको छ ।

काशीबाट उमेश र बिस्नु गोसाइँपुर आइपुग्दा कान्छी मालिक्नीलाई बिरामी अवस्थामा पाए । उनलाई हृदय रोग लागेकाले ठूलै अस्पतालमा लगी उपचार गर्नुपर्ने

सल्लाह डाक्टरले दिएका हुन्छन् । कान्छी मालिक्नीकै आज्ञाले उमेशले बिस्नुलाई काशीबाट गोसाइँपुर ल्याएका हुन् । उमेश आमालाई उपचार गराउन लखनऊ लाने तयारीमा लाग्छ । लखनऊ लगी उपचार गराई केही ठीक भएपछि आमालाई घर ल्याउँदा उमेशलाई सघाउन लखनऊ पुगेको गोपाल पनि गोसाइँपुर आउँछ । उनले गोसाइँपुरमा कान्छी मालिक्नीबाट आमाको ममता प्राप्त गर्छ । पारिवारिक वातावरणमा गोपालका दिनहरू गोसाइँपुरमै बित्छन् ।

श्री ३ महाराजलाई जतिसक्दो छिटो उठाउन सकिने जति धन बटुली आफ्नो ढुकुटी भर्नु थियो । त्यसैले शर्माहरूको विशाल इलाका चार वर्षको किस्तामा रकम बुझाउने गरी भारतीय ठेकेदारलाई सकार गराइदिन्छन् । यसरी एक किसिमले शर्माहरूको देश निकाला नै भयो । मालिक्नी र उमेशबाहेक सबै परिवारका सदस्यलाई भारतीय जिमिदारीको घरमा पठाइन्छ । मालिक्नी माटोको मायाले गोसाइँपुर छाडी जान   सक्दिनन् । भारतीय इलाकाको जिमिदारीमा सबै आफन्तहरू उपस्थित हुन्छन् । त्यहाँ पनि जिमिदारी चलिरहेकै हुन्छ । यता गोसाइँपुर इलाकामा उमेश आमाको सेवासुश्रुषामा दत्तचित्त भई लाग्छ । कान्छी मालिक्नीको स्वास्थ बिग्रिंदै गएकाले बडे सरकारमा खबर पुर्‍याउन गोपाललाई काशी पठाइन्छ । छोटे सरकार, बिस्नु, कनक, सरला, अम्बिका, विनय र उपाध्याय बाबासमेत गोसाइँपुर पुग्छन् । गोपालले सरलाको चिठी लक्ष्मीलाई पुर्‍याइदिन्छ । त्यसपछि लक्ष्मी र लेखनाथ बाजे पनि गोसाइँपुर पुग्छन् । मालिक्नीको मृत्यु समय नजिकिँदै गर्दा त्यहाँको वातावरण एकदम करुण बन्न पुग्छ । उनको अन्तिम इच्छा बिस्नुको बिहा हेर्ने र नातिको रुवाइ सुन्ने हुन्छ । गोपालले आमाको अन्तिम इच्छा पूरा गर्न लक्ष्मी र बिस्नुको स्वयंवरको तयारीमा लाग्छ किनभने नातिको रुवाइ तत्काल सम्भव थिएन । कान्छी मालिक्नीको अगाडि बिस्नु र लक्ष्मीको स्वयंवर सम्पन्न हुन्छ । त्यसपछि उनको गोसाइँपुरमै देहान्त हुन्छ । अनि सबैले गोसाइँपुर छोड्न थाले । उमेश र अरू केही भने गोसाइँपुरको घर-द्वारको हेरचाहको प्रबन्ध मिलाउन केही समय त्यहीँ बसे ।

सबैसँग भेटघाट गरी गोसाइँपुर छोड्ने निश्चित हुन्छ । गोसाइँपुरबाट काशी जानेक्रममा शोहरतगढ स्टेसनमा सम्झनासित भेट हुन्छ ।

३.२.१.१.२ **सहर**

**आगत**को मुख्य कार्यस्थल नेपालको ग्रामीण इलाका गोसाइँपुर हो भने काठमाडौँ पनि पात्रको कार्यव्यापारका दृष्टिले महत्त्वपूर्ण कार्यस्थल हो । काठमाडौँमा लेखनाथ बाजेको मूल निवासस्थान रहेको छ । वीरगञ्ज र विराटनगरमा पनि उनका आफ्नै घर  छन् । लेखनाथ व्यापारी हुन् । उनको व्यापारको केन्द्र वीरगञ्ज, रक्सौल, कलकत्ता र विराटनगर रहेको छ । उनकी एक मात्र छोरी लक्ष्मीलाई दार्जिलिङ र कलकत्ता समेतका कन्वेन्ट स्कुलबाट शिक्षा दिलाइएको थियो । सरला विराटनगर आई भेटघाट गर्न लक्ष्मीलाई चिठी पठाएपछि ऊ बाबुलाई खोज्दै घरको बैठकमा पुगी । सोफामा आधा पल्टेजस्तो भई लेखनाथ बाजे बजारभाउको कलम हेरिरहेको वातावरणको चित्रण गरिएको छ ।

गोसाइँपुरको पूर्वको इलाकाको एक अंश एउटा बानियाँलाई सरकारले सकार गराइदिएको कुरा सुनी बडे सरकार वैद्यनाथधामबाट सिधै काठमाडौँ पुग्छन् । उनी डिल्लीबजारको एउटा ठूलै घर बहालमा लिई बस्छन् । आफ्नो जिमिदारी जोगाउन उनले श्री ३ महाराजमा बिन्ती पत्र चढाए । दैनिक भद्रकाली नेरको टुँडिखेलमा बसी अन्य चाकरीदारको साथमा लागी उनी पनि महाराजको चाकरी गर्न थाले । महाराजको चाकरी नगरेकाले मालपोत बाँकीमा त्यति ठूलो जायजेथाको बिचल्ली हुन थाल्यो भन्ने आरोप बुज्रुक चाकरीहरूले बडे सरकारलाई लगाएका थिए । महाराजका विभिन्न विश्वास पात्रको आपसी सम्झौतामा चढाइएका बिन्तीपत्र महाराज कहाँ पुग्थे । घतलाग्दो विश्वासपात्रको सम्पर्कले मात्र मुद्दाको छिनोफानो हुन्थ्यो । यस्तो वातावरण भएकाले यिनै महाराजका विश्वास पात्रको खोजी गरी प्रयास गरिरहेका

थिए । उनले पशुपति मन्दिर, टुँडिखेलको चउरपूजा र चाकरीमा आफूलाई लगाइराखेका थिए ।

कलेज बिदा भएकाले र दसैं मनाउनका लागि बिस्नु र गोपाल काठमाडौंतर्फ लाग्छन् । यात्रा रेलपथबाट सुरु हुन्छ । अमलेखगञ्जदेखि भीमफेदीतिर उक्लँदा बिस्नु प्रकृतिको त्यो गम्भीर सौन्दर्यले स्तम्भित हुन पुग्दछ । यात्राका क्रममा चितलाङ र कुलेखानी मध्यको रातो समतल पहाडी मैदान र देउराली हुँदै काठमाडौं प्रवेश गरेका थिए । उनीहरू एक दिन भीमफेदीमा बसी दोस्रो दिन काठमाडौंको डिल्लीबजारको डेरामा पुग्छन् । जहाँ बडे सरकार घर बहालमा लिई बसेका थिए । यातायातको सुविधा नभएकाले उनीहरू तामदानबाट काठमाडौं पुग्छन् । बडे सरकारले गोसाइँपुरको परिवार र रियासतबारे, छोरीज्वाइँ, बिस्नुको पढाइ आदि विषयक कुरा विस्तृत रूपमा बिस्नुमार्फत् सुने । भीमफेदीको प्राकृतिक सौन्दर्यको वर्णन उपन्यासकारले यसरी गरेका छन्-*भीमफेदीबाट माथि उक्लँदै आएको क्रमिक पहाडहरूको अग्ल्याइँ, घुमाउरो बाटो, तल नजर पर्दा पुतलीझैँ देखिएका भीमफेदीका घरहरूयावत (पृ. १३३) ।*

बिस्नु नेपालको सौन्दर्यले मुग्ध हुन्छ । काठमाडौं घुम्ने क्रममा बिस्नु गोपालसँगै नरदेवी टोलको एउटा घुमाउरो गल्ली हुँदै भित्रसम्म गएर एउटा ठूलो घरको सुसज्जित कोठामा पुगेको थियो । त्यहाँ पाँच सात जना युवकसित बिस्नुको परिचय भएको थियो । त्यहीँ उसले आफ्नो परिवारमा छाएको धमिलो कुनै घटना विशेष नभई सारा देशमा नै व्याप्त अन्धकारको एक अंश हो, त्यो अन्धकार रातमा परिणत हुने र फेरि मिर्मिरे उज्यालोसँगै सुनौलो सूर्य उदाउने आशा हुन्छ भन्ने कुराको निश्चय गरेको थियो । ऊ राजधानीमा दसैंको रमझममा रमाएको थियो ।

गोपालले काठमाडौंको यङ्गाल टोलमा बस्ने उसको नातामा दाजु भाउजू पर्ने सम्झना र उसको रोगी लोग्नेसित बिस्नुको परिचय गराउँछ । उनीहरूको घर अगाडिको चोकमा रहेको रछ्यान, फोहोरले त्यहाँ वातावरण नै दुर्गन्धित बनाइदिएको

थियो । त्यो रोगी व्यक्ति शर्मा परिवारसित पहिले नै केही परिचित हुन्छ । उसको शारीरिक अवस्था एकदमै जीर्ण भइसकेको हुन्छ । उनी अङ्ग्रेजी साहित्यका अध्येता र स्कुलका मास्टर हुन्छन् । सम्झना त्यसकी कान्छी स्वास्नी थिइन् । उनी रूपवतीका साथै गुणवती पनि थिइन् । मधेसका आइमाईजस्तो काठमाडौँका आइमाई खुम्चिएर बस्तैनन् भन्ने कुरा सुनेको बिस्नुले सम्झनाका कुराबाट त्यो प्रत्यक्ष अनुभव गर्छ । सम्झनाले रोगी लोग्ने भएको घर-व्यवहार आफैँले चलाएकी थिई । त्यहाँ रोगीको औषधि उपचारका बारेमा कुराकानी हुन्छ । त्यहाँबाट डिल्लीबजारको डेरामा पुग्दा रात परिसकेको हुन्छ । बिस्नु अज्ञातमा नै लक्ष्मीको कल्पनाले काठमाडौँ आएको अनुभव गर्छ । लक्ष्मीको आमन्त्रणलाई स्विकारी गोपाल लेखनाथ बाजेका घरतिर लाग्छ भने बिस्नु लक्ष्मीका बारेमा अनेक कुरा सोच्दै डिल्लीबजारको घरमै बस्छ । दोस्रो पटक ऊ एक्लै यङ्गाल टोलमा पुग्छ । त्यहाँको कोठाको वर्णन भिक्षुले उपन्यासमा यसरी गरेका छन्-

*एकातिर काठको एउटा खाटमा ओछयान र झूल लागेको छ । भूइँमा पुरानो, ठाउँ ठाउँमा चिल्लोको दाग परेको सतरन्जा ओछयाइएको छ । एउटा भुइँडसना खाटसँगै जोरिएर ओछयाइएको छ । खाटको सोझै सामुन्नेको भित्तासँगै जोरेर तीन चार ओटा मेच लहरै पंक्तिमा राखेका छन् । कोठाको साज-सर्जाम आफ्नो जीणाइँसाथ मैलो देखिए तापनि तात्कालिक स्वच्छताको कमी छैन । धूलोमैलो खऱ्याकखुत्रुक कतै एक तृण पनि छैन । एकातिर कभर हालेको एउटा सानो टेवुल छ । उसमाथि दुइटा काँचका गिलासहरू र राम्ररी माजेर टल्काएको एउटा करुवा छ । एउटा कुनै सिरपको बोतल पनि (पृ. १४९) ।*

सम्झनाले बिस्नुलाई आफ्नो विगत जीवनबारे बताउँछे । उसले आफ्नै श्रीमानबाट लेखपढको काम सिकेकी हुन्छे । सम्झना र बिस्नुबीच नारीमा बुद्धि र ज्ञानमा कुन बढी चाहिन्छ भन्ने कुरामा विवाद हुन्छ । बुद्धि भएकी स्वास्नीलाई

लोग्नेले माया गर्न सक्दैन भन्ने सम्झनाको निष्कर्ष देखिन्छ । यस कुराले बिस्नु आफ्ना दाजु र भाउजूलाई सम्झन्छ । सम्झनाको रोगग्रस्त लोग्नेसित सामान्य कुराकानी गरी बिस्नु त्यहाँबाट निस्कन्छ । हावा खान टुँडिखेलतिर जाँदा बिस्नुले दाजु-भाउजू, लक्ष्मी, दिदी-भिनाजु, ठूलाबालाई सम्झ्यो । यस्तै मनमा विभिन्न कुरा खेलाउँदै ऊ टुँडिखेल बिजुली अड्डाको बाटो गरी लुमडी स्थानको कुनामा पुग्यो । त्यहाँ लेखनाथ बाजे र बडे सरकारबीच धर्म र धनका विषयमा चर्चा भइरहेको थियो । महाराजको सवारी हुँदा त्यहाँ जम्मा भएका चाकरीबाजले देखाएका व्यवहारलाई प्रत्यक्ष रूपमा देख्यो । बिस्नुले लक्ष्मीलाई मन पराएको कुरा गोपालले बुझिसकेको हुन्छ । त्यसैले लक्ष्मीलाई माग्ने प्रस्ताव राख्छ तर बिस्नु आफ्नो परम्परित संस्कार बताएर उम्किन चाहन्छ । यसलाई गोपालले संस्कारले थिचिएको आदर्श मात्र मान्छ ।

लक्ष्मी लेखनाथ बाजेलाई काठमाडौँ घुम्न आएको बिस्नुलाई आफ्नो घरमा आमन्त्रण गर्नुपर्ने आशय व्यक्त गर्छे । लेखनाथ बाजे चाकरीमा पुग्नु अघि बडे सरकार बसेको डेरा डिल्लीबजारमा पुगी बडे सरकार, बिस्नु, गोपाललाई आफ्नो घर आउने निमन्त्रणा गर्छन् । बिस्नु लक्ष्मी कहाँ जाने नजाने द्वन्द्वमा पर्छ । गोपाल बिस्नुलाई काठमाडौँ आउनुको सत्यता बताउँछ । उनीहरू लेखनाथ बाजेका घरमा पुग्छन् । बिहानको नास्ता गर्ने समयमा बिस्नु आफ्नो घर र भाउजूलाई सम्झिन्छ । हरिबोधनी एकादशीका दिन गोपाल र बिस्नु पशुपतिनाथ र गुह्येश्वरीको दर्शन गर्न जान्छन् । घुइँचोमा घच्याडिँदै उनीहरूले देवीको पीठ र पशुपतिको दर्शन गर्छन् । यहीँ बिस्नु र गोपालको सम्झना र उसको दाजुसित भेट हुन्छ । सम्झना आफ्नो बुद्धिमताको प्रदर्शन गर्छे । उनीहरूले टाढैबाट त्यहाँ लक्ष्मीलाई देख्छन् । काठमाडौँ छोड्ने समयमा पुनः बिस्नु र गोपाल यङ्गाल टोलमा सम्झना कहाँ पुग्छन् । सम्झनाको आग्रहमा बिस्नुले दाजुभाउजूको बारेमा बताउँछ । उनीहरूबीच लक्ष्मीको पनि चर्चा हुन्छ । सम्झनाले यहीँ बिस्नुको घर र होस्टलसमेतको ठेगाना लिई ।

आफ्नो जिमिदारी जोगाउन काठमाडौँ आई महाराजको चाकरीमा लागेका बडे सरकारलाई केही सफलता प्राप्त हुन्छ । बाँकी रहेको पैसट्ठी हजार मालपोतको रकम पन्ध्र हजार माफ भई पचास हजार एक वर्षभित्र दुई किस्तामा तिर्नु पर्ने भयो । त्यसपछि उनी काठमाडौँ छोडी काशी जाने तयारीमा लाग्छन् । काठमाडौँ छोड्ने समयमा बडे सरकार लेखनाथ बाजेका घरमा पुग्छन् । त्यहाँ रामेश्वरसित भेट हुन्छ । रामेश्वर गोसाइँपुर, बनारसमा बसेको बिस्नु, विराटनगरका सबै हालखबर बडे सरकारलाई बताउँछन् । बडे सरकारले पनि काठमाडौँमा भएका सम्पूर्ण घटना बताउँछन् । बडे सरकारले पहिलो पटक लेखनाथकी छोरी लक्ष्मीलाई यहीँ भेट्छन् । उनीहरू छिटै राणा शासन ढल्ने कुरा गर्छन् । बडे सरकारका कुरा गराइमा मानिसमा हुनुपर्ने मानिसप्रतिको ममता प्रकट भएको छ ।

काठमाडौँमा लक्ष्मीका विवाहका लागि अनेक प्रस्ताव आउँछन् । तीमध्ये दरबारका नजिकका पावर भएका व्यक्तिलाई लेखनाथ बाजे रोज्छन् । लक्ष्मी बिस्नुलाई मन पराए पनि आफ्नो कुरा बाबुलाई भन्न सक्तिन । रामेश्वर नेपालको बिग्रदो राजनीतिक अवस्थाले गर्दा छिटै काठमाडौँ छोड्न सक्दैन । तीन महिनापछि राहदानी बनाई काठमाडौँ छोड्छन् । रामेश्वर काशी पुगेपछि सरला कुनै नातेदारको छोराका ब्रतबन्धका लागि काठमाडौँ पुगी । ऊ त्यहाँ लेखनाथ बाजेका घरमा बस्छे । त्यहीँ रामेश्वरले चिठी  पठाउँछ । जसमा बिस्नु र लक्ष्मीको विवाहको कुरा लेखिएको हुन्छ । सम्झनाको बुद्धि र रूपको चर्चा गरिएको हुन्छ । सम्झनाको उपस्थिति काशीमा हुनुले लक्ष्मीमा अव्यक्त क्लेशको अनुभव हुन्छ । लक्ष्मी आफू विवाह नगर्ने कुरा बाबुलाई भन्छे तर लेखनाथबाजे यो कुरा मान्न तयार छैनन् । उनी भारदार पुत्रलाई नै उपयुक्त वर मान्छन् । उसकी चीररोगिणी पत्नी त्यस्ता दुई दिनका पावर भएका व्यक्तिलाई छोरी दिन चाहन्नन् । उनले लक्ष्मीका मनका कुराका साथै सरला र रामेश्वरसित शर्मा परिवारको सम्पूर्ण कुरा बुझ्केकी हुन्छिन् । त्यसैले उनी शर्मा परिवारका उत्तराधिकारी बिस्नुलाई दिन चाहन्छिन् । यो कुरा लेखनाथ बाजेसम्म पुग्छ । लेखनाथ बाजेले पनि नेपालको वर्तमान राजनीतिक अवस्थाले भारदारका

छोरासँग लक्ष्मीको बिहे गरी दिने निर्णय गर्न सकेका छैनन् । सरलाले रामेश्वरको चिठी पाएपछि शर्मा परिवारमाथि आइपरेको विपत्तिको समयमा कनकलाई साथ दिन गोसाइँपुर जाने निर्णय गर्छे । थानकोटसम्म लेखनाथ बाजे आफैँ पुऱ्याउन जान्छन् ।

बनारस पनि **आगत**को अर्को महत्त्वपूर्ण कार्यस्थल हो । बिस्नु बनारसमा बसी पढिरहेको छ । ऊ त्यहीँको होस्टेलमा बस्छ । बडे सरकार पनि वितरागी भई तीर्थाटनका लागि बनारसमै बस्दै आएका छन् । सरलाले बोलाई बनारस आएकी लक्ष्मीलाई लिई सरला बिस्नुको कोठामा पुग्छिन् । त्यहाँ कनकको चिठी, शर्मा परिवारका व्यक्तिहरूका सम्बन्धका बारेमा चर्चा हुन्छ । बनारसमा यातायातका लागि रिक्सा, मोटरको प्रयोग गरिएको छ । बिस्नुको कोठा, कोठा बाहिरको वरन्डाको चर्चा गरिएको छ । बिस्नु लक्ष्मीसँगको पहिलो भेटमै आकर्षित हुन पुग्दछ । लक्ष्मीमा पनि बिस्नुप्रति उत्सुकता जाग्दछ । दुबै सम्पन्न परिवारका र शिक्षित पनि भएकाले तर्कशील रहेका छन् । लेखनाथ बाजे र लक्ष्मी ब्रह्माघाटमा बसेका थिए । बिस्नु त्यहाँ पुग्दा लेखनाथ बाजेले बैठकमा लगी बसाले । उनीहरू बीच घरव्यवहार, राजा, दरबार आदि विषयमा चर्चा हुन्छ । यहीँ गुल्मीको पनि चर्चा भएको छ । बिस्नुलाई त्यहाँ खाना खुवाउने काम हुन्छ । खाने काम सकिएपछि बिस्नु र लक्ष्मी बैठकमा आई बस्छन् । बिस्नु कौचमा र लक्ष्मी सामुन्नेको स्प्रिंगदार मेचमा बस्छन् । सरलाको बैठकमा प्रवेशपछि शर्मा परिवारलाई काठमाडौँ घुम्ने आग्रह गरिएको छ । यहाँ पशुपति, गुह्येश्वरी, बज्रयोगिनी, दक्षिणकाली, सुन्दरीजल, नीलकण्ठ, बालाजुजस्ता काठमाडौँका विविध स्थानको चर्चा हुन्छ ।

घरबाट कनकको चिठी आएकाले बिस्नुले स्थानीय डाँकबाट सरलालाई चिठी पठाउँछ । चिठी पाई सरला र लक्ष्मी विश्वविद्यालयको होस्टलमा पुग्छन् । कनकको चिठीमा बिस्नुको विवाहका लागि गुह्येश्वरीले बनारसमै गार्गी नामकी केटी खोजेको र केटीको रूप गुणको समेत चर्चा गरिएको थियो । बिस्नु र सरला विवाहको रमझम, ठूलो भोजको आयोजनाको विषयमा कुरा गर्छन् तर लक्ष्मीलाई भने यी कुराले त्यति खुशी पार्दैन । सरला र लक्ष्मी मोटरमा घर फर्कन्छन् । घर फर्केपछि

लक्ष्मी आफ्नो कोठामा गई ओछ्यानमा पल्टिन्छे । उमेश बनारस जाँदा विश्वविद्यालय बाहिरको टोलको एउटा घरमा बस्छन् । बिस्नु, सरला र लक्ष्मी लङ्कास्थित उमेश बसेको कोठामा जम्मा हुन्छन् । लक्ष्मी र उमेशको पहिलो भेट यहीँ डेरामा हुन्छ । कुरा गर्दै जाँदा कोठामा अँध्यारोले बिस्तारै प्रवेश गरेको अनुभव गरे । बिस्नुले बिजुली बत्ती बालिदिन्छ । तुरुन्तै प्रकाश कोठाभरि फैलिन्छ ।

उमेश काशी सहरमा देवताहरूको दर्शन गर्ने, हेर्नुपर्ने ठाउँ घुम्ने बजारमा मन लागेको किनमेल गर्ने, साँझमा दशाश्वमेघ घाटको बत्ती बलिसकेपछि घुइँचोले भरिभराउ विश्वनाथ गल्लीमा झकिझकाउ भएका लहरै पसलहरू हेर्ने र अनेका प्रकारका सहरिया वातावरणमा डुल्यो । उमेशले बहिनी, भान्जाभान्जी, सरला र लक्ष्मीलाई उपहार किनी पठाउँछन् । लक्ष्मीले उपहारस्वरूप दिइएको सारी नलिई फिर्ता पठाइदिन्छे । यसले गर्दा उमेश नमीठो अनुभव गर्छ । सामुन्ने फैलिएको गङ्गाको छेउमा फराकिलो विस्तृत दशाश्वमेध घाटको चहलपहल र गङ्गास्नान गरी दाजुभाइ विश्वनाथ मन्दिर पुगी दर्शन गर्छन् । उनीहरू सरलालाई लिन लेखनाथ बाजे कहाँ पुग्छन् । लेखनाथ बाजे बसेको घर र उमेश बसेको लङ्कास्थित डेरामा भएका लक्ष्मी, बिस्नु, सरला र उमेशका कुराकानीबाट उपन्यास अघि बढेको छ । लक्ष्मीले आफ्नो गल्ती महसुस गरी लङ्कास्थित डेरामा आउँदा उमेशले दिएको उपहार लिएर जान्छे । उमेशलाई बनारस छाडी घर जानु परेकाले बिस्नुसहित गुह्येश्वरीका घरमा पुग्छन् । रामानन्द बाबु बैठक कोठाको ठूलो आरामी मेचमा बसी मुखभरि पान हाली बसेका थिए । यही मीरघाटस्थित घरमा उमेश, बिस्नु, रामानन्द बसी हाँसठट्टा गर्छन् । नारीका रूप, गुणको चर्चा हुन्छ । गुह्येश्वरीले बिस्नु परिणय गार्ग्रीलाई यही घरमा उमेशलाई देखाएकी थिई । यसै बखत गुह्येश्वरी विवाहको कुराको निर्णय दाजुसँग माग्छे तर उमेश त्यो जिम्मा कान्छी मालिक्नीलाई सुम्पन्छन् । रामानन्द बाबुले पनि यसै कुरालाई स्वीकार्दै आमा वा भाउजूलाई नै ल्याएर देखाउन भन्छन् । रामानन्दले गुह्येश्वरीको भन्दा भाउजू कनकको विश्वास बढी गरेकाले

गुह्येश्वरीलाई लोभ र अपमान बोध हुन्छ । उमेश, बिस्नु र रामानन्द बीच बडे सरकार र गोसाइँपुरको भावी सङ्कटका बारेमा चर्चा हुन्छ ।

केही दिनको बनारस बसाइ पछि उमेश गोसाइँपुर जाने तरखरमा लाग्छ । उमेशको सुसारे रामुले पनि केही आफ्ना लागि र केही घरका लागि सामान किन्छ । सबै जना उमेशको लङ्कास्थित डेरामा जम्मा हुन थाल्छन् । गुह्येश्वरी आएपछि जिमिदारीको समस्या र त्यसको समाधानका लागि काठमाडौँ जानुपर्ने कुरा हुन्छ । लेखनाथ बाजे, लक्ष्मी र सरला पनि आइपुग्छन् । आवश्यक अभिवादन शिष्टाचारपछि लेखनाथ बाजे र लक्ष्मीसित गुह्येश्वरीको परिचय गराइन्छ । जिमिदारीको रक्षार्थ र दरबारसँग नजिकको सम्बन्ध राख्न लेखनाथ बाजे बडे सरकार अथवा छोटे सरकारलाई भए पनि काठमाडौँ पठाउन आग्रह गर्छन् । विराटनगरमा केही युवाहरू जागरुक हुन थालेकाले लेखनाथ विराटनगर जान रुचाउँदैनन् । यस्ता राजनीतिक चहलपहलका कुरा यही कोठामा हुन्छ । लक्ष्मीले उमेशको बनारस बसाइका क्रममा उसलाई राम्ररी नियाल्ने मौका पाउँछे अनि सरलाले उमेशको बारेमा गरेको वर्णनमा अत्युक्तिभन्दा अल्पोक्ति नै भेट्छे । लङ्काबाट स्टेसनसम्मको यात्रा मोटरबाट पार गरेका छन् । स्टेसन पुग्दा त्यहाँ घुइँचो तथा हल्ला हुन्छ । प्लेट फार्ममा गोरखपुर जाने रेल रोकिएको हुन्छ । यही स्टेसनबाट उमेशहरि घर फर्किन्छन् । बनारस बसुन्जेल सम्पर्कमा रहेका उमेशहरि फकदा लक्ष्मीका आँखाबाट आँसु झर्छ । ऊ सबैभन्दा पछि भएकीले यो कसैले देख्दैनन् ।

आफ्नै काम र सरलालाई लिन रामेश्वर काशी पुग्छन् । ऊ दशाश्वमेध घाटको एउटा बङ्गाली घरमा बस्छ । त्यहाँ थुप्रै छात्रहरू पनि बस्दथे । विश्वविद्यालयको छात्रावासमा बिस्नुको गोपालसित भेट हुन्छ । गोपाल विराटनगरका बासिन्दा हुन् । उनी काशीमा पढ्न बसेका हुन् । यहीँ रामेश्वरले शर्मा परिवारको नयाँ कथा थाहा पाउँछ । भावी सङ्कटले बडे सरकार, छोटे सरकार र कान्छी मालिक्नीलाई अपमान बोधले पिरोल्ने कुराको चर्चा हुन्छ । गोपालको बुद्धिमताको परिचय पनि यहीँ पाइन्छ । रामेश्वर, बिस्नु र गोपाल ब्रह्माघाट पुगी सरला, लक्ष्मी र

लेखनाथ बाजेलाई भेट्छन् । शर्मा परिवारको नयाँ खबर थाहा पाई शर्माहरू अब ओरालो लागे भन्ने विचार लेखनाथ व्यक्त गर्छन् । यस कुराले लक्ष्मीलाई नराम्रो असर पार्दछ । लक्ष्मीका अप्रत्याशित विचार लेखनाथका मानसपटलमा घुम्न थाल्छन् । बिस्नु लक्ष्मीलाई मन पराएर पनि पारिवारिक मर्यादाजनित मनको संयमले त्यो प्रस्फुटित हुन पाएको थिएन । यहीँ घरमा लक्ष्मीले हठात बिस्नुको हात समाएकी थिई । विराटनगर जाने बेला रामेश्वर, सरला र लक्ष्मी बिस्नुसित बिदा हुन होस्टेल पुग्छन् । त्यसपछि रामेश्वर, सरला, लक्ष्मी र लेखनाथ बाजे सबै विराटनगरतर्फ लाग्छन् । बनारसमै पढ्दै गर्दा बिस्नु र गोपालको घनिष्ठता बनिसकेको हुन्छ ।

बडे सरकारले घरका सारालाई काशी आउन चिठी लेखेपछि छोटे सरकार, उमेश र बिस्नुसमेत काशी पुग्छन् । धेरै समयदेखि प्रवासमा बस्दै आएका बडे सरकारसँग साराको भेट हुँदाको अवस्था एकदमै कारुणिक देखिन्छ । बिस्नु र उमेश लङ्कास्थित डेरामा बस्छन् । बडे सरकार, छोटे सरकार र उमेश बसी मालपोत कसरी तिर्ने भन्ने बारे छलफल हुन्छ र कर्जा लिनेमा नै गएर कुरा टुङ्गिन्छ । यहीँ उपाध्याय बाबा, विनय, अम्बिकासित छोटे सरकार र उमेशको भेट हुन्छ । देशको राजनीतिक अवस्थाबारे र जिमिदारी पाप वा पुण्य भन्ने विषयमा तर्कवितर्क चल्छ । अधिनायकवादको चर्चा हुन्छ । उपाध्याय बाबाहरूसँगै उमेश पनि उहाँको डेरा हेर्न भनी गयो । बनारस सहरको व्यस्त तथा घुइँचोले भरिभराउ राजपथमा जिमिदारीको कुरा गर्दै हिँडे । केही समयपछि ब्रह्मघाट पुगे । त्यस घरको अवस्थितिको वर्णन भिक्षुले यसरी गरेका छन्- *बहालको भए पनि गङ्गातटसँगै भएको घर र त्यसको बैठक-कोठा गङ्गातिरै भएकाले झ्याल खोल्दा त्यहाँ स्नानार्थी, कोलाहल र जाह्नवीका लहर, साना ठूला डुङ्गाहरूको आवत-जावतको दृश्य निकै रमाइलो थियो (पृ. २४८) ।*

सामान्य कुराकानीपछि उमेश लेखनाथ बाजे बसेका घरबाट एउटा ट्याक्सीमा लङ्कातिर लाग्यो । त्यहाँ उसको गोपाल र श्वेत-वसना युवती सम्झनासित परिचय हुन्छ । यसरी एक्ली तरुनी नारी गोपालसँग काशी आइपुगेकी र आफ्नो भाइको

कोठामा देखेर उमेशको मनश्चेतनामा प्रभाव पारेको थियो । उमेशको सर्वाङ्ग मिलेको शुभ्र शरीर र अनुहारका समृद्ध आभामा सम्झना तन्मयग्रस्त हुन पुगेकी थिई । यस भेटघाटमा सम्झनाको काशी बसाइ र सम्बन्धका बारेमा पनि कुरा हुन्छ । गोपाल र सम्झना दश्वामेधमा बसेका हुन्छन् ।

बडे सरकारको काशी दशाश्वमेधस्थित घरमा उपाध्याय बाबा र उनका मामाका छोराहरूसित भेट हुन्छ । ती विनयप्रसाद र अम्बिकाप्रसाद हुन्छन् । उनीहरू ब्रह्माघाटको डेरामा बसेका हुन्छन् । उनीहरू राजनीतिक चेत भएका युवा थिए । उनीहरूका विभिन्न तर्कहरूको उत्तर बडे सरकार आफ्नो उमेरको अनुभवले गर्दा एकदम शालीन ढङ्गले दिन्छन् । काठमाडौँबाट विराटनगर हुँदै रामेश्वर बाबुको खोजीमा बनारस पुगे । रामेश्वरले शर्मा परिवारका सदस्य तथा अम्बिका, विनय सबैलाई एकैसाथ बनारसमा भेट्यो । बिस्नुको लङ्कास्थित डेरामा उमेश दिवा-निद्राबाट बिउँझेर बसेका थिए । रामेश्वर, विनय र अम्बिका तीनै जना त्यहाँ पुग्छन् । उनीहरू जिमिदारी र सामन्ती व्यवस्थाको चर्चा गर्छन् । गोपाल र सम्झना पनि आइपुग्छन् । अम्बिका र विनयसित उनीहरूको परिचय गराइन्छ । सम्झनाको कुरा गर्ने शैली एकदम परिष्कृत र फरक देखिन्छ । उनीहरूबीच काठमाडौँमा भएको हत्याकाण्डको पनि चर्चा हुन्छ । सामन्ती व्यवस्थाको विरोधका लागि साङ्गठनिक पहल यही बिस्नुको कोठाबाट सुरु हुन्छ । सामान्य कुराकानीबाट थालिए पनि क्रान्तिको पूर्व तयारी गर्ने निर्णयमा पुगेर टुङ्गिन्छ ।

बिस्नुको विवाहसम्बन्धी छलफल गर्न रामेश्वरलाई लङ्कास्थित डेरामा डाकिन्छ । सम्झनालाई पनि ल्याउन उमेशले बिस्नुलाई अह्राउँछन् । सम्झना र रामेश्वरबीच गोसाइँपुर इलाकाको वर्णन हुन्छ । बिस्नुको लक्ष्मीसितको विवाहको कुराले सम्झना विचलित हुन पुग्छे । उमेश आफ्नो विवाह काठमाडौँमा भएको भए धेरै खुशी हुने थिएँ भन्ने विचार व्यक्त गर्छन् । उमेशको भरपर्दो कुराले समझना सुख-विह्ल हुन गई । गोपाल पनि त्यहीँ पुग्छ ।

छोटे सरकार र उमेश बनारसमै हुँदा रामनाथ तेवारीले गोसाइँपुरको अवस्था, मालपोत समयमा तिर्न नसके आइपर्ने सङ्कट र केही सुझाउसहित चिठी पठाए । उनीहरूको नेपालगञ्जतिरका दस बाह्र मौजाको इलाका मात्र चोखो रहेको थियो । यो कुरा बडे सरकार, उमेश र बिस्नु सबैले थाहा पाउँछन् । शर्मा परिवारमा आउन लागेको यस विपत्तिका बारेमा कुरा हुन्छ । उपाध्याय बाबालाई पनि बोलाइन्छ । मालपोतका लागि नेपालमा कोही ऋण दिन तयार छैनन् । भारतको अवस्था पनि खस्कँदो छ । अन्नको भाउ बढेको छैन । यसरी ऋण लिने कुरा चर्चामा मात्रै सीमित हुन्छ । जेजस्तो समस्या आइपरे तापनि त्यसको सामना गर्न उनीहरू तयार हुन्छन् ।

बनारस छोड्ने समय नजिकिँदै गर्दा उमेश र बिस्नु गङ्गास्नान र विश्वनाथ दर्शन गरी मीरघाट पुगे । त्यहाँ सामान्य हाँसखेलका साथै गोसाइँपुरको जिमिदारीमाथि आइपरेको सङ्कटको पनि चर्चा हुन्छ । लङ्काको डेरामा गोपाल, विनय, रामेश्वर र सम्झना जम्मा भइसकेका हुन्छन् । उमेश र बिस्नु पनि त्यसमा सामेल हुन्छन् । जिमिदारी सखाप हुन लागेकाले केही आनन्दको अनुभव उनीहरूले गर्दछन् किनभने देशबाट राणाको छायाँ हट्ने वातावरण बन्दै गइरहेको थियो । साङ्गठनिक कार्य कसरी अघि बढाउने भन्ने विषयमा छलफल हुन्छ । उमेश राणाहरूसँग होइन, देशवासीको मनसित लडाइँ गर्नुपर्ने बताउँछ । शर्मा परिवारमाथि विपत्तिको आशङ्का भएका समयमा सम्झना नाता लगाउन पुगेकी छ । शर्माहरू बाहुन जातका हुन् अर्थात् ‘भीक माग्ने जात’ भनी बडे सरकार र उमेशबाट सुनिन्छ । बिस्नु ग्रेजुएट सकेर पनि बडे सरकारको हेरविचारका लागि बनारसमै बस्छ । उमेश र छोटे सरकार मात्र गोसाइँपुर जाने तयारीमा लाग्छन् । गोपालको कोठामा रामेश्वर, अम्बिका र विनय भेला हुन्छन् । राणा विरोधी कार्यमा प्रवासी नेपालीको सहयोग वाञ्छनीय ठानेर दार्जिलिङ, आसाम, भाक्सू, वर्मा मलयाममा समेत प्रचार र चन्दा सङ्कलन गर्ने चर्चा हुन्छ । उनीहरूले विभिन्न ठाउँमा सहयोग लिई आफ्नो कार्यक्रम अघि बढाउने निर्णय गरे । उमेश र छोटे सरकारलाई बिदाइ गर्न सबै चिनजानका व्यक्तिहरू बनारसको क्यान्टनमेन्ट स्टेसन पुग्छन् । रेलबाट

उमेश र छोटे सरकार गोसाइँपुरतिर लाग्छन् । उमेश आफूबाट टाढा भयो भन्ने चेतनाले सम्भनालाई आक्रान्त पार्छ । उमेश अब कनक कहाँ पुग्ने सम्भेर कनकको भाग्यदेखि उसलाई ईर्ष्या लाग्छ । बनारसबाट गोसाइँपुर जाँदा गोरखपुरको पनि चर्चा भएको छ ।

बिस्नुको लङ्कास्थित डेरामा सम्भना उसको मनको कुरा थाहा पाउन विवाहका कुरा उठाउँछे प्रेम विषयक कुरा गर्छे । बिस्नुलाई आफूप्रति आकर्षित गर्ने प्रयास गर्छे । बिस्नुले माया प्रेमका विषयमा सम्भनाबाट धेरै कुरा बुभ्ने प्रयत्न गर्छ । सम्भनाका प्रायः दिनहरू बिस्नुको लङ्कास्थित डेरामै बित्छ । यस्तै आफ्ना जीवनका कुरा गर्दा उनीहरू लक्ष्मी र कनकका विषयमा पनि कुरा गर्छन् । बिस्नु हरेक दिन साक्षी विनायकको घरमा गई त्यहाँको व्यवस्था मिलाउँछ । त्यहाँ बडे सरकारका लागि पूजाको सामान मिलाउने व्यक्ति, भान्छे र एउटा सेवक हुन्छ ।

सरला काठमाडौँबाट हिँडेपछि पहिले आफ्नो माइत विराटनगर पुगी । रामेश्वरबाट काशी जाने अनुमति पाएर ऊ शीघ्र काशी जान्छे । सरला उपाध्याय बाबासँगै ब्रह्मघाटमा बस्छे । सरलाको बिस्नुको डेरामा सम्भनासित भेट हुन्छ । गुह्येश्वरी पनि त्यहीँ आइपुग्छे । सरला बिस्नुसित आफूलाई गोसाइँपुर पुऱ्याइदिन आग्रह गर्छे । विनय आफ्नो कार्यक्रमलाई सफल पार्न दार्जिलिङ, आसाम र कलकत्ताको यात्रा गर्छ । यात्राबाट फर्के पछि ब्रह्माघाटमा सबै भेला हुन्छन् । विनयले यात्राको सफलताबारे सबैलाई बताउँछ । यस कार्यमा सक्रिय सहयोग पुऱ्याउन बिस्नुलाई आग्रह गर्छ तर ऊ परिवारको आज्ञा नपाई त्यसमा प्रत्यक्षतः संलग्न हुन सक्दैन । बिस्नुको यस्तो व्यवहारलाई सम्भना उपेक्षा गर्छे । धेरै दिनपछि पुनः लङ्कास्थित डेरामा बिस्नु र सम्भनाको भेट हुन्छ । त्यहाँ उनीहरू प्राक्षालन विषयक चर्चा गर्छन् । बिस्नुलाई साक्षी विनायक जानुपर्ने भएकाले सम्भनालाई पुऱ्याउन दशाश्वमेध पुऱ्याउन मोटरमार्फत् जान्छन् । यस अवस्थामा सम्भनाले बिस्नुसित नजिकिने अवसर पाउँछे ।

काशीबाट गुह्येश्वरीले पठाएकी मानिससँग भेट भएपछि कान्छी मालिक्नी बिस्नुलाई गोसाइँपुर ल्याउन तुरुन्त उमेशलाई काशी पठाउँछिन् । उमेश बिस्नुलाई लिन बनारस स्टेसनबाट सोझै लङ्कास्थित डेरामा पुग्छन् । त्यहाँ बिस्नुसँग हालखबर बुझ्छन् र ठूलाबासँग बिस्नुलाई लिन आएको कुरा निवेदन गर्छन् । बिस्नुको पढाइ सकिएकाले काशीमा उसको केही काम थिएन । साक्षी विनायकको आफ्नै घर, दिदी भिनाजु आदिको सान्निध्यले काशीमा आफ्नै निवासको वातावरण जसरी ऊ बसेको थियो । उमेशको लङ्कास्थित डेरामा सम्झनासित भेट हुन्छ । सम्झनाले आफ्ना मनका सम्पूर्ण कुरा बिस्नुको अनुपस्थितिमा उमेशलाई बताउँछे र आमाले बिस्नुलाई किन लिन पठाइन् भन्ने विषयमा अनुमान गर्छिन् । उमेश र बिस्नुलाई बिदाइ गर्न सारा स्टेसन पुगे । बिस्नुले घर पुगेपछि आमा बिरामी भई दाजुले उपचारका लागि लखनऊ लगेको कुरा चिठीमार्फत् गोपाललाई जानकारी गरायो । रामेश्वर र उपाध्याय बाबालाई खबर गर्न ऊ दूधविनायक र दशाश्वमेध पुग्छ । गोपाल सम्झनालाई काठमाडौँमा उसको दाजुलाई जिम्मा दिई उमेशलाई सघाउन लखनऊ जान चाहन्छ ।

आगतको अर्को मञ्चीय कार्यपीठिका लखनऊ पनि हो । लखनऊमा अलि खुल्ला ठाउँमा उमेशका ससुरा रत्नदेव शर्माको राम्रो बङ्गला हुन्छ । उमेश र उसकी आमालाई त्यही बस्ने व्यवस्था मिलाइन्छ । ससुरा ज्वाइँमा जिमिदारी इलाका, खेतीपाती आदि विषयमा कुरा हुन्छ । कान्छी मालिक्नीको उपचार सुरु हुन्छ । गोपाल उमेशलाई सघाउन गोसाइँपुर हुँदै लखनऊ पुग्छ । गोपालको उपस्थितिले उमेशलाई केही राहत मिल्छ । गोपाल सम्झनालाई काठमाडौँ पुऱ्याएर आएकाले त्यहाँको हालखबर उमेशलाई बताउँछ । कान्छी मालिक्नीसँग गोपालको पहिलो भेट यही हुन्छ । स्वास्थ्यमा केही सुधार भएपछि उमेश र गोपाल आमालाई लिई गोसाइँपुर पुग्छन् ।

### ३.२.१.२ **समय**

समयका सन्दर्भमा यस उपन्यासका विभिन्न प्रसङ्गहरूबाट धेरै कुराको जानकारी पाइन्छ । यस उपन्यासमा राणाकालीन समय विशेष गरी जुद्ध शमशेरको शासनकालको सामाजिक, राजनीतिक, आर्थिक र शैक्षिक स्थितिको वर्णन गरिएको छ । वि.सं. १९८९ सालको भाद्र १७ गते शूलको व्यथाले तत्कालीन श्री ३ महाराज भीम शमशेरको मृत्यु भए पछि जुद्ध शमशेर नेपालका श्री ३ महाराज र प्रधानमन्त्री भए (शर्मा, २०५१:२३५) । जुद्ध शमशेरले २००२ साल मङ्सिर १४ गते सार्वजनिक सभाको आयोजना गरी आफ्ना भतिजा पद्म शमशेरलाई राजकीय श्रीपेच पहिऱ्याइ दिए । आफू चाहिँ राजर्षि महाराज बनी रिडीतर्फ लागेका थिए (शर्मा, २०५१:२५५) । जुद्ध शमशेरको यही १९८९ देखि २००२ सालसम्मको शासन अवधिको उत्तरार्द्धका केही वर्षहरूमा उपन्यास प्रत्यक्षतः केन्द्रित रहेको देखिन्छ । यिनकै शासन कालमा दोस्रो विश्वयुद्ध भएको हो । विश्वयुद्धको परिणाम स्वरूप विश्वमै आर्थिक सङ्कट उत्पन्न भएको थियो । जसले नेपाललाई पनि अप्रत्यक्ष रूपमा प्रभाव पारेको थियो । त्यस समयमा नेपालमा अन्नको भाउ घटेर आर्थिक मन्दी छाएको थियो । राणा शासक भने सम्पत्तिले आफ्नो ढुकुटी भर्न दत्तचित्त भई लागेका थिए । यस घटनालाई भिक्षुले उपन्यासमा यसरी सङ्केत गरेका छन्-

*देशको शासन हालै अर्थात् तीन-चार वर्षअधिमात्र नयाँ राणा परिवारमा गएकोले त्यो परिवार अर्थोपार्जनमा नै नितान्त दत्तचित्त हुँदा आर्थिक मन्दीको दरिद्रताको कालमा परेको प्रजालाई राज्यबाट कुनै संरक्षण वा माफ पाइने सुबिस्ताको आशा रत्ति पनि थिएन, त्यो पाइएको पनि थिएन (पृ. १०१, १०२) ।*

यसबाट पनि यो उपन्यास जुद्ध शमशेरको शासनकालको पछिल्ला केही वर्षमा केन्द्रित भएको स्पष्टिन्छ । गोसाइँपुरको ठूलो जिमिदारीभित्र रहेका रैतीहरू आर्थिक मन्दीको मारमा परेकाले मालपोतका लागि रकम जम्मा गर्न सक्दैनन् । त्यसैले शर्मा परिवारलाई सरकारी मालपोत तिर्न कठिनाइ परेको छ तर शासनसत्तामा रहेका श्री ३

महाराजले उनीहरूको समस्यालाई बुझ्ने कुनै प्रयास गरेका छैनन् । श्री ३ महाराजलाई जसरी पनि आफ्नो ढुकुटी भरी भविष्यका लागि जगेर्ना गर्नु थियो । त्यसैले यिनले थोरै मालपोत बाँकीमा पनि धेरैको जिमिदारी लिलाम गरेका थिए । उनीहरू आफ्ना सन्तान दर-सन्तानका लागि सम्पत्ति जगेर्ना गर्न चाहन्थे । यसका लागि उनीहरूले रैती दुनियाँको दुरावस्थाको समेत कुनै ख्याल राखेका थिएनन् । यस घटनालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ-

*रैती दुनियाँको दुरवस्थाको विचार राखी रुपियाँ छोडि राखेमा स्वयम् राजा नभए पनि भाग्य भगवान्को दयाले राज्यासनमा बसेका तत्कालीन श्री ३ महाराजको निजी ढुकुटी नै रित्तो रहने थियो, जसको लागि मौसुफका छोरा, नाति, सन्तान दर-सन्तानले मौसुफलाई अकर्मण्य भनेर मन मनै गाली गरिरहनुपर्थ्यो । यसरी जे गरेर पनि त्यो ढुकुटी भर्नु भराउनु नै लक्ष्य थियो (पृ. १११) ।*

जीवनको कुनै ठेगान नहुने र मरेपछि राज्य अरूको हातमा जाने भएकाले आफ्नो ढुकुटी खाली राखि छोड्नु मूर्ख्याइँ हुने देखी जसरी पनि राष्ट्रिय सम्पत्तिले नै तत्कालीन श्री ३ महाराज आफ्नो ढुकुटी भरिभराउ बनाउन चाहन्थे । आफ्नो स्वार्थपूर्तिका लागि रैती दुनियाँबाट मालपोत उठाई बुझाउन नसक्ने जिमिनदारको जिमिनदारी लिलाम सकार गराएर मालपोतको रकम असुल उपर गरेका थिए । यसरी उठाएका रकमबाट जुद्ध शमशेरले करोडौँ रुपियाँ खर्च गरी ४/५ महलहरू बनाएका थिए । आफूले श्री ३ को पद त्याग गर्नु पूर्व नै यिनले देशभरको रकम, सुन, चाँदी सङ्कलन गरेर आफ्ना सन्तान र सम्बन्धितहरू सबैलाई धनधान्यले पूर्ण बनाएका थिए । हजारौँ बिघा जमिन आफ्नो र आफ्ना सन्तानका नाममा दर्ता गराएका थिए ( शर्मा, २०५१:२५८) । यस्ता ऐतिहासिक घटनाहरू यस उपन्यासमा पनि भेटिन्छन् । यस उपन्यासको केन्द्र शर्मा परिवारको जिमिदारी र यस्तै अनेकौँ जिमिदारी राणा शासकका कुकृत्यका सिकार भएका थिए । भारतमा पनि सशस्त्र क्रान्तिको थालनी भएकाले भारतीय पुँजीपतिहरूलाई ती जिमिदारी सकार गराएका थिए । लिलामीको

समयमा थोरै रकममा जमिन हात पार्न काठमाडौँका राणा, थापा, गुरु-पुरेत, भाइ-भारदार आदि सामन्त वर्ग पनि अग्रसर हुन्थे ।

श्री ३ महाराजले लिलाम गरी सकार गराई दिएका नयाँ जिमिदारलाई त्यहाँका रैतीहरूबाट मालपोत उठाउने अधिकार दिइएको थियो । जसले गर्दा ती रैतीहरू घरबारविहीन बन्न पुगे । नयाँ जिमिदारका म्यानेजर कारिन्दाले रैतीमाथि गरेका दुर्व्यवहार र श्री ३ महाराजको धनप्रतिको लोभलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ-

*पुराना बासिन्दा रैती जिमिनदारहरू घरबारविहीन, जीविकारहित, निस्सहाय निरूपाय भएर देश छोडी रुँदै कल्पँदै परिवारका परिवार विदेशिन लागेको दृश्य तिनताक त्यस प्रान्तको अत्यन्त करुण रमिता थियो । तर काठमाडौं राजधानी र राणा राजालाई यी सारासित, प्रजाको यस करुण निर्वासनसित कुनै वास्ता थिएन । खालि बर्सेनी असूल हुने रुपियाँ असूल हुनैपर्छ र श्री ३ महाराजको ढुकुटी भरिनैपर्छ भन्नेमात्रको वास्ता थियो (पृ. ११३) ।*

उपन्यासको ६१ औं परिच्छेदमा 'राणाकालीन एक शताब्दीको अवसान कालले भविष्यको आवरण मुन्तिरबाट आफ्नो अनुहार उघारेर चियाइरहेको थियो' (पृष्ठ ५६६) भन्ने वाक्य रहेको छ । यस वाक्यले उपन्यासको कार्यव्यापार २००३ सालपूर्वका समयमा नै घटित भएको देखिन्छ । बिस्नु आफ्नो पढाइ सकेर पनि ठूलोबुबाको हेरविचारका लागि बनारसमै बसेका थिए । उनले पुगनपुग दस वर्षजति बनारसकै डेरामा बिताएका थिए (पृ. ५१४) । यसबाट सामान्यतः जुद्ध शमशेरको शासनकालको उत्तरार्द्धको लगभग दस वर्षको कालिक परिवेशमा उपन्यास केन्द्रित रहेको कुरा पुष्टि हुन्छ । भिक्षुले जुद्ध शमशेरकालीन परिवेश, शोषण, दमन र मनपरीतन्त्रलाई औपन्यासिकीकरण गर्ने क्रममा तराईको गोसाइँपुरस्थित मानवतावादी शर्मा परिवारको कारुणिक आर्थिक पतनको चित्रण गरेका छन् ।

राणाहरूको दमनको विरुद्ध नेपाली युवा सचेत हुन थाले । गुप्त रूपमा विभिन्न सङ्गठनहरू बनाई नेपाली जनमानसमा राजनीतिक चेतना जगाउन युवाहरूले सक्रिय भूमिका खेलेका थिए (शर्मा, २०५१:२५१) । उनीहरूका क्रियाकलापबाट सशङ्कित भएका राणा सरकारले व्यापक धरपकड गरी उनीहरूलाई गिरफ्तार गरे । त्यसमध्ये चार जनाको १९९७ माघ महिनामा निर्ममतापूर्वक हत्या गरे भने केहीलाई आजीवन कारावास तथा निर्वासनको सजाय दिए (शर्मा, २०५१:२५४) । यसरी चार सहिदको हत्याबाट राणाशासन विरोधी जनभावना चरम सीमामा पुग्यो । यो इतिहास प्रसिद्ध घटनालाई भिक्षुले उपन्यासमा विनय, अम्बिका, गोपाल, सम्फना, रामेश्वर, उपाध्याय बाबा आदि मार्फत् प्रस्तुत गरेका छन् । उनीहरू मिली राणा विरोधी कार्यक्रम तय गरेका थिए । उनीहरूले श्री ३ को रोलक्रमबाट हटाएर उपत्यकाबाट निष्कासित गरिएका राणाहरूको सहयोग प्राप्त गरेका थिए । प्रवासमा रहेका नेपालीलाई सचेत बनाउन विनयले विभिन्न ठाउँको भ्रमण गरी आफ्नो अभियानको बारेमा जानकारी गराएको थियो । उनीहरूले सशस्त्र क्रान्तिको थालनी विराटनगर जुट मिलबाट सुरु गरी देश व्यापी रूपमा अघि बढाउने कार्यक्रमको योजना बनाएका थिए । उचित पारिश्रमिक, निवास स्थल, काम गर्ने समय निर्धारण आदि विषयसँग सम्बन्धित मागहरू राखी विराटनगर जुट मिल र कटन मिलका कामदारहरूले ४ मार्च १९४७ (फागुन, २००३) देखि हड्ताल सुरू गरेका हुन् (शर्मा, २०५१:२६१) । यस घटनाको चर्चा उपन्यासमा भएको छैन । योजनाको चर्चा मात्र गरिएको छ । त्यसैले उपन्यासको कालिक परिवेश वि.सं. १९९४ भन्दा पछि र २००३ फागुनभन्दा अघि भएको पुष्टि हुन्छ ।

### ३.२.२ सूक्ष्म परिवेश

#### ३.२.२.१ संस्कार

**आगत** उपन्यासमा सामाजिक-सांस्कृतिक चालचलन, रहनसहन, मान्यता-मर्यादा आदिका चर्चा प्रस्तुत छन् । सम्भ्रान्त एवम् उच्चवर्गीय शर्माहरूको स्वभाव, व्यवहार र संस्कारगत कृत्यहरू उपन्यासमा स्पष्टिएका छन् । उनीहरूका जीवनका विविध पक्षहरूलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

यस उपन्यासका पात्रहरू हिन्दू धर्मअनुसारको आचार विचारमा आस्था राख्छन् । दीन-दुःखी र गरिबप्रति सहयोगी भावना देखाउनु, अतिथिप्रति श्रद्धा र सम्मान प्रकट गर्नु आदि आचरणलाई शर्मा परिवारले आफ्नो आदर्श मानी पालना गरेका छन् । उनीहरूबाट उठाउन बाँकी मालपोतको रकम पनि जबर्जस्ती उठाउन चाहँदैनन् बरु उनीहरूका व्यवहार चलाउन विभिन्न सहयोग गरी आफ्नै परिवार सरह माया दिएका छन् । उमेशले सम्झनालाई बनारसमा भेटेपछि उसका जीवनका बारेमा सम्पूर्ण जानकारी लिन्छ । त्यसपछि सम्झनालाई भाउजूका रूपमा स्वीकार्ने वचन दिन्छ । गोपाल र बिस्नुले पनि सम्झनालाई भाउजू स्वीकारी सहयोग गर्छन् । शर्माहरू अतिथिलाई पनि आफ्नै परिवारको व्यवहार गर्छन् । अतिथिहरू शर्मा परिवारको आतिथ्यमा पारिवारिक वातावरण प्राप्त गर्छन् । पारिवारिक ममताबाट टाढा रहेको गोपालले शर्मा परिवारमा आमाको माया पाउँछ । यस उपन्यासका पात्रहरू आफूभन्दा ठूला मान्यजनको आदेशको पालना गर्छन् र उनीहरूलाई नाताअनुसार ढोग्ने तथा नमस्कार गर्ने गर्छन् । साँझको बत्ती बालेपछि बिस्नु पारिवारिक प्रथाअनुसार दाजुलाई ढोगी सरला र लक्ष्मीलाई नमस्कार गर्छन् । सरला र लक्ष्मी पनि उमेशको अगाडि उभिएर अलि टाउको निहुराउँछन् । उमेश उनीहरूलाई नमस्कार फर्काई आशीष दिन्छन् । यस सम्भ्रान्त शर्मा परिवारका सबै सदस्यहरू कडा पारिवारिक अनुशासन र मर्यादामा आवद्ध रहेका छन् ।

आइमाईले लोग्ने मानिससँगै बसेर खान नहुने प्रचलन रहेको छ । आइमाईहरू राम्ररी खुवाउनुमा नै परम सन्तोष मान्छन् । बाहुनकी छोरीको युवती हुन थालेपछि नै विवाह गर्ने प्रचलन नेपाली समाजमा रहेको छ । तर प्रचुर सम्पत्ति भएका लेखनाथ बाजे आफ्नो सम्पत्तिले नै लायक वर तानेर ल्याउने कुरामा ढुक्क थिए । त्यसैले उनी छोरीको विवाह गर्न हतारिएका थिएनन् । विवाह गर्दा चिना मिल्नु पर्ने कुरामा यस उपन्यासका पात्रहरू विश्वास राख्छन् । मधेसमा बुहारी घरबाट बाहिर निस्कन नहुने परम्परा रहेको छ । त्यसैले उमेश आफूसँगै कनकलाई लिएर जान सक्दैनन् । मधेसमा पर्दा प्रथा रहेको छ । त्यसैले कान्छी मालिक्नी बिरामी भई उमेशको ससुराको घर लखनऊमा लगेर राख्दा रत्नदेव शर्मा त्यस घरमा बस्न चाहँदैनन् ।

मधेसे र पहाडीहरूबीच विवाहसम्बन्धी मान्यतामा भिन्नता रहेको छ । मधेसमा केटीवालाहरू छोरीका लागि दुलाहा खोज्छन् भने काठमाडौँमा केटातर्फबाट केटी माग्ने प्रचलन रहेको छ । यसरी केटी माग्न आउँदा केटीवालाहरू गौरव बोध गर्छन् । यसरी भिन्न संस्कृतिको परिचय भिक्षुले यस उपन्यासमा दिएका छन् । मधेसमा छोरी बुहारीका लागि पर्दा प्रथा छ भने काठमाडौँमा त्यो स्थिति छैन । दाइजोप्रथाले निम्नवर्गीय व्यक्तिहरूलाई पारेको अप्ठेरो यस उपन्यासमा प्रस्तुत छ । मधेसमा एकादशी केवल कष्टसाध्य व्रतोपवासको दिन मात्र रहन्छ तर काठमाडौँमा हरिबोधिनी एकादशी उत्सव र चाडबाडका रूपमा मनाइन्छ । पशुपति महादेवको दर्शन गर्नु काठमाडौँको सांस्कृतिक परम्परा हो । सबै नर-नारीहरू रमाइलो गर्दै हाँसख्याल गर्दै हिँड्छन् । उनीहरूमा कुनै ईर्ष्या, द्वेष देखिँदैन, केवल उत्साह, आमोद मात्र देखिन्छ । हिन्दू धर्मका व्रत अनुष्ठानमा जात्राको रमाइलो काठमाडौँकै थिति हो । त्यो जात्रामा सनातनी वैष्णव, शैव, तान्त्रिक हिन्दू, बौद्ध र विभिन्न सम्प्रदायका व्यक्तिहरू सम्मिलित हुन्छन् ।

हिन्दू धर्मावलम्बीमा कुमारी केटीको चरण स्पर्श गर्ने प्रचलनअनुसार बडे सरकार लक्ष्मीको चरण स्पर्श गर्छन् । विधवा नारी सेतो पहिरनमा रहने नेपाली

संस्कृतिअनुरूप प्रोफेसरकी कान्छी श्रीमती सम्झना मैयाँ सेतो पहिरनमा देखा पर्छिन् । यस उपन्यासमा नारी समाजले भोग्नुपरेको अप्ठ्यारो र पालना गर्नुपर्ने परम्परित मान्यतासँगको विद्रोहको आवाज पनि उठेको छ ।

### ३.२.२.२ **धार्मिक पक्ष**

**आगत** उपन्यासका पात्रहरू हिन्दू धर्ममा विश्वास राख्छन् । बडे सरकार वितरागी भई बनारसमै बस्दै आएका छन् । उनी त्यहाँ दैनिक गङ्गास्नान गरी विश्वनाथको पूजाआजा गर्छन् । काशी हिन्दूधर्मावलम्बीका लागि पवित्र तीर्थस्थल हो । बडे सरकार आफ्नो जिमिदारीमा आएको सङ्कटलाई पार लगाउन विश्वनाथ बाबाको पूजा आरधनामा दत्तचित्त भएर लाग्छन् । बनारस बस्दा लेखनाथ बाजे पनि दैनिक गङ्गास्नान गर्छन् । काशीमा रहेको गङ्गा स्नानले पाप पखालिन्छ भन्ने कुराको चर्चा उपन्यासमा भिक्षुले लेखनाथमार्फत् यसरी गराउँछन्- *काशीको यही आनन्द हो, गंगा भागीरथीको स्नान, अझ दशाश्वमेध घाटमा; अनि विश्वनाथको दर्शन । मनै प्रसन्न हुन जान्छ । कल्मष त साँच्चिकै पतीत पावनीले पखालि नै दिन्छिन् (पृ. ५८) ।*

एकादशीमा व्रत बस्ने परम्परा गोसाइँपुर र काठमाडौँ दुबै ठाउँमा रहेको छ । गोसाइँपुरमा केवल व्रत मात्र बसिन्छ भने काठमाडौँमा त्यसलाई उत्सवका रूपमा मनाइन्छ । काठमाडौँमा दशैँ धुमधामका साथ मनाइन्छ । धार्मिक विश्वासले पिठहरूमा बली चढाउने प्रथा रहेको छ । आफ्नो जिमिदारीमा आएको सङ्कट टार्न कान्छी मालिक्नी र कनकसमेत कुलदेवताको मन्दिरमा गएर पूजा गर्छन् । कुलदेवीको मूर्तिका सुनका आँखा चोरिँदा कान्छी मालिक्नी मूर्छा पर्छिन् । मृत्युपछि शर्माहरूको मर्यादा सुहाउँदो मालिक्नीको कर्मकाण्ड सम्पन्न हुन्छ । त्यसैले एकवर्षसम्म बिस्नु र लक्ष्मीको पाणिग्रहण संस्कार हुन सक्दैन । गोसाइँपुर छोड्ने साइत हेराए पछि उमेश लगायत अरू कुलदेवताको मन्दिरमा अन्तिम पूजा र प्रणाम चढाउन पुग्छन् ।

### ३.२.२.३ राजनीति

तत्कालीन राणा व्यवस्था भएको समयमा नेपाली युवामा राजनैतिक चेत देखिन थालेको पाइन्छ । यसको आभास विराटनगरमा देखिन्छ । प्रगतिशील मानिने रामेश्वर पनि त्यतै रहने गरेका छन् । उमेश पनि सामन्ती व्यवस्थाको पक्षपाती रहेको छ । उसलाई आफ्नो जिमिदारी जाने कुरामा कुनै गुनासो छैन । बरू आफू जिम्मेदारीबाट मुक्त हुने आकाङ्क्षा राख्छ । सामन्ती व्यवस्थाको विरुद्धको आवाजमा ऊ पनि साथ दिन्छ ।

बडे सरकार काठमाडौँ रहेका समयमै विभिन्न राजनीतिक प्रयास सुरु भएका थिए । गुप्त षड्यन्त्र र राणाशासन विरुद्ध ठाउँठाउँमा पर्चा छर्ने, टाँस्ने आदि कार्य भइरहेको थियो । त्यसैले पहाड र मधेसतर्फको कुनै पनि प्रमुख व्यक्तिलाई सकेसम्म राजधानीमा बस्न नदिने सतर्कता अपनाइएको थियो । तराई प्रदेशमा आर्थिक मन्दीले गर्दा अन्नको भाउ घटेको थियो । त्यसैले सरकारले केही दिनलाई मालपोत तिर्ने म्याद दिएको थियो तर देशमा राणाशासन हटाउन राजधानीमा विभिन्न प्रयासहरू भएको थाहा पाएकाले उनीहरू सकेसम्म छिटो रैती जिमिदारहरूसित रकम असुल गरी आफ्नो ढुकुटी भर्न चाहन्थे (पृ. १०१, १०२) । त्यसैले जग्गा-जमिन धमाधम लिलाम-सकार हुन थालेका थिए । यसै समय भारतमा पनि राजनीतिक आन्दोलन क्रमशः चर्किंदै गइरहेको थियो । छिटै नै पुँजीवादी व्यवस्थामा खलल आउने देखी भारतीय पुँजीवालहरू नेपालतिरै धन लगानी गर्न चाहन्थे । काठमाडौँमा विभिन्न युवक मण्डलीको गठन भएको थियो । उनीहरू कसरी राणाहरूलाई ढलाउन सकिन्छ भन्नेतर्फ लागेका थिए ।

आफ्ना विरुद्ध लागेका नेपाली नागरिकलाई राणा शासकले पक्डेर मुद्दा चलाउँछन् । त्यसमा चार-पाँचजनाले ज्यान सजाय पाउँछन् र अरूलाई जन्मकैद तोकिन्छ । यस समयमा रामेश्वर काठमाडौँमा थियो । राहदानी लिन पनि गाह्रो थियो । काठमाडौँको वातावरण आकुल-व्याकुल अनिश्चित र सन्दिग्ध हुन पुगेको

थियो । चिठी पनि सेन्सरपछि मात्र सम्बन्धित व्यक्ति कहाँ पुग्दथ्यो । समय क्रममा काठमाडौँको राजनीतिक वातावरणमा छाएको व्याकुलता हट्दै गई दैनिक स्वाभाविकताले क्रम लिन्छ । मारिने बाहेक थुनुवाहरूको पनि टुङ्गो लागि सकेको थियो । यस काण्ड र सामन्ती व्यवस्थाको विरुद्ध लाग्ने क्रम बनारसबाटै सुरु हुन्छ । अम्बिका, विनय, गोपाल, रामेश्वर, सम्झना आदि मिली एउटा सङ्गठन बनाउने योजना तयार पार्छन् । प्रजातन्त्र ल्याउनका लागि जस्तोसुकै कार्य गर्न पनि उनीहरू तत्पर हुन्छन् । भारतको राजनीतिक वातावरण पनि क्षुब्ध हुन गएको थियो । देशको नेतृत्वमण्डल अङ्ग्रेज सरकारको थुनामा थियो । भारतीय जनता अन्यौलमा परेका थिए ।

विनय र अम्बिका मिलेर कार्यक्रम बनाउन थाल्छन् । उनीहरूले भारतीय अनेक नेता र राजनीतिज्ञहरूको परिचयको समेत उपयोग गर्ने निधो गरे । काठमाडौँ गई राजपरिवारसित कार्य सञ्चालनमा सहानुभूति र आर्थिक सहायता प्राप्त गर्न र निर्वासित राणाहरूबाट पनि अर्थ र कार्य सहयोग प्राप्त गर्ने कार्यक्रमको व्यवस्था मिलाए । विनय आफ्नो कार्यक्रमको सफलताका लागि नेपालीहरू बसोवास गर्दै आएका भारतका विभिन्न इलाकाको भ्रमण गर्छ । सबै जना आफ्नो डेरामा जम्मा भएका दिन उसले देशलाई एकतन्त्री शासनबाट मुक्त गराउन सशस्त्र क्रान्तिको आवश्यकता ठान्छ । यस भेलामा विनयले अब स्वतन्त्रता-आन्दोलन कसरी सञ्चालन गर्ने, कलकत्तामा रहेका निष्कासित राणाहरूलाई पनि नेपाली काङ्ग्रेसमा सामेल गराउने, नेपाली पल्टनको सहयोग लिने भन्ने कुरामा सल्लाह हुन्छ । पहिलो आन्दोलन विराटनगर कारखानाको श्रमिक आन्दोलनका रूपमा सुरु गरी देशभर एकैपटक सशस्त्र क्रान्ति गर्ने योजना बनाउँछन् । काठमाडौँमा पनि स्वतन्त्रता ल्याउने चेतना प्रारम्भ भइसकेको हुन्छ । चारजनाको हत्या गरेपछि राणाहरूको अन्त आइपुगेको देखिन्छ । उमेश बिस्नुलाई लिन काशी पुग्दा अम्बिका, विनयहरूलाई अबको राजनीतिक कार्यक्रमका लागि उचित सल्लाह दिन्छन् ।

### ३.२.२.४ पात्रको बौद्धिकता

**आगत** उपन्यासमा सामान्य तथा बौद्धिक पात्रको उपस्थिति रहेको छ । कनक र सम्झना बौद्धिक पात्रका रूपमा आएका छन् । उनीहरूकै विवाद र तर्कवितर्कमा उपन्यासले गति प्राप्त गरेको छ ।

कनकलता यस उपन्यासकी प्रमुख नारी चरित्र हो । उसले स्कुल-कलेजबाट शिक्षा प्राप्त नगरे पनि कुलीन पारिवारिक वातावरणबाट पर्याप्त ज्ञान प्राप्त गरेकी छ । ऊ रूपवती र गुणवती छे । बाठी तथा सुशीला कनक घरपरिवार, पाहुना, इष्टमित्र आदिको मन जित्न सफल छे । त्यसैले कनक साधारण आइमाईका रूपमा देखिन्न । उनी साधारण परिवेशमा खडा भएकी असामान्य नारी चरित्र हुन् (पौडेल, २०४७:७७) । कनक केही यथार्थपरक देखिए पनि उसका अधिकांश व्यवहारले ऊ आदर्शवादी भएको पुष्टि गर्दछ । ऊ केही मात्रामा आधुनिक र क्रान्तिकारी स्वभावकी भएकीले पर्दा प्रथाको विरोधमा उभिएकी छ । उसले आफूलाई घर गृहस्थीको कीरा ठान्दै परम्पराको विरोध गरेकी छ । ऊ पुराना पुर्खाले जस्तै नयाँ परिपाटी बसाउन चाहन्छे । संसारका सबै सुख सुविधाहरू पुरुषद्वारा नारीमा थुपारिए पनि आइमाईको जात सुख पाउने जात होइन भन्ने धारणा कनकको रहेको छ । सबै दु:खहरू आफूभित्रै समेटी अरूलाई खुशी राख्ने प्रवृत्ति उसको रहेको छ । कनक बौद्धिक स्थितिले सबल भए पनि कार्य र मानसिक दृष्टिले दुर्बल  देखिन्छे । यसबारे सरलाको टिप्पणी यसप्रकारको रहेको छ-

*दिज्यूमा मालिक्नीको तत्त्व छैन । बुहारी भए पनि उहाँको बुद्धिबाहेक काँध र मन दुबै निर्बलियो नै छ । उहाँलाई त आफूलाई नै तिल तिल गरी खानुबाहेक अरू उपाय छैन । खाइराखून् आफ्नै ज्यान-प्रान (पृ. ६४) ।*

कनकको बुद्धिमताको परिचय उपन्यासको थालनीमै बिस्नुसितको कुराकानीबाट पाइन्छ । ऊ तर्कशील पनि रहेकी छे । सबै कुरामा ऊ बुद्धि र विवेकलाई अघि सार्छे । नवयुगको आगमनको चेतना उसमा रहेको छ । ऊ बुद्धिमती

भएकीले आउन सक्ने ठूलो आर्थिक विपत्तिले पनि उसलाई केही असर पार्न नसकेको देखिन्छ । कनकको बुद्धिमताको सम्बन्धमा बिस्नुको भनाइ यस्तो रहेको छ- *छोड्नुस् सीता, छोड्नुस् पुराण, मकहाँ नै मेरी भाउजू छिन् । रूप पनि मामूली छैन र बुद्धिको थाहै लाग्दैन (पृ. १५६) ।*

सम्भना यस उपन्यासकी महत्त्वपूर्ण र प्रमुख नारी चरित्र हो । ऊ एउटा रोगी प्राध्यापककी रूपवती पत्नी हो । उसले निजी अध्ययनबाटै धेरै ज्ञान आर्जन गरेकी छ । सौन्दर्यशाली सम्भना निकै बोलक्कड, तार्किक र निर्धक्क देखिन्छे । जुनसुकै विषयमा पनि तर्क गर्न ऊ पछि पर्दिन । हरेक कुरामा आफ्नै धारणा भएकाले उसको कसैसित कुरा मिल्दैन । आधुनिक नारीका रूपमा देखिएकी सम्भनाका दृष्टिकोणहरू पनि नवीन रहेका छन् । ऊ पतिको मृत्युपश्चात् उसकै सतीत्वमा रहनुपर्ने नितीसित असहमत छे । अहम्वादी सम्भना एकादशीको महात्म्यलाई रमिता ठान्दै रामसीताप्रति व्यङ्ग्य गर्छे भने रावणलाई असल ठान्छे । आफ्नै श्रीमान्को सहयोगबाट सम्भना पढाइमा संलग्न भएकी हो । ज्ञानको वृद्धिसँगै ऊ हरेक कुरामा कारण खोज्ने भई । उसले प्राप्त गरेको ज्ञानका कारण श्रीमानबाट तिरस्कृत पनि बन्न पुगी । प्रेम र यौनमाथि उसका आफ्नै सिद्धान्त र विचार छन् । प्रकृतिगत कुराहरू गर्नु पाप होइन भन्ने धारणा उसको रहेको छ । आफूले कुनै अपराध नगरे तापनि दुःख, कष्ट, अभाव र पीडामा बाँच्नु परेकाले भगवान्प्रति उनको विश्वास छैन । जति नै दुःख पाए पनि बाँच्नु पर्ने यथार्थलाई भने स्वीकार्छे । सम्भनाले हाम्रो समाजका पुरुषहरूले नारीमाथि गर्ने व्यवहारप्रति यसरी तीखोको व्यङ्ग्य गरेकी छ- 'आइमाईले सेवा लिनु हुँदैन, ऊ त सेवा गर्नेको हकदार' (पृ. २५४) । बिस्नुसितको भेटमा सम्भनाले 'हामी आइमाईहरूमा बुद्धि बढ्ता हुनु बेस हो कि औधि राम्रो रूप ?' (पृ. १५१) भन्ने प्रश्न गरेकी छे । उसले राजनीतिक छलफलमा पनि भाग लिएकी छ । उसका कुरा र व्यवहारबाट उसको बुद्धिमता स्पष्टिन्छ ।

### ३.२.२.५ जीवनपद्धति

**आगत** उपन्यासले शर्माहरू र त्यस परिवारसँग जोडिएर आएका आफन्तहरूको जीवनपद्धतिलाई समेटेको छ । शर्माहरूले आफ्नै पारिवारिक संस्कारभित्र रहेर जीवनयापन गरेका छन् । अरू पात्रहरूको भने आ-आफ्नै जीवनशैली रहेको छ । गोसाइँपुर इलाकाका जमिनदार बडे सरकार र छोटे सरकार रहेका छन् । बडे सरकार वीतरागी भई तीर्थाटनका लागि हिन्दूहरूको पवित्र तीर्थस्थल काशीमा बसेका छन् । उनलाई भगवान्प्रति विश्वास छ । दिनको अधिकांश समय उनी पूजाआजामै बिताउँछन् । वीतरागी भए पनि आफ्नो जिमिदारीमा सङ्कट आउँदा त्यसलाई सुल्झाउन प्रयास गरेका छन् । बिस्नुको विवाहका लागि लेखनाथसित लक्ष्मीको हात मागेका छन् । आफूले गर्न खोजेको कार्य पूरा हुन नसक्दा उनी एकदम निराश बन्न पुग्छन् । त्यसपछि अझ दत्तचित्त भई विश्वनाथको आरधनामा समर्पित हुन्छन् । उनी कान्छी मालिक्नी मृत्युशैयामा हुँदा अन्तिम भेटका लागि बोलाउँदा पनि जाँदैनन् ।

छोटे सरकारले ग्राह्यस्थ जीवन बिताएका छन् । जिमिदारीको सम्पूर्ण जिम्मेवारी लिएका छन् । परिस्थितिअनुरूप उनी अघि बढेका छन् । कान्छी मालिक्नीले विमाताप्रतिको धारणामा परिवर्तन ल्याएकी छिन् । उनको माया ममतामा शर्मा परिवार, आफन्त, इष्टमित्र खुशी छन् । उनी ग्राह्यस्थ जीवनबाट खुशी छिन् । उनमा मातृभूमिप्रति माया तथा आस्था रहेको छ । उमेश र बिस्नु आफ्नो पारिवारिक मान्यतालाई नै अङ्गाली बाँचेका छन् । बिस्नुलाई जिमिदारीप्रति कुनै विश्वास छैन । ऊ आफ्नो वैवाहिक सम्बन्धका बारेमा पनि तटस्थ रहन्छ । ऊ आफूलाई बलीको बोको ठान्छ । जुन किलामा बाँधिन पनि तयार रहेको कुरा बताउँछ । कनक विवाह अघि बाबुमा र पछि उमेशमा आश्रित रहेकी छ । शर्मा परिवारको पारिवारिक संस्कारमै बाँचे पनि त्यसको केही हदसम्म विरोध गरेकी छ । उसको यस विरोधप्रति गुह्येश्वरी सहमत छैन । गुह्येश्वरी विवाहपश्चात् पनि माइतीमा आफ्नो रवाफ जमाउन चाहन्छे । यसले गर्दा कनक आफू दोस्रो स्थानमा भएको महसुस गर्दै

कनकको अर्थ सुन भएजस्तै कनक आफ्नो परिवार, घर पति सबैलाई सुन नै ठान्छे। सरलाले सहयोगी जीवन बिताएकी छ । उसले लक्ष्मी र कनकलाई अप्ठ्यारो अवस्थामा साथ दिएकी छ। सम्झना उमेर छँदै विधवा बनेकी नारी हो । उसको जीवन अभाव, दुःख र शारीरिक अतृप्तिमै बितेको छ। ऊ आफ्नो जीवन रसरङ्गमा बिताउन चाहन्छे । स्वतन्त्र रूपमा निर्धक्क भएर सम्झनाले आफ्नो जीवन अघि बढाएकी छ।

लेखनाथ बाजे आफ्नो अधिकांश समय पैसा कमाउनमै व्यस्त रहन्छन् । उनको जीवनमा सम्पत्तिको ठूलो महत्त्व छ। त्यसैले उनी आफ्नी छोरी लक्ष्मीलाई ओह्रालो लाग्दै गरेका शर्मा परिवारमा नदिई दरबारसँग सम्बन्ध भएका पैसावाललाई दिन चाहन्छन्। लक्ष्मी मनले बिस्नुलाई चाहे पनि बाबुको अगाडि आफ्ना कुरा राख्न सकेकी छैन । उसले नेपाली चेलीको प्रतिनिधित्व गरेकी छ । लक्ष्मीको रोगिणी आमाले आफ्ना सबै दिन ओछ्यानमा बिताएकी छ तर लक्ष्मीको विवाह सम्बन्धमा आफ्नो बलियो तर्क उभ्याएकी छ। यसबाट नारी परेको बखत जे-जस्तो कार्य पनि गर्न सक्छे भन्ने कुरा बुझ्न सकिन्छ। रामानन्द अत्यन्त गम्भीर खालका मानिस हुन्। उनी आइमाईहरूलाई प्रपञ्ची जातको सङ्ज्ञा दिन्छन्। फुर्सदका समयमा उनी पान खाएर आरामी मेचमा बसी बिताउछन्। रामेश्वर, विनय, अम्बिका, उपाध्याय बाबा आदिले राजनीतिक जीवन बिताएका छन्। गोपालले सहयोगी भूमिका निभाएको छ। रामु उमेशको सेवक हो । उसको सम्पूर्ण जीवन उमेशको स्याहार सुसारमै बितेको छ।

### ३.२.२.६ **भाषा**

भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो । भाषाका दृष्टिले **आगत** उच्चस्तरीय उपन्यासका रूपमा देखा पर्दछ । सम्भ्रान्त परिवारका उमेश, बिस्नु, कनक र लक्ष्मी उपन्यासका मुख्य चरित्र हुन्। गम्भीर विषयवस्तु सुहाउँदो परिष्कृत,

परिमार्जित, तार्किक एवम् वर्णनात्मक भाषाको प्रयोग उपन्यासमा भएको छ । यसका प्रायः पात्रहरू शिक्षित तथा स्वाध्ययन र व्यावहारिकताले गर्दा बौद्धिक देखिन्छन् । यस उपन्यासको भाषा धेरै हदसम्म काव्यात्मक, प्रतीकात्मक र अन्तर्लययुक्त रहेको छ । झर्रा नेपाली र अनुकरणात्मक शब्द प्रयोगले भाषामा स्वाभाविकता र गतिशीलता थपेको पाइन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग उपन्यासमा भएको छ ।

अनुशोचना-दग्धशयन, किंकर्तव्यविमुढता, ताम्बुलचर्वणस्थिरता, वीतराग, शुभ्रकुन्देन्दुवन्दना, सीमोल्लङ्घन, स्निग्धसौकुमार्य जस्ता संस्कृत शब्दको अत्यधिक प्रयोग उपन्यासमा भेटिन्छ । यस्ता संस्कृत शब्द र वर्णनात्मक व्यास शैलीले गर्दा भाषिक क्लिष्टता सिर्जना गरेको छ । कचहरी, जायज्येथा, डाँक, नवाफ, पुलाउ, मुनाफा, रोजगार पावर, फासिज्म, लाइब्रेरी, ग्रेजुयट, लडकी जस्ता आगन्तुक शब्दको प्रयोग भएको छ । ख्यालठट्टा, गुन्द्रुक, बज्यै, घुइँचो, अकमक्क, कच्याककुचुक, हिक्कहिक्क जस्ता झर्रा नेपाली र अनुकरणात्मक शब्दको प्रयोग उपन्यासमा भएको छ ।

बौद्धिक तथा सुसंस्कृत चरित्रहरू भएकाले भाषा पनि तार्किक र परिष्कृत रहेको छ । लामा-लामा वाक्यहरूका साथै भाववाच्य, कर्मवाच्य र कर्तृवाच्यको पनि प्रयोग भएको पाइन्छ ।

### ३.२.२.७ **लवाइखुवाइ**

**आगत** उपन्यासका मुख्य चरित्र शर्माहरू खानेकुरा खानमा सौखिन देखिन्छ । शर्माहरूको खानाप्रतिको सौखिनतालाई गोपालको यस भनाइले पनि स्पष्ट पार्छ- 'मधिसे बाहुनको विशेषण छँदैछ- 'भोजनभट्ट ! (पृ. १७७) । तराईमा बिहान नास्ता खाने र एघार बजेतिर खाना खाने प्रचलन छ । त्यसपछि केही समय आराम गरी आ-आफ्नो कामतिर लाग्छन् । गोसाइँपुरमा बिहानको खाजामा स्वदेशी र विदेशी दुबै

परिकारको प्रयोग गरेको पाइन्छ । बिस्कुट, जेली, मक्खन र टिनफ्रुट, दानादार मोहनभोग, पोटेटो चिप्स, सेवडा, चिया आदि खानेकुरा गोसाइँपुरमा कनकले घरमा आएका पाहुना र घरका सदस्यहरूलाई खुवाएकी छन् । बिस्नुको विवाहको प्रसङ्गमा सरलासित भोजभतेरसम्बन्धी चर्चा हुन्छ । यस्तै खानेकुरा र मिठाइको चर्चा विभिन्न स्थानमा भएका छन् । बनारसका रामानन्द पान खानमा सौखिन रहेका छन् ।

बनारसमा लक्ष्मीले बिस्नुलाई अचारहरू, तारेका केही तरकारी, सेल, मालपुवाहरू खुवाएकी छन् । लेखनाथ बाजेले शर्मा परिवारको खान्की कवाफ, कोर्मा, पुलाउ आदि र पहाडियाको खाना सिन्की, गुन्द्रुक र तिलको अचार आदि खानेकुराको चर्चा गरका छन् । बनारसमा रामुले केही मिठाइ, निम्की, पापड र बनारसी पानका बीडाहरू नास्तामा प्रयोग गरेको छ । काठमाडौँमा गोपाल र बिस्नुलाई खाजा खुवाउँदा फुल, सेल, मुगीका बारा, आलुतामा, चिया, झिलैयाँ आदि खानेकुराको प्रयोग लक्ष्मीले गरेकी थिई । बडे सरकारका लागि भने फलफूल र दूधको परिकार मात्रै तयार पारिएको थियो । मीरघाटमा गुह्येश्वरी कहाँ साँझको जलपानलाई फिरनी बनाउने चर्चा हुन्छ । कान्छी मालिक्नीले उमेशलाई कचौरामा बाक्ला तर परेको दही, मिश्री र पुरी ख्वाएकी थिइन् । त्यसै गरी गोपाललाई पनि दही पुरीको परिकार आफ्नै अगाडि खान लगाएकी थिइन् । लेखनाथ बाजेको वेशको वर्णन उपन्यासमा यसरी गरिएको छ-

*काठमाडौँकै बाहुन भए पनि सुरुवालमाथि चारओटा सुनको टाँक भएको मधिसे कुर्ता लाएको र उनको मुखभरि पान देख्ता लेखनाथ बाजे काठमाडौँकै मानिसजस्ता झट्ट देखा पर्देनन् । गर्मीमा कुर्ताचाहिँ भागलपुरी वा बनारसी रेसमको हुन्छ, तर जाडोमा चाहिँ उनी कोगटीकै कुर्ता र त्यसमाथि एउटा बाँक्ट्टे स्वीटर लाउँछन् (पृ. ४३, ४४) ।*

यस्ता पोसाक लगाउने भए पनि उनी अड्डा अदालत, हाकिम, दरबारमा जाँदा भने दौरासुरुवालमाथि भादगाउँले टोपी लगाउँछन् । बनारसमा बिस्नुसँग भएको भेटमा बनारसी पहिरनमा थिए । त्यो देखी बिस्नु हच्किएका थिए । गङ्गास्नान गरेर

फर्केका लेखनाथ बाजेले निधारभरि सेतो चन्दन, मुखमा पान, सेतो धोती र कुर्ता लगाएका थिए । गरिब भए पनि काठमाडौँका बासिन्दाको चाडबाड, जात्रा, उत्सव आदिमा विशेष परिधानले दरिद्रताको आभाससम्म हुँदैन । लक्ष्मीले घरमा काम गर्दा साधारण लुगा लगाएकी थिई । पशुपतिको मन्दिर जाँदा भने उसले नीलो सारी लगाएकी थिई । यसबाट के देखिन्छ भने नेपाली समाजमा भित्र र बाहिरको परिरन फरक हुँदो रहेछ अनि बाहिरफेर जाँदा अलि आडम्बर पनि देखाउँदारहेछन् । यो मनोवैज्ञानिक पक्ष पनि हो ।

# परिच्छेद - चार

# *आगत* उपन्यासको परिवेशसँग विभिन्न पक्षको संयोजनको मूल्याङ्कन

## ४.१. आगत उपन्यासको कथानक र परिवेश

उपन्यास निर्माण गर्ने प्राथमिक तत्त्वको कार्य कथानकले गर्दछ । कथानकको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ (प्रधान, २०६१:७) । यी घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०५८:२२) । ती घटनाहरू परस्परमा शृङ्खलायुक्त भई घटित हुनुपर्छ ।

तत्कालीन बुटौल जिल्ला, खजहनी इलाका (पृ. १३९) मा पर्ने गोसाइँपुरमा सम्पन्नताका साथ त्यहाँको सयकडौँ जिमिदारीको मालिक भएर स्थानीय सरकारका रूपमा रहेका शर्मा परिवारको सेरोफेरोबाट उपन्यास प्रारम्भ भएको छ । गोसाइँपुर इलाकाका दुई मालिक बडे सरकार र छोटे सरकार रहेका छन् । बडे सरकार वीतरागी भई लामो समयदेखि तीर्थाटनका लागि बनारसमा रहेका छन् । गोसाइँपुर रियासतको बन्दोबस्त र आवश्यक प्रबन्ध छोटे सरकारको निर्देशनमा चलेको छ । बडे सरकार वीतरागी भई हिँडे पनि आवश्यक परेको बेलामा पत्रमार्फत् रियासतको उचित प्रबन्धका लागि निर्देशन गर्ने गरेका छन् । छोटे सरकार ती निर्देशनलाई पालना गरी अघि बढ्छन् । उनलाई उमेश र कान्छी मालिक्नीले पनि सघाएका छन् । छोटे सरकारकी पहिली स्वर्गीया पत्नीबाट जन्मेका छोरा उमेशको लखनऊकी कनकलता र छोरी गुह्येश्वरीको बनारसबासी रामानन्दसित विवाह भएको छ । छोटे सरकारकी कान्छी पत्नीबाट जन्मेको बिस्नुहरि बनारसको हिन्दू विश्वविद्यालयमा अध्ययनरत छ । उमेशहरि यस उपन्यासको मुख्य पात्र हो । उसकै पूर्व पुस्ता र समपुस्ताका सीमामा आबद्ध भई उपन्यासको आख्यानले गति लिएको छ ।

रैतीहरूको अभिभावक सरह बनेर बसेका स्वाभिमानी सम्भ्रान्त शर्माहरूको जीवनमा उपन्यासको पूर्वाद्धमै जटिल समस्या देखा परेको छ । यो समस्या भनेको उनीहरूले सरकारलाई बुझाउन बाँकी मालपोतको हो । यो मालपोत उनीहरूले आफ्नै अत्यधिक आदर्श भावना र मानवतावादी चिन्तनले आफ्ना मातहतमा रहेका रैतीहरूबाट असुल उपर गर्न नसकेका हुन् । सयौं वर्षपूर्व उनीहरूका पुर्खाले औलो लाग्ने जङ्गललाई आवाद गरी हजारौं परिवारको बस्ती बसालेका थिए । यसरी बसाइएका रैतीहरूले नै आफ्नो ज्यानको बाजी राखेर त्यस जङ्गललाई खेतीयोग्य उर्वरभूमि बनाएका थिए । अनावृष्टि र सुख्खाले गर्दा बीउसमेत जोगाउन नसकेर आपतमा परेका ती रैतीहरूबाट कठोरतापूर्वक मालपोत उठाउन उनीहरूको नैतिकताले दिएन ।

सरकारको चाकडी गरे पनि शर्माहरूलाई मालपोतको रकम एक वर्षभित्र बुझाउने म्याद दिइन्छ । दोस्रो विश्वयुद्धको असर नेपालमा पनि परेकाले देशमा आर्थिक मन्दी छाउनु, अन्नको भाउ घट्नु, व्यापार व्यवसाय घटेकाले पुँजीपतिहरूसँग पुँजीको अभाव हुनु, पुँजी हुनेहरूले पनि जमिनमा पुँजी लगाउन नचाहनु, राणा शासकको स्वार्थपूर्ण नीति र जनताको अवस्थाप्रतिको उदासीनताले जनताहरू दिन प्रतिदिन गरीब हुँदै गएकाले शर्माहरू मालपोतको रकम जम्मा गर्न असमर्थ हुन्छन् । त्यसैले शर्माहरूलाई आगतको स्वागत गर्न बाध्य हुनु परेको छ । इज्जतपूर्ण जीवन बिताउँदै आएका शर्माहरूलाई ऋण माग्न पनि हीनताबोध हुन्छ भने आइमाईका गहना र बहुमूल्य वस्तु पनि लज्जाबोधले गर्दा बेच्न सक्दैनन् । तर पनि काठमाडौंका पुँजीवालासँग ऋण लिने अथवा सरकारको चाकडी गरी मालपोत किस्तामा तिर्ने उपायमध्ये एउटालाई अवलम्बन गर्ने निर्णय लिन्छन् । यसैक्रममा पूर्वको केही इलाका सरकारको कृपाले एउटा बानियाँले पाउँछ । थोरै मालपोत बाँकीमै त्यो इलाका गुम्दा शर्माहरू मर्माहत बन्दछन् । त्यहाँका रैतीहरूबाट उठाउन बाँकी मालपोत उठाउने अधिकार पनि बानियाँलाई दिएकाले ऊ जसरी पनि रकम उठाई आफ्नो ढुकुटी भर्ने उपाय लगाउँछ । यसरी ऊ भने मालामाल बन्न पुग्छ तर रैतीहरू

भने पीडित बन्न पुग्छन् र आफ्नो दुरवस्थाको पीडा छोटे सरकारसमक्ष पोख्छन् । छोटे सरकारले सरकार  समक्ष तथ्य कुरा जानकारी गराई इलाका फर्काउने आश्वासन दिन्छन् । यी घटनाहरूमार्फत् तत्कालीन राज्यव्यवस्था र प्रशासनिक मनपरीतन्त्रको तीतो यथार्थ व्यक्त भएको छ ।

शर्माहरूसँग परिचित काठमाडौँली व्यापारी लेखनाथको सल्लाहअनुसार राणाहरूको चाकडीका लागि बडे सरकार नेपाल जान्छन् । धेरै समयको निरन्तर प्रयासपश्चात् केही सफलता पाउँछन् । पैंसट्ठी हजार मालपोत बाँकीमा पन्ध्रहजार माफ पाई पचास हजार एक वर्षभित्र दुई किस्तामा तिर्नुपर्ने हुकुम पाउँछन् । तर शर्माहरूले यो रकम तिर्न सक्दैनन् । समयमै मालपोत तिर्न नसकेकाले सरकारी अड्डाबाट उनीहरूको जायज्यथा र खेतीपातीको लागत राख्ने काम हुन्छ । खेतीपाती पनि केही सप्रिएकाले शर्माहरूमा केही आशा पलाउँछ । कुलीन सम्पन्न शर्माहरूको प्रभावले जिमिदारी लिलाम गर्ने समयमा कसैले डाक बोल्न सक्दैनन् भनेर उनीहरू ढुक्क हुन्छन् । नेपालगञ्जतिरको दस बाह्र मौजा चोखो रहे तापनि त्यही बसी जीवन बिताउन आफ्नो वैभवशालीताले नदिने हुँदा जमिनदार शर्माहरूका लागि लाजमर्दो हुन्छ । यसरी समृद्ध जमिनदार शर्माहरू गोसाइँपुरको सीमित जमिनदारी र भारतको केही जमिनमा भर पर्नुपर्ने हुन्छ । रामनाथ तेवारीले गोसाइँपुर इलाका लिलाम हुने एक महिना अगावै जानकारी पाएकाले त्यहाँको खाद्यान्न, कृषि सामग्री, बहुमूल्य सरसामान भारतीय इलाकाको जिमिदारीमा पठाउँछ । विधवा सम्झनासँग हिमचिम बढेको सङ्केत गरी गुह्येशवरीले एकजना मान्छेसँग चिठी पठाएपछि आफ्नो पढाइ सिध्याएर बनारसमै बसिरहेको बिस्नुहरिलाई लिन मालिक्नीले तुरुन्त उमेशलाई बनारस पठाउँछिन् । सम्भवतः यही घटनाले पछि मालिक्नीलाई हृदयघात हुन्छ । एक महिनासम्म लखनऊमा राखी उपचार गरी एकजना जुनियर डाक्टरका साथ गोसाइँपुर फर्कन्छन् । यस घटनाले शर्माहरूको जिमिदारीका साथै स्वास्थ्यमा पनि सङ्कट आएको सङ्केत गर्छ ।

तत्कालीन महाराजलाई जतिसक्दो छिटो देशबाट प्राप्त हुने धन बटुली आफ्नो ढुकुटी भर्नु थियो । त्यसैले उनले शर्मा परिवारको मानवतावादी विचारलाई बुझ्ने प्रयास गरेनन् । मालपोत तिर्ने समयावधि नाघेकाले राणाहरूले भारतीय काठ व्यापारी तथा ठेकेदारलाई चार वर्षको किस्तामा रुपियाँ तिर्ने गरी इलाका सकार गराइ दिए । यस घटनाले शर्माहरूको दुर्दिन र उपन्यासको कथानकले चरमोत्कर्ष प्राप्त गरेको छ । रैतीहरूबाट उठाउन बाँकी रकम पनि सकारवालाले नै असुल गर्न पाउँछ । अब शर्माहरूले लगाएका बाली तथा कृषिका हातहतियार र शर्माहरूका मूलस्थान, बस्ने ठाउँका घर, बगैँचा, मन्दिरबाहेक अन्य इलाकाहरूमा रहेका घरद्वारसमेत सकारवालाले नै पाउने व्यवस्था गरियो । यसरी मूल जन्मस्थानका सबै गुमेपछि शर्माहरू सर्वस्वान्तसाथ देशनिकाला भए । इलाका गुमेपछि उमेश र मालिक्नीबाहेक सबैलाई भारतीय इलाकाको जिमिदारीमा पठाइन्छ । माटोको मायाले मालिक्नी गोसाइँपुर छोड्न चाहन्न भने उमेश आमाको स्याहारका लागि गोसाइँपुरमै बस्छ । यस्तो खबर पाई बडे सरकार झन् पूजापाठमै दत्तचित्त भई काशीमै बस्छन् । भारतीय जिमिदारीमा सरेपछि गर्भवती अवस्थामा कनकले गृहस्थी सम्हाल्नुपर्ने स्थिति आउँछ ।

शर्माहरूका कुलदेवीको मूर्तिको आँखा चोरी हुन्छ । यो घटनाले मालिक्नी मुर्छा पर्छिन् । यस दुर्घटनाले धर्मनिष्ठ र परम्परागत मान्यता राख्ने शर्माहरूको अनिष्टको सङ्केत गरेको छ । औषधोपचारपछि पनि मालिक्नीको स्वास्थ्यमा सुधार नआएकाले परिवारका सदस्यहरू, सम्पूर्ण इष्टमित्र र आफन्तहरू गोसाइँपुरमा भेला हुन्छन् । बडे सरकार भने उपस्थित भएनन् । मालिक्नीको अन्तिम दुई इच्छामध्ये एउटा इच्छा गोपालको सक्रियतामा लक्ष्मी-बिस्नुको स्वयंवर सम्पन्न हुन्छ । आफ्नी बुहारीलाई सौभाग्यको प्रतीक सुनको बाला आफ्नो हातबाट झिकेर लगाइ दिएपछि सबैको उपस्थितिमा मालिक्नीले देहत्याग गर्छिन् । हिन्दू धार्मिक संस्कारअनुसार देहान्त पछिको सम्पूर्ण कार्य पूरा भएपछि एक वर्षसम्म लक्ष्मी-बिस्नुको विवाह नहुने भएकाले सबैजना आ-आफ्नो कार्यतर्फ लाग्छन् । यसरी भारतीय इलाकामा

जानेक्रममा शोहरतगढ स्टेशनमा सम्झना भेटिन्छे । यसरी राणाहरूको धनलोलुपताले शर्माहरू आफ्नो मातृभूमि छोड्न बाध्य हुन्छन् ।

यही उपन्यासको मूल कथानक हो । यसलाई जीवन्तता दिनका लागि लेखनाथ र लक्ष्मी एवम् सम्झनाका प्रसङ्गहरू पनि आएका छन् । काठमाडौं मूल बासस्थान भएका सम्पन्न व्यापारी लेखनाथका परिवारमा चीररोगिणी पत्नी र छोरी लक्ष्मी रहेका छन् । लेखनाथ व्यापारमा पोख्त छन् । उनी चाकडीबाज पनि भएकाले राणाहरूको चाकडीमा संलग्न भई त्यसको प्रत्यक्ष फाइदा उठाएका छन् । छोरी लक्ष्मीलाई दार्जिलिङ र कलकत्ताका स्कुलबाट शिक्षा दिलाएका छन् । लेखनाथ र लक्ष्मी बनारस जाँदा लक्ष्मीको बिस्नुसित परिचय हुन्छ । ऊ बिस्नुको मोहपाशमा बाँधिन पुग्छे भने उमेशसितको भेटमा स्वयम् श्रद्धानत भएकी छे । लेखनाथ शर्माहरूलाई जिमिदारी जोगाउन राणाहरूको चाकडी गर्ने सल्लाह दिन्छन् । दरबारसँग निकटको सम्बन्ध राख्ने भारदारपुत्रलाई छोरी दिएर लेखनाथ आफ्नो सम्बन्ध सुदृढ बनाउन चाहन्छन् । गोपाल लक्ष्मी र बिस्नुको बिहे गराउन प्रयास गर्छन् । तर शर्माहरूको खस्कँदो अवस्थाले लेखनाथ यो प्रस्ताव स्वीकार्दैनन् । सम्पत्ति नै सबैकुरा ठान्ने लेखनाथले गोपालको प्रस्ताव नस्वीकार्नु सम्भावित देखिन्छ । सरला पनि लक्ष्मी र बिस्नुको सम्बन्ध गाँसियोस् भन्ने चाहन्छे । यसै समयमा देशमा राणाशासन विरोधी कार्य हुन थाले, व्यापक धरपकड पछि चारजनालाई शहीद बनाइयो । यस घटनाले गर्दा लेखनाथकी पत्नी भारदार पुत्रसँगको लक्ष्मीको बिहे गर्ने निर्णयको विरोध गर्छे र बिस्नुसँगै लक्ष्मीको विवाह गराउने अड्डी लिन्छे । पत्नी र छोरीको कुराले लेखनाथको निर्णयमा विचलन ल्याउँछ । लक्ष्मीलाई लिई बनारस जाँदा बडे सरकारले लक्ष्मीका लागि बिस्नुको प्रस्ताव राख्दा लेखनाथ स्वीकार्छन् । मालिक्नी बिरामी भएको खबर पाई लेखनाथ लक्ष्मीसहित गोसाइँपुर पुग्छन् । त्यहाँ अनौपचारिक रूपमै लक्ष्मी-बिस्नुको स्वयंवर सम्पन्न हुन्छ । यस लेखनाथ र लक्ष्मीसँग सम्बन्धित कथाले उपन्यासमा कौतूहलता सिर्जना गर्नुका साथै उपन्यासलाई गति प्रदान गरेको छ ।

सम्झना काठमाडौँकी एकजना प्रौढ जागिरेकी कान्छी पत्नी हुन्छिन् । ऊ अत्यन्त रूपवती हुन्छे भने सुरुसुरुमा उसको लोग्नेले पढाएर आफूजस्तै विद्वान् बनाउन चाहेको हुन्छ । सम्झनालाई अभाव, पीडा, दरिद्रताले सताइनुका साथै रोगग्रस्त लोग्नेको स्याहारसुसार गर्नुपरेको छ । सम्झना पुरुषले नारीप्रति गर्ने व्यवहारका विषयमा बिस्नुसित चर्चा गर्छे । समय बित्दै जाँदा सम्झना र उसको लोग्नेबीच असमझदारी बढ्दै जान्छ । सुरुमा आफैँले पढ्न प्रोत्साहित गरे पनि पछि उसको ज्ञानप्रति ईर्ष्या गर्न थाल्छ । यस्तै अवस्थामा गोपालले बिस्नुलाई सम्झनासित परिचय गराइदिन्छ । लोग्नेको मृत्युपश्चात् निराश्रित र असहाय सम्झना गोपालसित बनारस पुग्छे । त्यहाँ उसको उमेश, बिस्नु, सरला, रामेश्वर, विनय, अम्बिका आदिसँग परिचय हुन्छ । यौवनावस्थामा प्रवेश गर्ने बित्तिकै लोग्नेको मृत्यु भएकाले सम्झना अतृप्त कामवासनाले पीडित हुन्छे । त्यसैले उमेश वा बिस्नुलाई हात पार्न प्रयास गर्छे । उमेश समयमै सावधान हुन्छ भने बिस्नुलाई आफ्नो रूपपाशमा फसाउने चक्रव्यूह रच्छे । सकेसम्म बढी समय बिस्नुसँग बिताउने र कुरैकुरामा बिस्नुलाई आफूतिर आकर्षित गर्ने असफल प्रयत्न गर्छे । अम्बिका, विनय आदिसित राजनीतिक कार्यक्रममा पनि सामेल हुन्छे । उमेशले सम्झनासित भाउजूको नाता गाँस्छ । बिस्नु गोसाइँपुर फर्केपछि ऊ गोपालसित काठमाडौँ जान्छे । उपन्यासको अन्त्यमा उमेशको परिवार नेपाल छाडी भारत प्रवेश गर्ने क्रममा शोहरतगढमा सम्झनासित भेट हुन्छ ।

गुह्येश्वरी, सरला, अम्बिका, विनय आदिका प्रसङ्गले पनि मूल कथानकलाई अझै प्रभावकारी बनाएको छ । गुह्येश्वरी र कनकबीच आफूले रोजेकी केटीसित बिस्नुको विवाह गर्ने होडबाजी चल्छ । यसरी कलक र गुह्येश्वरीमा द्वन्द्वको स्थिति देखा परेको छ । अम्बिका, विनय र रामेश्वरको प्रसङ्गले नेपाली जनतामा बढ्दै गएको प्रजातान्त्रिक चेतना, राणाहरूको बढ्दो शोषण, शहीद काण्डजस्ता घटनाका साथै राणा विरोधी सशक्त क्रान्तिको तयारी आदि घटनालाई स्पष्ट पार्नुका साथै मूल कथानकलाई जीवन्तता प्रदान गरेको छ ।

यसरी **आगत**को कथानक पूर्ण देखिन्छ । कथानकले आदि, मध्य र अन्त्यको आङ्गिक परिपूर्णता प्राप्त गर्नुका साथै लामो आयाम र विस्तृततालाई समेटेको छ । शर्मा परिवारको जिमिदारी पतन भए पनि त्यस परिवारको पारिवारिक आदर्शलाई भिक्षुले मूल कथा बनाएका छन् । विस्तृत भौगोलिक परिवेश एवम् बहुपात्रका आधारमा माथिका विभिन्न प्रसङ्गहरूलाई शर्मा परिवारको जिमिदारीसँग कार्यकारण शृङ्खलामा प्रस्तुत गरिएको छ । ठाउँ-ठाउँमा आवश्यकतानुसार द्वन्द्व र कौतूहलको सिर्जना उपन्यासमा भएको छ । उपन्यासका प्रत्येक घटना त्यसको कारणको आधारमा घटेका छन् । यहाँ प्रत्येक घटनाबीच कार्य र कारणको सम्बन्ध रहेको छ ।

## ४.२. आगत उपन्यासका पात्र र परिवेश

पात्रहरूको कार्यव्यापारले उपन्यासको घटनाक्रमलाई अघि बढाएका हुन्छन् । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण कार्य पात्रले गरेको हुन्छ (बराल र एटम, २०५८:३०) । कथानक र वातावरणले पात्रको गुणमा फरकपन ल्याउँछ । **आगत** वृहत् आयामको उपन्यास भएकाले पात्रहरूको सङ्ख्या पनि निकै रहेको छ । विशेष गरी गोसाइँपुर, काठमाडौँ, बनारस, लखनऊ, विराटनगरका पात्रहरूको उपस्थिति उपन्यासमा रहेको छ ।

यस उपन्यासको प्रमुख पात्र उमेशहरि हो । उमेश गोसाइँपुर इलाकाको जिमिदारीको उत्तराधिकारी हो । उसले जिमिदारी सञ्चालनमा छोटे सरकारलाई सघाएको छ । कान्छी मालिक्नीले उमेशको जीवनमा आदर्श भरिदिएकी छन् । उमेश अत्यन्तै सरल, भद्र, सुशील र मानवतावादी चरित्रको छ । उसको जिमिदारीमा कालो बादल छाए पनि आफ्नो चिन्तन र व्यावहारिक जीवनमा कुनै परिवर्तन ल्याएको छैन । उमेश युग सचेत युवक हो । राणाशासन भनेको सामन्तीशासन हो, जिमिदारी त्यहीँ सामन्ती शासनको एक अंश हो । त्यसैले राणाशासकको समर्थक भएर बस्न नचाहेकाले पुर्ख्यौली सम्पत्तिको संरक्षणमा कुनै चासो देखाएको छैन । उमेश

क्रान्तिकारी नदेखिए पनि विनय, रामेश्वर, अम्बिका आदिसँग सम्पर्कमा रही उनीहरूलाई सरसल्लाह दिएको छ । ऊ आफ्नो पारिवारिक मर्यादा र कडा अनुशासना बसेको छ । बनारसमा सम्झनासित भेट भएपछि सम्झनाले उसलाई आफ्नो रूपपाशमा फसाउन चाहेकी थिई तर उमेश समयमै सावधान हुन्छ । यसरी ऊ परस्त्रीसँग नलागी आदर्श पतिका रूपमा रहेको छ । उमेश तत्कालीन राणाशासनको अन्त्य र नवीन प्रजातान्त्रिक शासन-व्यवस्थाको आगमन पूर्वको सङ्क्रमणकालीन अवस्थामा बाँचेको छ । तर यी पुराना र नयाँ व्यवस्था ढाल्न र ल्याउन उमेश सक्रिय रहेको छैन ।

उमेश बिहान खाजा खाई एघार बजेतिर खाना खाने र केही समय सुती आफ्नो कार्यमा लाग्छ । बिहान खाजा खाने, दिउँसो केही समय सुत्ने प्रचलन तराईमा मात्र रहेको छ । जिमिदारी प्रथा पनि तराईमा मात्र हुने भएकाले ऊ गोसाइँपुरको जिमिदारीको उत्तराधिकारी रहेको छ । त्यसैले उमेश गोसाइँपुरको परिवेश अनुकूल रहेको छ । उमेश यस उपन्यासको आदर्श, धैर्यशील, सरल तथा मानववादी आञ्चलिक एवम् अन्तर्मुखी चरित्रको रूपमा उपन्यासमा देखा परेको छ (गौतम, २०५८:३९) । उमेश जीवन चेतनाका आधारमा व्यक्तिगत विशिष्ट चरित्र हो ।

लेखनाथ उपन्यासमा केही विशिष्ट भूमिका भएको सहायक चरित्रका रूपमा देखा परेको छ । ठूलो व्यवसायका धनी लेखनाथको मुख्य निवासस्थान काठमाडौँ हो । उनले परम्परागत धर्म, संस्कृतिमा आस्था राखी पूर्णतः हिन्दू धर्मको अवलम्बन गरेका छन् । अर्काप्रतिको शिष्टाचार निर्वाहमा अत्यन्त सावधान रहने लेखनाथ अतिथि सत्कारमा पनि कुशल देखिन्छन् । उनमा नेपाली खाना, नेपाल राष्ट्र र नेपाली चाडवाडप्रति स्नेह रहेको छ । उनको जीवनको मुख्य उद्देश्य धनसम्पत्ति कमाई त्यसलाई जोगाएर राख्नु रहेको छ ।

यो पात्र राणाहरूको चाकडी गर्ने गराउने प्रवृत्ति भएका व्यक्तिहरूको प्रतिनिधि हो । राणाकालीन शासनव्यवस्था कानुनी राज्य नभई हुकुमी राज्य हो भन्ने चेतना

भएर पनि लेखनाथ राणाहरूको चाकडीमा लिप्त भएको छ । तत्कालीन राणाहरूको शासनकालमा जसले राणाहरूको चाकडी गर्थे उनीहरूमाथि राणाहरू कृपा राख्थे तथा केहीले त तराईका मौजाका मौजा जमिन छानी-छानी आफ्नो हात पार्थे । यस खालको राजनीतिक अवस्था रहेको समयमा लेखनाथले पनि दैनिक चाकडी गरी लाभ उठाएका छन् । दरबारमा सम्बन्ध भएका व्यक्तिसँग राम्रो सम्बन्ध स्थापित गर्न सकेमा आफ्नो व्यवसाय फस्टाउने देखि छोरी लक्ष्मीको भारदारपुत्रसित वैवाहिक सम्बन्ध गाँसिदिने निर्णय गरेका थिए । यसरी लेखनाथ तत्कालीन धार्मिक, सामाजिक, राजनीतिक परिवेश अनुकूल रहेका छन् । समसामयिक वातावरणलाई बुझ्केका लेखनाथ शर्माहरूलाई पनि आफ्नो जिमिदारी जोगाउनका लागि राणाहरूको चाकडी गर्न सल्लाह दिएका छन् । त्यसैले यो चरित्र उपन्यासको काठमाडौँको परिवेशमा सजीव देखिन्छ ।

कान्छी मालिक्नी र कनक गोसाइँपुरको परिवेशमा उपन्यासलाई गति दिने नारी पात्र हुन् । यी दुबैले शर्मा परिवारको मर्यादामा रही आफ्ना परिवारका सदस्यहरूको स्याहारसम्भार गर्नुका साथै पाहुना र इष्टमित्रलाई पनि खुशी राखेका छन् । परिवारमा आइपरेको सङ्कटलाई पनि सजिलै स्वीकारेका छन् । तराईमा पर्दा प्रथा रहेकाले त्यसको पालना गरेका छन् । कनकले भने यसप्रति केही विरोध गरेकी छ । ऊ कहिल्यै बाहिर घुम्न निस्केकी छैन । यसैले यी पात्र तराईको वातावरण अनुकूल रहेका छन् । यिनीहरूले आदर्श हिन्दू नारीको भूमिका निर्वाह गरेका छन् । लक्ष्मी एक शिक्षित नारी चरित्र हो । नेपालमा नारीहरू पुरुषसँगै बसेर नखाने, उनीहरूलाई खुवाउनमा आनन्द मान्ने गर्छन् । उपन्यासमा लक्ष्मीले पुरुषसँगै बसेर नखाई खुवाएकी मात्र छ । यसरी लक्ष्मी काठमाडौँको वातावरणअनुसार अघि बढेकी छ । तर काठमाडौँका नारीहरू अरूको अगाडि बोल्न लाज मान्दैनन् । सम्झना यस्तै खालकी नारी पात्र हो ।

बडे सरकार र छोटे सरकार गोसाइँपुर इलाकाका जमिनदार रहेका छन् । जिमिदारीसम्बन्धी कथानक र तराईको भौगोलिक परिवेश भएकाले यी पात्रको

उपस्थिति उपन्यासमा सजीव रहेको छ । बिस्नु आफ्नो परिवारको पारिवारिक मर्यादा र कुलीनताले किचिएको छ । उसमा राजनीतिक चेत भए पनि राजनीतिमा सक्रिय सहभागी भएको  छैन । बिस्नु शिक्षित युवक भए पनि उसमा हुनुपर्ने जति सक्रियता, सचेतता र चिन्तन पाइँदैन । राजनीतिक विषयवस्तुलाई प्रस्तुत गर्न भिक्षुले उपन्यासमा अम्बिकाप्रसाद र विनयप्रसादलाई उपस्थित गराएका छन् । तत्कालीन राजनीतिक परिवेशअनुसार यिनीहरूले केही साथीहरूसँग बसी एउटा सङ्गठन तयार पारेर राणाशासन विरोधी कार्यक्रम सञ्चालन गर्ने योजना बनाएका छन् ।

यी सबै चरित्रले उपन्यासलाई जीवन्तता प्रदान गर्नुका साथै परिवेशप्रधान पनि बनाएको छ ।

## ४.३. आगत उपन्यासमा प्रयुक्त संवाद र परिवेश

साहित्यिक कृतिमा संवाद वा कथोपकथन भन्नाले पात्रहरूबीचको कुराकानीलाई बुझिन्छ । संवादले कथाको विकास, चरित्र-चित्रण र लेखकको आशयलाई स्पष्ट पार्ने भूमिका निर्वाह गर्छ । वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउनका साथै रोचकता र स्वाभाविकताको सिर्जना गर्न संवादको महत्त्वपूर्ण भूमिका हुन्छ (प्रधान, २०६१:८) । पात्रहरूका बीचमा स्थापित समस्या, अन्तर्द्वन्द्व र त्यसको परिणतिलाई संवादले उपयुक्त ढङ्गले प्रस्तुत गर्छ (बराल र एटम, २०५८:२५) । कथानकमा आउने घटना र कार्यव्यापारलाई सुसङ्गठित पार्ने कार्य संवादले गर्दछ । संवाद पात्रको स्तरअनुकूल र सङ्क्षिप्त हुनुपर्दछ ।

यस उपन्यासमा अधिकांश लामा र ज्यादै गहन संवादको आयोजना गरिएको छ । सङ्क्षिप्तता नै संवादको सार्थकता (बराल र एटम, २०५८:३६) भएकाले यस उपन्यासको संवादमा उच्चस्तरीयता पाइँदैन । उपन्यासका कतिपय ठाउँमा पात्रको संवादले भाषणको रूप लिएको छ भने कतिपय संवाद अनावश्यक पनि देखिन्छन् । कुराकानीका क्रममा पात्रको मुखाकृति, मनोदशा, परिवेश आदिका बारेमा कृतिकार

आफैँले टिप्पणी गरेका छन् । पात्रहरूबीच कुराकानी हुनुपूर्व र पछिका प्रसङ्गका कतिपय कुराहरू कृतिकारले नै वर्णन गरेका छन् भने त्यसको सामञ्जस्य पात्रहरूका संवादसँग गराएका छन् । यसरी परिवेशको निर्माण गरिसकेपछि पनि फेरि अगाडिको प्रसङ्गमै पात्रहरूबीच संवाद गराइएको छ । प्रसङ्गलाई छोडेर अनावश्यक कुराकानी गर्ने परिपाटीले गर्दा संवादले कथावस्तुलाई अघि बढाउनुभन्दा पुस्तकको आकारलाई बढाउने कार्य मात्र गरेको देखिन्छ । बडे सरकार र छोटे सरकारसँग अन्य पात्रले गरेको कतिपय कुराकानी, सम्झना र बिस्नुबीचको कतिपय प्रसङ्ग उपन्यासका लागि अनावश्यक देखिन्छ । तर पनि उमेश र मालिक्नी, उमेश र कनक, कनक र सरला, लेखनाथ र लक्ष्मी, कनक र बिस्नु, बिस्नु र सरला आदिका बीचमा भएका कतिपय प्रसङ्गका संवादहरू उच्चस्तरीय र उल्लेखनीय देखिन्छन् । उपन्यासको सुरुवात नै कनक र बिस्नुबीचको संवादबाट भएको छ । दोस्रो परिच्छेदमा कनक र गुह्येश्वरीको संवादमा द्वन्द्व र एकअर्काप्रति ईर्ष्याको भाव भेटिन्छ । चौथो परिच्छेदमा प्रयुक्त छोटे सरकार, मालिक्नी र उमेशबीचको संवाद छोटो, मीठो र हृदयस्पर्शी छ । छैटौं परिच्छेदमा सरलाले गोसाइँपुर छोड्ने समयमा कनक र सरलाबीचको संवाद कारुणिक तथा मार्मिक देखिन्छ । सातौँ र चवालिसौं परिच्छेदमा प्रयुक्त लक्ष्मी र लेखनाथ बीचको केही संवाद छोटा र मीठा रहेका छन् । त्यसैगरी आठौं, नवौं र दसौं परिच्छेदमा भएका सरला, बिस्नु र लक्ष्मीबीचका कतिपय संवादमा युवासुलभ ठट्टा र विनोदप्रियताको छनक पाइन्छ । यही कुराकानीले बिस्नु र लक्ष्मीको सम्बन्धको सुरुवात गरेको छ । एक्काइसौं र बाइसौं परिच्छेदमा गोपाल र बिस्नुबीचको वार्तालापमा बिस्नुको मानसिक छटपटी र द्वन्द्वले स्थान पाएको छ । चौबिसौं पच्छिेदमा सम्झना र बिस्नु एवम् त्रिपन्नौं परिच्छेदमा लेखनाथ र उनकी पत्नीबीचको संवाद उत्कृष्ट रहेको छ । उमेश, बिस्नु र गुह्येश्वरीका बीच भएको संवादमा केही हास्ययुक्त र ठट्टा भेटिन्छ । उन्नाइसौं परिच्छेदमा प्रयुक्त सम्झनाको पति र गोपालबीचको संवाद उच्चस्तरीय र उत्कृष्ट रहेको छ । उमेश पहिलोपल्ट बनारस गई लक्ष्मी र सरलाको फोटो लिई आएपछि कनकसितको संवाद सरल, छोटो, स्वाभाविक र कारुणिक रहेको छ । रामअधीन महतो, रमेसर पाँडे र छोटे

सरकारबीचको कुराकानी लामो भए पनि कारुणिक रहेको छ । रामानन्दको गुह्येश्वरीसित तथा बिस्नु र उमेशसितको संवादमा ठट्टा र हास्य पाइन्छ । सम्झना र बिस्नु बीचका केही संवादहरू गहन र दार्शनिक लाग्छन् । मालिक्नीको संवादमा मातृत्वको भाव झल्किन्छ । अम्बिका, विनय, उपाध्याय बाबा, रामेश्वर आदिको संवादमा राणाकालीन कुकृत्य र क्रान्तिचेतनाको अभिव्यक्ति पाइन्छ । प्रायः पात्रहरूको संवाद पात्रअनुकूल भए पनि उपन्यासका निम्नवर्गीय पात्र रामु र रामेसरले पनि उच्चस्तरीय भाषा नै प्रयोग गरेका छन् ।

भिक्षुले उपन्यासमा लामा र ज्यादै गहन तथा बौद्धिक एवम् वर्णनात्मक संवादको आयोजना गरेका छन्  तर पनि ठाउँ-ठाउँमा छोटा र उच्चस्तरीय संवादको आयोजना उपन्यासमा भएको छ । **आगत** उपन्यासमा प्रयुक्त यस्त संवादको नमुना तल दिइएको छ :

*साँझतिर रामेश्वर ... आइपुग्यो । उसलाई देख्नेबित्तिकै बिस्नुले किताब टेबुलमा घोप्ट्याउँदै भन्यो- 'दाजु, अब त काशीको आफ्नै होस्टेलमा जान मन लागिरहेको छ । घरमा शनिको प्रभाव परेको छाँट प्रष्टै भयो । दिनभरि के गरिरहनुभयो ?'*

*'केही गरिनँ, खालि तीन चारओटा चिट्ठी लेखिसिध्याएँ । भोलि पोष्टबाक्समा खसाल्न 'शोहरतगढ' पठाइदिनुपर्‍यो । कुनै मानिस जाने छ कि ?'*

*'मानिस दिनहुँ गइरहेकै छन् । हामी जिमीदार, उसमा पनि एउटा ठूलै इस्टेटवालालाई मानिस पठाउन केको अप्ठेरो ? रामनाथ तेवारी (इस्टेटको मूल कारिन्दा) लाई आफ्नो डाँक सुम्पनुभएन ?' (पृ. २५-२६)*

रामेश्वर र बिस्नुको प्रस्तुत संवादमा बिस्नुको परिवारमा प्रचलित सामन्ती संस्कारको आभास पाइन्छ ।

## ४.४. मूल्याङ्कन

आञ्चलिक उपन्यासमा निश्चित स्थान विशेषको केवल स्थानीय रङ्गको चित्रण मात्र नभएर त्यस क्षेत्रको वातावरण र परिवेश, भाषा, चालचलनका साथै पात्रहरूको भोगाइ, सोचाइ, जीवन, भेषभूषा, संस्कृतिको चित्रण गरिएको हुन्छ (बराल, २०६४:२८८, २८९) । **आगत** उपन्यासमा नेपालको पश्चिम तराईको गोसाइँपुर इलाकाको वातावरण र परिवेशको चर्चा गरिएको छ । कथानक पनि गोसाइँपुरको जिमिदारीमै आधारित रहेको छ । यसका चरित्रहरू पनि गोसाइँपुरको स्थानीय परिवेशकै रहेका छन् । उनीहरूको जीवनको सोचाइ, भोगाइ तराईको परिवेश अनुकूल रहेको छ। यसरी तराईको स्थानीय परिवेश अनुरूपको कथानक, चालचलन, संस्कृति आदिको जीवन्त चित्रण भएकाले **आगत** आञ्चलिक उपन्यास हो । भवानी भिक्षु तराईको परिवेशमा जन्मी हुर्किएकाले पनि यस उपन्यासमा तराईको परिवेशको सजीव चित्रण गर्न सफल भएका हुन् ।

# परिच्छेद - पाँच

# शोधनिष्कर्ष

## ५.१. निष्कर्ष

'**आगत** उपन्यासको परिवेशको अध्ययन' शीर्षक शोधको निष्कर्ष यसप्रकार रहेको छ :

१. भवानी भिक्षुका चार उपन्यासहरू प्रकाशित छन् । तीमध्ये **सुभद्रा बज्यै** र **आगत** पूर्वार्द्ध चरण (२०१९-२०३२) मा पर्दछन् । **पाइप नं**. २ र **सुन्तली** उत्तरार्द्ध चरण (२०३३-२०४०) मा पर्दछन् । **आगत** अभिलिखित एकसट्ठी परिच्छेद र शेषकथाको एक परिच्छेदसमेत गरी जम्मा बयसट्ठी परिच्छेदमा विभाजित विशालयकाय उपन्यास हो ।

२. **आगत**को मुख्य कार्यस्थल तत्कालीन बुटवल जिल्लाको गोसाइँपुर इलाका हो । काठमाडौँ, बनारस र लखनऊको परिवेशमा पनि उपन्यासले गति लिएको छ । यस उपन्यासका घटनाहरू जुद्ध शमशेरकालीन समयमा घटेका छन् । उपन्यासको कालिक परिवेश वि.सं. १९९३ देखि २००३ सम्म रहेको छ । यसको परिवेशविधान गर्दा तत्कालीन समयानुकूल घटना र वातावरणको प्रयोग गरेको हुनाले यसमा पाठकलाई यथार्थ बोध गराउन सक्ने सामर्थ्य रहेको छ ।

३. गोसाइँपुर इलाकाका जिमिदार शर्मा परिवारको सामाजिक-सांस्कृतिक चालचलन, रहनसहन, मान्यता-मर्यादा आदिको विस्तृत यस चर्चा उपन्यासमा गरिएको छ । राणाकालीन सामन्तहरूको खान्कीको पनि यसमा प्रशस्त चर्चा भएको छ ।

४. **आगत** उपन्यासको कथानकले गोसाइँपुरको जिमिदारीको मालिक भएर स्थानीय सरकारका रूपमा रहेका शर्मा परिवारको सेरोफेरोमा गति प्राप्त गरेको छ । यसको कथानक कार्यकारण शृङ्खलामा अघि बढेको र परिवेशसित पूरै सम्बन्धित देखिन्छ ।

५. यस उपन्यासको प्रमुख पात्र उमेश हो । ऊ तराइली वातावरणको सजीव चरित्र हो । ऊ सामन्ती चालचलनको अन्तर्मुखी चरित्रको रूपमा उपन्यासमा उपस्थित भएको छ । लेखनाथ समसामयिक वातावरणलाई बुझी राणाशासकको चाकडी गरेर लाभ हासिल गर्ने राणाकालीन समयको जीवन्त पात्र हो । विष्णु, कनकलता, लक्ष्मी, सरला आदि पात्र पनि तत्कालीन परिवेश र सङ्क्रमणकालीन मनस्थितिका उपज देखिन्छन् । त्यसैले यसमा पात्र र परिवेशको घनिष्ट सम्बन्ध छ ।

६. यसरी तराईको परिवेशअनुकूल कथानक, चरित्रहरू, उनीहरूको संवाद, जीवनभोगाइ, संस्कार आदिको सजीव चित्रण भई परिवेशप्रधान भएकाले **आगत** आञ्चलिक उपन्यास हो ।

## ५.२. सम्भावित शोधशीर्षकहरू

- **आगत** उपन्यासको समाजपरक विश्लेषण
- **आगत** उपन्यासका चरित्रको अध्ययन

# सन्दर्भसामग्रीको सूची


अधिकारी, अच्युतरमण. २०४९ साउन-असोज. 'एउटा भिक्षुको कथा'. **उन्नयन** (भिक्षु विशेषाङ्क). अङ्क १०. पृ. ४५४-४६१ ।

उपाध्याय, चूडामणि. २०३३. 'भीमनिधिका कथामा पाइने परिवेशको वर्गीकरण र विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रि.वि., नेपाली स्नातकोत्तर शिक्षा समिति, कीर्तिपुर ।

उप्रेती, गङ्गाप्रसाद. २०४९ साउन-असोज. '**आगत**को परिवेश र भिक्षुको औपन्यासिकता'. **उन्नयन** (भिक्षु विशेषङ्क). अङ्क १०. पृ. २२३–२३७ ।

एटम, नेत्र. २०६१. **समालोचनाको स्वरूप**. काठमाडौँ : साझा प्रकाशन ।

गौतम, दीपकप्रसाद. २०५८. '**आगत** उपन्यासको कृतिपरक अध्ययन'. अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रि.वि., ने.के.वि. ।

त्रिपाठी, वासुदेव. २०४९ साउन-असोज. 'भवानी भिक्षुको समष्टि कथायात्रा : एक रेखाङ्कन'. **उन्नयन** (भिक्षु विशेषाङ्क). अङ्क १०. पृ. ३४६-४५३ ।

नेपाल, घनश्याम. सन् १९८७. **आख्यानका कुरा.** सिलगढी : नेपाली साहित्य प्रचार समिति ।

पौडेल, तेजप्रसाद. २०४७. 'उपन्यासकार भवानी भिक्षुका औपन्यासिक कृतिहरूको विश्लेषण'. अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रि.वि., ने.के.वि. ।

प्रधान, कृष्णचन्द्रसिंह. २०६१. **नेपाली उपन्यास र उपन्यासकार.** चौ.सं., काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र. २०४०. **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि**. दार्जिलिङ : दीपा प्रकाशन ।

बराल, ईश्वर. २०४० भदौ. '**आगत**की सम्झना'. **गरिमा**. १:९. पृ. २५-३९ ।

__________ २०४२. 'नेपाली आञ्चलिक उपन्यास औ **यहाँदेखि त्यहाँसम्म**'. **यहाँदेखि त्यहाँसम्म**, लेखक धनुषचन्द्र गौतम. काठमाडौँ : साझा प्रकाशन, पृ.क-श ।

__________ २०५८. **आख्यानको उद्भव**. दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज. २०६३. **उपन्यासको सौन्दर्यशास्त्र**. दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

__________ २०६४. **साहित्य र समाज**. काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. २०५८. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**. दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, रमेश. २०४९ साउन-असोज. 'उपन्यासकार भवानी भिक्षु र उनको **आगत** उपन्यास'. **उन्नयन** (भिक्षु विशेषाङ्क). अङ्क १०. पृ. १५१-१६५ ।

भण्डारी, गोपालप्रसाद. २०५३. 'भवानी भिक्षुका कथामा मनोविज्ञान'. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि., ने.के.वि. ।

भिक्षु, भवानी. २०५०. **आगत**. दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद. २०५०. **मनोविश्लेषणात्मक समालोचना** (उपन्यास खण्ड). दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, देवीप्रसाद. २०५१. **आधुनिक नेपालको इतिहास**. ते.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार ।

सुन्दास, लक्खीदेवी. २०३४ असोज. '**आगत**का नारी पात्रहरू'. **मधुपक**. १०:५. पृ. ६५-७४ ।

सुवेदी, धनप्रसाद. २०५६. **नेपाली उपन्यासमा आञ्चलिकता**. खोटाङ : यादेवी ढकाल ।

सुवेदी, राजेन्द्र. २०६४. **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**. दो.सं., काठमाडौँ : साझा प्रकाशन ।